सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२५ चैत २०८२, बुधबार (8 Apr 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## कांग्रेस संसदीय दलको नेता चयनमा विलम्ब

नेता चयन गर्ने समिति दलको विधान अध्ययन गर्दै, दाबेदारलाई उपनेता, प्रमुख सचेतक, सचेतकलगायतको आश्वासन दिएर मनाउने प्रयास





दलको नेता चयन सहज बनाउन गठित समितिका संयोजक सहमहामन्त्री प्रकाश स्नेही रसाइली भन्छन्-

हामी संसदीय दलको विधान अध्ययन गर्दै छौं, यो हप्ताभित्र दलको नेता चयन हुन्छ। सहमतिमै दलको नेता चयन होस् भन्ने हाम्रो चाहना छ। सहमति जुट्न नसके प्रक्रियाबाट भए पनि टुंग्याउनुपर्छ।

**प्रेम गौतम**/नयाँ पत्रिका

आकांक्षीबिच समझदारी नबन्दा प्रमुख प्रतिपक्षी दल कांग्रेस संसदीय दलको नेता चयन विलम्ब भएको छ। आगामी सातासम्म सकेसम्म सर्वसम्मत दलको नेता चयन गर्ने गृहकार्यमा जुटेको कांग्रेसभित्र दाबेदारहरूलाई उपनेता, प्रमुख सचेतक र सचेतकलगायतको आश्वासन दिएर मनाउने प्रयास भएको छ। प्रमुख प्रतिपक्षी दलको नेता संवैधानिक परिषद्को सदस्य हुने प्रावधानका कारण यो पदको महत्त्व छ।

संसदीय दलको नेताका लागि नेता अर्जुननरसिंह केसी र भीष्मराज आङ्देम्बे प्रमुख दाबेदार मानिएका छन्। मुख्य दाबेदार नेता केसी र आङ्देम्बे दुवै समानुपातिक सांसद बनेका हुन्। प्रत्यक्ष निर्वाचितलाई दलको नेता बनाउनुपर्ने तर्क पनि कांग्रेसमा उठेको छ। मोहन आचार्य, भरत खड्का, निस्कल राईलगायतको पनि चर्चा छ।

कांग्रेसले भने दलको नेता चयन सहज बनाउन समिति गठन गरेको छ। सहमहामन्त्री प्रकाश स्नेही रसाइलीको संयोजकत्वमा गठन गरेको समितिले


» पृष्ठ २ मा क्रमशः

## संविधान संशोधनको मुद्दामा सरकारले कसरी गर्दै छ काम ?

शासकीय स्वरूपदेखि निर्वाचन प्रणालीसम्म संशोधन गरी लोकतन्त्र थप पारदर्शी र जनउत्तरदायी बनाउने ऐतिहासिक अवसर

### ■ संशोधनका विषय के हुन सक्छन् ?

● **राधेश्याम अधिकारी**
राष्ट्रिय सभाका पूर्वसदस्य एवं कानुनविद्



निर्वाचन पद्धति फेरबदल गर्दा समानुपातिक समावेशिताको सन्तुलन हुने गरी संशोधन जरुरी छ। एक वर्षमा प्रधानमन्त्रीले तीनपटक विश्वासको मत लिने, प्रदेशहरूमा ६ महिनामै पटक-पटक विश्वासको मत परीक्षणको विषयलाई सम्बोधन गरिनुपर्छ। राष्ट्रिय सभाबाट पारित भएर आएको विधेयक प्रतिनिधिसभामा पाँच वर्षसम्म थन्किने अवस्था छ, यसलाई परिमार्जन गर्नु जरुरी छ। प्रतिनिधिसभा नरहेका बेला बजेट किन अध्यादेशबाट ल्याउने ? बजेट राष्ट्रिय सभामा पढ्ने गरी मिलाउन सकिन्छ। संशोधनका लागि ठुला पार्टीबिच सहमति हुनु राज्य सञ्चालनका लागि फलदायी हुन्छ।

### ■ सरकारले कसरी गर्छ समन्वय ?

● **सस्मित पोखरेल**, प्रवक्ता, नेपाल सरकार



कार्यदलमा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि राखेर काम सुरु हुन्छ। कार्यदलले राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधनका लागि बहसपत्र तयार गर्छ। त्यसमा बृहत् छलफल गरेर संशोधनको प्रक्रिया अगाडि बढ्छ।

संविधान संशोधन कार्यदलमा मोहनलाल आचार्य रास्वपाका प्रतिनिधि, अन्य दलले अझै गरेनन् सिफारिस

**कमलराज भट्ट**/नयाँ पत्रिका

दशक लामो अभ्यास, राजनीतिक अस्थिरता, विवाद र जनअपेक्षाबिच सरकारले साझा एजेन्डामा सहमति जुटाउँदै संविधान संशोधन गर्ने गरी औपचारिक प्रक्रिया अघि बढाएको छ। अहिलेसम्म परिमार्जनको नारामा सीमित शासकीय स्वरूपदेखि निर्वाचन प्रणालीसम्मका विषय संशोधन गरेर लोकतन्त्रलाई थप पारदर्शी एवं जनउत्तरदायी गराउने गरी संविधान संशोधनको निर्णायक चरण सुरु गर्न लागिएको हो। यद्यपि, संविधान

» पृष्ठ २ मा क्रमशः

### संविधान संशोधनबारे दलहरूले घोषणापत्रमा के भनेका थिए ?

**रास्वपा**

सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरूबारे बहसपत्र तयार गर्नेछौं। पार्टीको तर्फबाट प्रारम्भिक छलफलका लागि पेस हुने विषयमा निम्न अवधारणा न्यूनतम पर्नेछन्- प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप।

**कांग्रेस**

समानुपातिक र समावेशी निर्वाचन प्रणालीलाई थप सुदृढ, न्यायपूर्ण र फराकिलो बनाउँदै निर्वाचन प्रणाली पुनरावलोकन गरी राजनीतिक स्थायित्वको प्रत्याभूति गर्ने। राष्ट्रपति एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल मात्र रहन पाउने र समानुपातिकतर्फ सांसद एकपटक अन्तिमपटक हुने व्यवस्था।

**एमाले**

नेपाली जनताको संविधानलाई राष्ट्रिय सहमतिका आधारमा अझ परिमार्जन गर्दै पुनः जीवन्त र क्रियाशील बनाएर व्यवहारमा कार्यान्वयन गरिछाड्ने घोषणा।

**नेकपा**

संविधान कार्यान्वयनको गम्भीर समीक्षा एवं पुनरावलोकन गरेर त्यसबाट निस्किएका निष्कर्षका आधारमा शासकीय स्वरूप र निर्वाचन प्रणालीलगायत विभिन्न पक्षमा परिमार्जन गर्ने। नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन तथा अत्यन्त खर्चिलो र भड्किलो अहिलेको निर्वाचन प्रणालीलाई सरल र कम खर्चिलो बनाइने।

निर्वाचित सांसदहरू विधायकी भूमिकामा रहने र हालको २५ बाट घटाएर विषयगत विज्ञहरू सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने। नयाँ प्रतिनिधिसभा गठन भएको एक वर्षभित्र संघीयता कार्यान्वयनका लागि आवश्यक सबै कानुनहरू तर्जुमा गरी प्रदेश र स्थानीय तहले संविधानबमोजिम प्राप्त गर्ने अधिकार उपभोग गर्ने वातावरण निर्माण गर्ने।

शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, खाद्य सुरक्षा, संस्कृति, भाषा विकासलगायतका मौलिक हक कार्यान्वयनका क्षेत्रमा संघीय बजेटको ६० प्रतिशत प्रदेश र स्थानीय तहबाट परिचालन गर्ने व्यवस्था गर्ने। राष्ट्रिय सभालाई उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेका व्यक्तिहरूको प्रतिनिधित्व हुने सभाको रूपमा स्थापित गर्ने।

प्रदेशको शासकीय स्वरूपमा परिमार्जन गरी प्रदेश सभा र प्रदेश सरकारको गठन तथा सञ्चालनमा प्रदेशका राजनीतिक दलहरूलाई नै जवाफदेही बनाइने।

आदिवासी आयोग, थारू आयोग, भाषा आयोग, जनजाति उत्थान प्रतिष्ठान, समावेशी आयोगलगायतका संवैधानिक आयोगहरूका बिच देखिएको अधिकार र कार्यक्षेत्रको दोहोरोपनलाई हटाई पुनर्संरचना गरिनेछ र आयोगहरूलाई स्रोतसाधन सम्पन्न बनाइने।

**श्रम शक्ति**

प्रत्यक्ष कार्यकारी राष्ट्रपति। दुई कार्यकाल। राष्ट्रपतिले राजनीतिक क्षेत्रबाहिरको विषयविज्ञ या सांसद जसलाई पनि लिएर आफ्नो पायकको सरकार गठन गर्न पाउने। सांसद सरकारमा गए सांसद पद निलम्बन हुने। देशद्रोह, भ्रष्टाचार या अनैतिक कृत्य गरेको पुष्टि भए संसद्ले महाभियोग लगाउन सक्ने। राष्ट्रपति नै राष्ट्र र सरकार दुवैको प्रमुख रहने। प्रतिनिधिसभामा प्रदेशको जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्व रहने। प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री।

**राप्रपा**

अभिभावकीय संस्थाको रूपमा राजसंस्था। वर्तमान खर्चिलो र अस्थिर निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधार। प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना। सर्वधर्म, समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र। गैरदलीय स्थानीय तह।

## ■ नदी र पार्क सफाइ अभियानमा महानगर



काठमाडौंको बुद्धनगर क्षेत्रमा सरसफाइ गरिएको बागमती नदी करिडोरको पार्क। काठमाडौं महानगरले अहिले आफ्नो क्षेत्रमा पर्ने खोला-नदी र पार्क सरसफाइ अभियान चलाएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

## सहकारी मुद्दा छिटो किनारा लगाउन अब 'विशेष इजलास'

सहकारी कसुरसम्बन्धी मुद्दा छिटो किनारा लगाउन समर्पित इजलास स्थापना गर्न सर्वोच्च अदालतको आदेश

नयाँ पत्रिका

सहकारी कसुरसम्बन्धी मुद्दा छिटो किनारा लगाउन जिल्ला अदालतहरूमा 'समर्पित इजलास' (विशेष इजलास) स्थापना गर्न सर्वोच्च अदालतले आदेश दिएको छ। सहकारीपीडितलाई शीघ्र न्याय दिन मुद्दाहरू छिटो किनारा लगाउन आवश्यक रहेको भन्दै सर्वोच्चले यस्तो आदेश दिएको हो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा रहेको प्रावधानविपरीत सहकारीहरूले बचत संकलन र ऋण प्रवाहको काम गरिरहेको भन्दै दायर रिटमा फैसला सुनाउँदै सर्वोच्चले विभिन्न निकायलाई आदेश दिएको छ। न्यायाधीशहरू कुमार रेग्मी र मेघराज पोखरेलको इजलासले गत ११ माघमा

» पृष्ठ २ मा क्रमशः



न्यायाधीश रेग्मी



न्यायाधीश पोखरेल

● न्यायाधीशहरू कुमार रेग्मी र मेघराज पोखरेलको इजलासले गत ११ माघमा गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा भनिएको छ-

सहकारी कसुरसम्बन्धी मुद्दाहरूको छिटो किनारा लगाउन जिल्ला अदालतहरूमा आवश्यकतानुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गर्नू र अध्ययनको निष्कर्षबमोजिम कार्यान्वयन गर्नू।

**कर्नर किक**

● रवि मिश्र




## पेट्रोलियमको मूल्य बढ्न नदिन सरकारले दियो मासिक तीन अर्ब कर छुट

भन्सार र पूर्वाधार करमा ५०% छुट, निगमले अब पेट्रोलमा १७.६१, डिजेलमा ११.०१ र मट्टीतेलमा ६.०१ रुपैयाँ छुट पाउने

**विशिष्ट पदाधिकारी तथा कर्मचारीको इन्धन सुविधामा कटौती**

## उद्योगले धरौटी एक प्रतिशत मात्रै राख्दा हुने, आयातमा निजी क्षेत्रलाई राहत



**विद्युतीय प्रणाली लाग् भएका भन्सार कार्यालयबाट आयात गर्दा राख्ने धरौटीमा छुटको व्यवस्था**

(विस्तृत पृष्ठ ६)

## वैदिक कृषिमा ज्ञानको स्रोत र अभ्यास



अग्रलेख

● भूपेन्द्र नीराजन खनियाँ

(पृष्ठ ४)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### आफ्नै मृत्युको प्रमाणपत्र बोकेर न्याय खोजिरहेका कुलबहादुर दर्जी

## वडासचिवले मृत्युदर्ता गरिदिए, परिवारले जग्गा बेचिदिए

गत पुसमै परिवारका सदस्य, जनप्रतिनिधि र वडासचिवविरुद्ध उजुरी दिन गएका दर्जीको प्रहरीले मुद्दासमेत दर्ता नै गरेन


झापामा **चिरञ्जीवी घिमिरे**

झापाको गौरादह नगरपालिका- ५, कोहबराका ५९ वर्षीय कुलबहादुर दर्जी आफ्नै मृत्युदर्ता बोकेर न्यायको खोजीमा हिँडिरहेका छन्। परिवार, जनप्रतिनिधि र वडासचिवको मिलेमतोमा दर्जीको मृत्युदर्ता बनाइदिएपछि समस्यामा परेका हुन्।

गौरादह- ५ वडा कार्यालयले २२ वैशाख ०७७ मा उनको मृत्युदर्ता गरेको थियो।

दर्जी भारतमा काम गर्न गएका बेला परिवारका सदस्यले उनको नामको जग्गा बिक्री गर्न मृत्युदर्ता गरेको खुलेको छ। मृत्युदर्ता गरेर श्रीमती नपटीदेवी दर्जीले गौरादह- ५ मा श्रीमान् कुलबहादुरको नाममा रहेको ११ कट्ठा जग्गा नामसारी गरी बिक्रीसमेत गरिसकेकी छिन्। कुलबहादुर रोजगारीका लागि भारत गएको समयमा जनप्रतिनिधि र कर्मचारीलाई प्रभावमा राखेर परिवारले मृत्युदर्ता गरेको कुलबहादुरको दाबी छ। 'लुगा सिलाउने

» पृष्ठ २ मा क्रमशः



**लुगा सिलाउने काम गरेरै जग्गा जोडेको थिएँ। कामको खोजीमा ०७४ सालमा म भारत गएँ। त्यो वेलामा श्रीमतीले जग्गा बेच्न आउनु भनेकी थिइन्। मैले भएको जग्गा किन बेच्ने भनेर आउन मानिनँ। म नआएपछि मेरो मृत्युदर्ता गरेर जग्गा बेचेछन्। पछि श्रीमतीले बिधुवा भत्ता खाएको थाहा पाएँ। आउँदा त मेरो मृत्युदर्ता भइसकेको रहेछ।**

### ■ जग्गा बिक्रीका लागि जनप्रतिनिधिले गरेका थिए सर्जमिन

मृत्युदर्ता मात्रै होइन, जनप्रतिनिधिले सर्जमिन गरेर दर्जीको नाममा रहेको ११ कट्ठा जग्गा बिक्रीका लागि हकवालाको रूपमा श्रीमती नपटीदेवीको नाममा नामसारी गर्न मालपोत कार्यालय दमकलाई सिफारिस गरिदिएका छन्। तत्कालीन वडाध्यक्ष (हाल नगरप्रमुख) छत्रपति सुवेदीले उक्त सर्जमिनलाई हस्ताक्षर र कार्यालयको छापसहित प्रमाणीकरण गरिदिएका छन्। उक्त सर्जमिन कागज १२ माघ ०७७ मा तयार गरिएको हो। उक्त सर्जमिन नयाँ पत्रिकासँग सुरक्षित छ।

मालपोत कार्यालय दमकलाई सिफारिस गर्नका लागि तयार गरिएको सर्जमिन कागजमा स्थानीय चारजनाले साक्षीमा हस्ताक्षर गरेका छन् भने रोहबरमा वडासदस्य गोमादेवी चेम्जोङ र काम तामेल गर्ने वडासचिव दिनेश भण्डारी थिए।

तत्कालीन गौरादह नगरपालिका- ५ का वडाध्यक्ष (हालका नगर प्रमुख) छत्रपति सुवेदीले नाता प्रमाणित सिफारिस, जोतभोग सिफारिस र जग्गा नामसारी सिफारिस गरिदिएका छन्। तर, दर्जीको जग्गा बिक्री प्रयोजनका लागि गरिएको सर्जमिन नै हचुवाको भरमा गरेको पाइएको छ। सर्जमिन गर्न गाउँ जानुपर्नेमा वडा कार्यालयमै गरिएको रोहबरमा बस्ने वडासदस्य गोमादेवी चेम्जोङले स्वीकार गरिन्। 'उनीहरू बसाइँ सरेर पथरी जानुभएको थियो। यहाँ घर नै थिएन। वडामा नै सही गरेको हो। श्रीमती र छोरा आएर भारतमा मरेको भनेपछि सही गरेँ। मरेको छ कि छैन त उनीहरूले जान्ने कुरा हो,' वडासदस्य चेम्जोङले नयाँ पत्रिकासँग भनिन्, 'साँच्चै भन्नुपर्दा मैले त्यो पढेको पनि थिइनँ। सधैं पनि वडासचिवले केही कागजमा सही गर्नुपर्ने छ है भन्थे। त्यसवेला पनि त्यही भने। मैले गरेँ। अहिले जीवितै छ भन्ने थाहा पायौं। उनकी श्रीमतीलाई बोलाएर निवेदन दिन लगाएर जिउँदो बनाउन कागज बनाएर वडाबाट नगरपालिका हुँदै माथि (जिल्ला प्रशासन) पठाएका छौं।'

आफू जीवित हुँदाहुँदै मृत्युदर्ता गरेर जग्गा हत्याउने परिवारका सदस्य, जनप्रतिनिधि र वडासचिवलाई कारबाही गर्नुपर्ने कुलबहादुरको माग छ। 'मलाई मृत्युदर्ता गर्नेलाई कारबाही हुनुपर्छ,' उनी भन्छन्, 'कारबाही गर्न माग गरेर प्रहरीकहाँ पुगेँ। तर, प्रहरीले मुद्दा दर्ता नै गरेन।'

मृत्युदर्ता भएको व्यक्ति जिउँदै आएपछि उनलाई धम्की आइरहेको दर्जी बताउँछन्। अहिले ठाउँ परिवर्तन गर्दै लुकेर बस्नुपरेको उनको भनाइ छ। जीवित मान्छेको हचुवाको भरमा मृत्युदर्ता गर्ने तत्कालीन वडासचिव (हाल इलाम मालपोतमा कार्यरत) दिनेश भण्डारीले भने यसबारेमा आफूलाई जानकारी नभएको बताए।

गौरादहका नगरप्रमुख (तत्कालीन वडाध्यक्ष) छत्रपति सुवेदीले भने परिवारका सदस्यले दिएको सूचनाको आधारमा मृत्युदर्ता गरेको दाबी गरे। 'यो कुरा सूचना दिने उनको परिवारले जान्ने हो। सूचनाको आधारमा मृत्युदर्ता गरेका हौं,' उनले भने, 'खबर पाएको कुलबहादुर अर्कै रहेछ भनेर परिवारले निवेदन दिएका छन्। त्यसलाई हामीले जिल्ला प्रशासन कार्यालयमा पठाएका छौं।' स्रोतका अनुसार दर्जी जीवित फर्किएपछि आफू अन्य जनप्रतिनिधिसहित कर्मचारी फस्ने डरले केही समययता उनी यो मुद्दा मिलाउन हिँडिरहेका छन्।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनको दफा ४१ (ग) अनुसार परिचयपत्र तथा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्तिका लागि झुटा विवरण पेस गर्ने वा त्यसका लागि गलत वा झुटा कागजात तयार गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र २० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ।

एसइई दिएर फर्किरहेका परीक्षार्थी सवार
दुई मोटरसाइकल जुध्दा लाग्यो आगो

## तीनजनाको मृत्यु, तीन घाइते

**महोत्तरी**/ महोत्तरीमा माध्यमिक शिक्षा परीक्षा (एसइई) को पाँचौँ दिन मंगलबार सामाजिक विषयको परीक्षा दिएर फर्किरहेका परीक्षार्थी सवार दुईवटा मोटरसाइकल एक-आपसमा ठोक्किएर आगलागी हुँदा तीनजनाको मृत्यु भएको छ। जलेको अवस्थामा उद्धार गरिएका घाइते तीनजनाको जनकपुरस्थित प्रादेशिक र रामजानकी अस्पतालमा उपचार भइरहेको छ। आगो दमकलको सहयोगमा नियन्त्रणमा लिएर घाइतेलाई अस्पताल पुर्‍याइएको थियो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका निमित्त प्रवक्ता रहेका प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार एकडारा गाउँपालिका- ५, गेना बथनाहा र जलेश्वर नगरपालिका- ७, बखरीको सीमास्थित जलेश्वर बर्दीबास सडकखण्डमा बिहान साढे ११ बजे दुई मोटरसाइकल एक-आपसमा ठोक्किएर आगलागी हुँदा तीनजनाको जलेर घटनास्थलमै मृत्यु भएको हो। 'दुर्घटनालगत्तै मोटरसाइकल जलेकाले नम्बर पहिचान हुन सककेको छैन। जाहेरी आएको छ, हामी भेरिफाई गर्दै छौँ,' उनले भने। दुर्घटनामा जलेश्वर नगरपालिका- ६, साहुजीपट्टीका १९ वर्षीय रवि दास, सोही ठाउँका सुभाष दास र एकडारा गाउँपालिका- ३, अजमरपट्टीका अभिषेक मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रादेशिक अस्पताल जलेश्वरमा शव पोस्टमार्टम गरेर आफन्तले बुझेका छन्।

प्रहरीका अनुसार दुर्घटनामा जलेश्वर नगरपालिका- ६ का १८ वर्षीय रोहित दास र सोही ठाउँका अभय कापरको रामजानकी अस्पताल जनकपुरको रामजानकी अस्पताल जनकपुरमा उपचार भइरहेको छ। त्यस्तै, एकडारा- ५, गेना बथनाहाका २० वर्षीय अजयकुमार कापरको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ। प्रहरीका अनुसार दुर्घटनामा ज्यान गुमाएका रवि र सुभाष तथा घाइते रोहित र अभय बखरी मावि बखरीमा परीक्षा दिएर फर्किरहेका थिए। उनीहरू महेन्द्र आदर्श महिला मावि जलेश्वरमा अध्यनरत थिए। अभिषेक र अजय उनीहरूका साथी रहेको प्रहरीले जनाएको छ।

## आज देशका धेरै ठाउँमा वर्षाको सम्भावना, हावाहुरी पनि चल्ने

**काठमाडौं**/ मंगलबार साँझबाट सक्रिय बनेको मौसमी प्रणालीका कारण आज बुधबार देशका धेरै ठाउँमा वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव छ। बुधबार देशभर बादल लाग्ने देखिन्छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका धेरै स्थान तथा कोशी र बागमतीका पहाडी र हिमाली भूभागका केही स्थानमा वर्षाको सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले बताए।

त्यस्तै, मधेश प्रदेश लगायत कोशी र बागमतीका तराई भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षाको सम्भावना छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली भूभागको एक-दुई स्थानमा भने भारी वर्षाको आकलन पनि गरिएको छ। 'मधेश, लुम्बिनी, गण्डकी, बागमती र कोशीका पहाडी र तराई भूभागमा केही स्थानमा हावाहुरीको पनि सम्भावना छ,' मौसमविद् लामिछानेले बताए। बुधबार राति यो प्रणालीले पूर्व र मध्य नेपालमा पनि वर्षा गराउने देखिन्छ। विभागका अनुसार राति कोशी, मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम पहाडी र हिमाली भूभागको धेरै स्थान तथा तराई भूभागका थोरै स्थानमा मध्यम वर्षाको सम्भावना छ।

बिहीबार भने यो प्रणाली कमजोर हुने आकलन गरिएको छ। तर, कोशी प्रदेश लगायत देशका पहाडी तथा हिमाली भूभागका केही स्थान तथा मधेशका एक-दुई स्थानमा भने मध्यम वर्षा हुने आकलन छ।

# हस्ताक्षर रोक्न एमाले संस्थापन सक्रिय

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

निर्वाचनको हारको जिम्मेवारीसहित पार्टी पुनर्गठनका लागि अध्यक्ष केपी ओलीले स्वैच्छिक राजीनामा नगरे विशेष महाधिवेशनको माग गर्ने इतर पक्षको गृहकार्य चलेपछि एमालेको संस्थापन पक्ष सक्रिय भएको छ। सोहीअनुसार एमाले नेतृत्वले पार्टी पुनर्गठनका लागि दबाब दिन विशेष महाधिवेशनको माग राखेर प्रतिनिधिहरूको हस्ताक्षर अभियान चलाउन खोजेका अभियानकर्मीसँग मंगलबार छलफल गरेको छ।

एमालेका कार्यवाहक अध्यक्ष रामबहादुर थापा बादल, उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेललगायतका नेताहरूले हस्ताक्षर अभियान चलाउन खोजेका अभियानकर्मीसँग पार्टी कार्यालयमा छलफल गरेका छन्। नेताहरूले पार्टीसम्बद्ध बुद्धिजीवी परिषद्का अध्यक्ष गजेन्द्र थपलिया, अनेरास्ववियुका उपमहासचिव कमल जोशी र राष्ट्रिय युवा संघका उपमहासचिव उपेन्द्र शाहीसँग छलफल गरेका हुन्। छलफलमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल पनि सहभागी थिए।

त्यसक्रममा थापाले पार्टीले चुनावको औपचारिक समीक्षाका लागि तल्लो तहबाट प्रतिवेदन मागिसकेको र केन्द्रीय कमिटी बैठकको मिति तय गर्न बाँकी रहेको अवस्थामा हस्ताक्षर अभियान चलाउनु गलत भएको बताएका थिए। उनले अध्यक्ष ओलीलाई प्रतिशोध साधेर गिरफ्तार गरेको अवस्थामा पार्टी एकतामा जोड गर्नुपर्नेसमेत धारणा राखेका थिए।

एमाले र नेतृत्वमाथि हमला भइरहेका वेला र पार्टीमा संस्थागत छलफल बाँकी नै रहेको वेला गलत समयमा हस्ताक्षर चलाउन खोजेको भन्दै पछि हट्न पनि कार्यवाहक अध्यक्ष थापाले आग्रह गरेका थिए। पार्टी कार्यकर्ताले आफ्ना फोरममा आलोचनात्मक ढंगले पनि कुरा राख्न तथा समीक्षा गर्न पाउने सार्वभौम अधिकार रहेको स्मरण गराएका थिए।

जवाफमा उनीहरूले चुनावको समीक्षामा ढिलाइ भइरहेको र तलसम्म कार्यकर्ता पंक्तिमा बढेको निराशा चिर्न पनि एमालेलाई पुनर्जीवित गरेर लैजान जरुरी भएको बताएका थिए। साथै अभियान चलाउन खोजेकाहरूले पार्टीलाई पुनर्गठनको दिशामा लैजानुपर्ने आमधारणा रहेको र त्यसको सम्बोधन अनिवार्य प्रस्टीकरण दिएका थिए।

छलफलमा पार्टीले बैठकमै चुनावी समीक्षा गरेर एउटा ठोस निष्कर्ष निकाल्ने र आमकार्यकर्ताको भावनासमेत सम्बोधन गर्ने गरी अघि बढ्ने गरी नै निर्णय लिन सक्ने भन्दै महासचिव पोखरेलले अभियानकर्मीलाई आश्वस्त बनाउन खोजेका थिए। उपाध्यक्ष विष्णु पौडेललगायतका नेताहरू भने ओलीको सम्मानजनक बहिर्गमनको पक्षमा छन्।



केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले हस्ताक्षर अभियान चलाउन खोज्ने कार्यकर्तासँग नेताहरूले केहीबेर छलफल गरेको भए पनि विषयवस्तुबारे जानकारी नभएको बताए। 'उहाँहरूबिच आधा घण्टाजति छलफल भएको हो, तर के-के कुराकानी भयो थाहा भएन,' उनले भने।

छलफलमा सहभागी बुद्धिजीवी परिषद्का अध्यक्ष थपलियाले आफूहरूले अभियानको उद्देश्य प्रस्ट्याएको र नेताहरूले पार्टी प्रणाली र देशको अहिलेको अवस्थाबारे जानकारी गराएको बताए। 'कुरा सुन्ने र राख्ने दुवै काम भयो, पार्टीलाई कसरी राम्रो र बलियो बनाएर जाने भन्ने दिशामा कुराकानी गरिएको हो,' उनले भने।

सरकारी मिडियालाई
मात्र सरकारी विज्ञापन
दिने निर्णयविरुद्ध रिट

## सर्वोच्चले दुवै पक्षलाई छलफलका लागि डाक्यो

**काठमाडौं**/ सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने सरकारको निर्णयविरुद्ध दायर रिटमाथि सर्वोच्च अदालतले छलफलका लागि दुवै पक्षलाई डाकेको छ। अनन्तराज लुइँटेलसमेतले दायर गरेको र राहुलकुमार साहले दायर गरेको रिटउपर सर्वोच्चले सरकार र रिटपक्षलाई डाकेको हो।

२३ चैतमा दर्ता भएका यी निवेदनमाथि मंगलबार न्यायाधीश मेघराज पोखरेलको इजलासले सुनुवाइ गरेको थियो। ३० चैतको पेसी दिई दुवै पक्षलाई अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि सर्वोच्चले डाकेको हो। एकल इजलासले रिटमाथि कारण देखाउ आदेशसमेत जारी गरेको छ। विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ माग भएको छ।

जारी आदेशमा छ, '..अन्तरिम आदेश माग भएतर्फ विचार गर्दा एकातर्फ प्रेस स्वतन्त्रताको हकमा प्रतिकूल असर परेको भन्ने निवेदन दाबी देखिन्छ भने अर्कोतर्फ नेपाल सरकारको मिति २०८२/१२/१८ को परिपत्रबाट सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरूपता र पारदर्शिता ल्याउन सचिवस्तरीय निर्णय भएको भन्ने देखिँदा विषयवस्तुको प्रकृति र गम्भीरता हेर्दा अन्तरिम आदेश जारी हुने, नहुने निष्कर्षमा पुग्न दुवै पक्षहरू राखी छलफल गरी निष्कर्षमा पुग्नु मनासिब देखिन्छ।'

सरकारले हालै मात्र तीनै तहबाट प्रकाशित हुने सूचना तथा सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई दिनुपर्ने परिपत्र गरेको थियो। सरकारी खर्चमा पारदर्शिता ल्याउन उक्त निर्णय गरिएको सरकारको दाबी छ।

## कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

दलको विधान अध्ययन र आंकाक्षीसँग संवाद थालेको छ। सभापति गगन थापाले रसाइलीको नेतृत्वमा राजु कटुवाल र मुना भुसाल सदस्य रहेको समिति गठन गर्दै सहमतिका लागि प्रयास गर्न 'म्यान्डेड' दिएका थिए।

कांग्रेस नेता केसीले ज्येष्ठ सदस्यको हैसियतमा आइतबारसम्म संसद् सञ्चालन गर्नुपरेका कारण संसदीय दलको नेता चयन प्रक्रिया अघि बढ्न नसकेको, तर अब प्रक्रिया अघि बढ्ने पार्टी सहमहामन्त्री रसाइलीले बताए। उनले पार्टीको मधेश प्रदेशमा २५ चैतका कार्यक्रम सम्पन्न भइसकेपछि नेता चयनका लागि छलफल सुरु गर्ने बताए।

संसदीय दलको विधान अध्ययनको क्रममा रहेको र यो हप्ताभित्र नेता चयन हुने उनले बताए। 'हामी संसदीय दलको विधान अध्ययन गर्दै छौँ, यो हप्ताभित्र दलको नेता चयन हुन्छ,' रसाइलीले नयाँ पत्रिकासँग भने, 'सहमतिमै दलको नेता चयन होस् भन्ने हाम्रो चाहना छ। सहमति जुट्न नसके प्रक्रियाबाट भए पनि टुंग्याउनुपर्छ।'

संस्थापन पक्षले केसीलाई संसदीय दलको नेता बनाउन चाहेको छ। तर, सहमति नभए युवापुस्ताबाट नेता चयन हुन सक्ने संस्थापन पक्षीय एक नेताले बताए। शेरबहादुर देउवा पक्षको शक्ति र छनोटको समेत मूल्यांकन भइरहेको ती नेताको भनाइ छ। 'विगतमा देउवा समूहमा रहेका भनिएका सांसदहरू बदलिनुभएको छ। कतिपय त तटस्थ हुनुहुन्छ। सबैको मनोविज्ञान बुझेर, सबैसँग व्यक्तिगत सरसल्लाह गरेर त्यसआधारमा सहमतिका लागि अघि बढौँ भन्ने छ,' सभापति थापानिकट एक नेताले भने।

प्रवक्ता देवराज चालिसेले सहमहामन्त्री स्नेहीको नेतृत्वमा गठित समितिले सहमतिका आधारमा संसदीय दलको नेता चयनका लागि पहल गर्ने बताए। 'कांग्रेसले यथाशीघ्र संसदीय दलको नेता चयन गर्नेछ। बृहत् पार्टी एकतालगायतका विषय ध्यानमा राख्दै सर्वसम्मत रूपमा संसदीय नेता चयन गर्ने प्रयास हुनेछ,' प्रवक्ता चालिसेले भने।

संसद्मा राष्ट्रिय मान्यता प्राप्त ६ मध्ये रास्वपा, एमाले, नेकपा, राप्रपा र श्रम संस्कृति पार्टीले संसदीय दलको नेता चयन गरिसकेका छन्। २१ फागुनको निर्वाचनमा प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी कांग्रेसले जम्मा ३८ सिट जितेको छ। यद्यपि, दोस्रो ठुलो दलको हैसियतमा कांग्रेस संसद्को प्रमुख प्रतिपक्ष दल हो। कांग्रेस संसदीय दलको विधानमा नेता चयनसम्बन्धी दफा ५ को उपदफा (१) र (२) मा व्यवस्था छ। उपदफा १ मा 'संसदीय दलमा रहेका प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेता निर्वाचित गर्ने' र उपदफा २ मा 'एकभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा निर्वाचन हुने' उल्लेख छ। ०६४ को पहिलो संविधानसभादेखि कांग्रेसमा दलको नेता सर्वसम्मत रूपमा नभएर निर्वाचनबाट चयन हुँदै आएका छन्।

## सहकारी मुद्दा...

पृष्ठ १ बाट क्रमशः

गरेको फैसलाको पूर्णपाठ सर्वोच्चबाट हालै सार्वजनिक भएको हो।

सर्वोच्चको आदेशमा भनिएको छ, 'सहकारी कसुरसम्बन्धी मुद्दाहरूको छिटो किनारा लगाउन जिल्ला अदालतहरूमा आवश्यकताअनुसार समर्पित इजलास स्थापना गर्न अध्ययन गर्नु र अध्ययनको निष्कर्षबमोजिम कार्यान्वयन गर्नु।' सहकारी ठगीसम्बन्धी मुद्दा वर्षौँसम्म फैसला नहुँदा पीडितहरूले आफ्नो बचत फिर्ता पाउन सकेका छैनन्। यही सन्दर्भमा सर्वोच्चले यससम्बन्धी समर्पित इजलासमार्फत छिटो मुद्दाको किनारा लगाउन भनेको हो। सर्वोच्चले पीडित सदस्यमध्ये एकल महिला, ६० वर्षमाथिका ज्येष्ठ नागरिक, दलित तथा आदिवासी जनजाति समुदाय र अपांगता भएका व्यक्तिलाई राहत वितरणमा प्राथमिकता दिन भनेको छ।

सहकारीपीडित राहत कोष बनाउन पनि आदेश दिएको छ। फैसलामा भनिएको छ, 'यो आदेश प्राप्त भएपछि यथाशीघ्र 'सहकारीपीडित राहत कोष' स्थापना गर्नू। यो कोषमा रकम संकलनका स्रोत देहायबमोजिम हुन सक्छन्- कसुरदार ठहर भएका पदाधिकारीहरू तथा अपचलनकर्ताको सम्पत्ति जफतबाट प्राप्त रकम, सहकारी संस्थाहरूको वार्षिक कारोबारको निश्चित प्रतिशत सहकारी विकास शुल्क र नेपाल सरकारको वार्षिक बजेट विनियोजनबाट प्राप्त रकम।' समयबद्ध क्षतिपूर्ति योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि अदालतले औँल्याएको छ।

सर्वोच्चले राजनीतिक संरक्षणजस्ता कारणले पनि वर्षौँसम्म मुद्दा किनारा लाग्न नसकेको निष्कर्ष निकालेको छ। फैसलामा भनिएको छ, 'ऐनमा भएको दण्ड सजायको व्यवस्था अप्रभावकारी कार्यान्वयन सहकारी क्षेत्रको संकटलाई दीर्घकालीन बनाउने प्रमुख कारण रहेको देखिन्छ। यसका साथै प्रशासनिक कारबाही प्रक्रिया यति लामो र जटिल छ कि अभियुक्तहरू वर्षौँसम्म कुनै परिणाम भोग्न नपर्ने अवस्थामा रहन्छन्। अनुसन्धान र अभियोजनमा अत्यधिक ढिलाइ, प्रमाण संकलनमा कमजोरी र अभियुक्तहरूको राजनीतिक संरक्षणजस्ता कारणले थुप्रै मुद्दाहरू वर्षौँसम्म किनारा लाग्न नसकेको देखिन्छ।'

### स्वतन्त्र छानबिन आयोग गठन गर्न आदेश

सर्वोच्चले पछिल्लो १० वर्षमा भएका सहकारी हिनामिनाको घटनाको व्यापक छानबिन गर्न स्वतन्त्र छानबिन आयोग गठन गर्न पनि आदेश दिएको छ। 'यो आदेश प्राप्त भएपछि यथाशीघ्र विज्ञहरू रहने गरी एक स्वतन्त्र सहकारी छानबिन आयोग गठन गर्नू,' आदेशमा भनिएको छ, 'यो आयोगले विगत १० वर्षमा भएका सहकारी हिनामिनाका सबै घटनाहरूको व्यापक छानबिन गरी प्रतिवेदन पेस गर्नुपर्नेछ।'

कसुरदार ठहरिएका पदाधिकारी र ऋण अपचलनकर्ताको स्वदेश तथा विदेशमा रहेका सम्पत्ति जफतको प्रक्रिया अघि बढाई क्षतिपूर्तिमा प्रयोग गर्न पनि भनिएको छ। सर्वोच्चले विपन्न, महिला र सीमान्तकृत वर्गका सहकारीपीडितलाई निःशुल्क कानुनी सेवा दिन पनि भनेको छ।

उद्देश्यबाहिरका लगानी संस्थामा फिर्ता गर्न, निक्षेप बिमा योजनाको अनिवार्य व्यवस्था गर्न भनिएको छ। नियमनका लागि संघ, प्रदेश र स्थानीय तहबिच स्पष्ट कार्यविभाजन गर्ने गरी नियमावली बनाउन, ५० करोडभन्दा धेरै बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थानको निरीक्षणका लागि राष्ट्र बैंकले यथाशीघ्र मापदण्ड र कार्यविधि बनाउन भनिएको छ। ठुला रकम कारोबार गर्ने संस्थाका अध्यक्ष र प्रमुख कार्यकारीलाई वित्तीय साक्षरता अनिवार्य गर्ने, लेखा सुपरिवेक्षण समितिलाई प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था गर्न सर्वोच्चको आदेश छ।

तत्काल सुधारका लागि देशभरका समस्याग्रस्त सहकारी संस्थाको एक राष्ट्रिय डिजिटल सूची बनाएर सम्पूर्ण विवरण त्यसमा राख्न आदेश दिइएको छ। त्यस्तै, समस्याग्रस्त सहकारीका पदाधिकारीको सम्पत्ति तत्काल रोक्का राख्ने तथा ठुलो रकम कारोबार गर्ने सहकारी संस्थाहरूको बिशेष लेखापरीक्षण गर्नुपर्नेमा जोड दिइएको छ।

सर्वोच्चले आदेशको कार्यान्वयनमा जोड दिँदै फैसलामा भनेको छ, 'पसिनाको कमाइ गुमाएर न्यायको आसमा बसेका हजारौँ सहकारीपीडितहरूको पीडा यो इजलासले महसुस गरेको छ। उनीहरूको संवैधानिक अधिकारको सुनिश्चितता र भविष्यमा यस्तो दुर्दशाको पुनरावृत्ति नहोस् भन्ने उद्देश्यले यो निर्देशनात्मक आदेश जारी गरिएको हो। तसर्थ राज्यका सम्बन्धित निकायहरूले यो आदेशलाई केवल कानुनी दायित्वका रूपमा मात्र नभई समग्र सामाजिक न्यायको प्रत्याभूति दिने एक अवसरका रूपमा लिने विश्वास यो इजलासले लिएको छ।'

अधिवक्ताहरू रवीन्द्रप्रसाद शर्मा, धर्मप्रसाद पौडेल र हिमेशकृष्ण खरेलले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ र ७८ विपरीत बचत तथा ऋण सहकारी संस्थाहरूले बचत संकलन गरी कर्जा प्रवाह गरिरहेको भन्दै ती सहकारीको दर्ता खारेज गरी कारबाहीको माग गर्दै दुई वर्षअघि रिट दर्ता गराएका थिए। सर्वसाधारणबाट निक्षेप उठाउनु र सदस्यहरूको रकम बचत गर्नु फरक विषय भएको भन्दै सर्वोच्चले रिट खारेज गरिदिएको छ। सहकारी ऐनअनुसार सहकारी संस्थाहरूले बचत लिएर ऋण प्रवाह गर्नुलाई राष्ट्र बैंकको ऐन आकर्षित नहुने सर्वोच्चको ठहर छ।

## आफ्नै मृत्युको...

पृष्ठ १ बाट क्रमशः

काम गरेरै जग्गा जोडेको थिएँ। कामको खोजीमा ०७४ सालमा म भारत गएँ। त्यो वेलामा श्रीमतीले जग्गा बेच्न आउनु भनेकी थिइन्। मैले भएको जग्गा किन बेच्ने भनेर आउन मानिनँ,' उनले भने, 'म नआएपछि मेरो मृत्युदर्ता गरेर जग्गा बेचेछन्। पछि श्रीमतीले बिधुवा भत्ता खाएको थाहा पाएँ। आउँदा त मेरो मृत्युदर्ता भइसकेको रहेछ।'

घरमा झैझगडा भएका कारण बस्न नसकेर उनी भारत गएको बताउँछन्। २२ वैशाख ०७७ मा उनको मृत्युदर्ता भएको देखिएको छ। मृत्युदर्ता भएपछि घरमा आउँदा श्रीमती र छोरा सन्तोषले कुटपिट गरेका कारण बस्न नसकेको उनले बताए। अहिले गौरादहमा जग्गा बेचेर उनको परिवार मोरङ पथरी-शनिश्चरे गएको छ। भारतबाट फर्किएर त्यहाँ पुगेका उनलाई परिवारले राम्रो व्यवहार नगरेको बताए। 'छोरा र श्रीमती भएर कुटपिट गरे। खुकुरी देखाएर हत्या नै गर्न खोजे। मृत्युदर्ता भएको मान्छे मर्दा केही हुँदैन भने,' उनी भन्छन्, 'अत्याचार भएपछि मैले पथरी-शनिश्चरेको वडाध्यक्ष बोलाएँ। उनीहरूले पाँच लाख दिने र मृत्युदर्ताबाट नाम हटाउने कागज गरे। तर, दुवै सर्त पूरा गरेनन्।'

नेपटीदेवीको सूचनाका आधारमा तत्कालीन वडासचिव दिनेश भण्डारीले दर्जीको मृत्युदर्ता गरिदिएका हुन्। उनी हाल मालपोत कार्यालय मंगलबारे इलाममा कार्यरत छन्। भारतमा मृत्यु भएको सूचनाको आधारमा उनको मृत्युदर्ता गरिएको थियो। मृत्यु भएको हो कि होइन सामान्य नबुझीकनै वडाले दर्ता गरेपछि अहिले हातमा मृत्युदर्ताको प्रमाणपत्र बोकेर दर्जी आफू जिउँदो भएको बताउँदै हिँडिरहेका छन्।

०८२ जेठमा दर्जी घर फर्किए। त्यसपछि मात्रै उनले आफ्नो मृत्युदर्ता गरेर घरजग्गासमेत बेचिसकेको थाहा पाए। पछिल्लो समय परिवारको तर्फबाट 'मृत्यु भएका कुलबहादुर अर्कै रहेछन्' भनेर वडा कार्यालयमा निवेदन दिएका छन्। जसलाई नगरपालिकाले जिल्ला प्रशासन कार्यालयमा पठाएको छ। स्रोतका अनुसार दर्जी जीवित फर्किएपछि आफू अन्य जनप्रतिनिधिसहित कर्मचारी फस्ने डरले केही समययता उनी यो मुद्दा मिलाउन हिँडिरहेका छन्।

## संविधान...

पृष्ठ १ बाट क्रमशः

संशोधनसम्म पुग्न मुद्दाहरूमा सहमतिदेखि प्रक्रियासम्मका लागि भने केही समय लाग्नेछ। राष्ट्रिय एजेन्डा बनिसकेको संविधान संशोधनका लागि विषयहरूको पहिचान र अधिकतम सहमति जुटाउन जेन-जी आन्दोलनको म्यान्डेटसहित बालेन्द्र शाह नेतृत्वमा बनेको दुईतिहाइ सरकारले गृहकार्य थालिसकेको छ। यसैअनुसार मन्त्रिपरिषद्ले 'संविधान संशोधनका लागि बहसपत्र तयार पार्न' प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको अध्यक्षतामा कार्यदल गठन गरेको छ। कार्यदलमा संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको प्रतिनिधि रहने छ। रास्वपाबाहेकका दलहरूले नाम सिफारिस गर्न बाँकी छ।

कार्यदलले दल, संविधानविद्, कानुनविद्, नागरिक समाज, सरोकारवाला तथा आमनागरिकसँग संशोधनका विषयमा छलफल गरेर बहसपत्र बनाउनेछ। निर्वाचनमा सबैजसो दलहरूले घोषणापत्रमा संविधान संशोधन गर्ने विषय राखेका थिए। यद्यपि, उनीहरूका विषयमा भने एकरूपता छैन। संविधान जारी भएदेखि नै यसका कैयौँ मुद्दा संशोधनको माग गर्दै आएका मधेशकेन्द्रित दलहरू भने यसपटक प्रतिनिधिसभामा आएका छैनन्।

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार सबै दलले संविधान संशोधनको प्रतिबद्धता जनतासामु गरेकाले यसलाई साझा विषय बनाएर अगाडि बढाउन खोजिएको छ। कार्यदलले संविधानविद्, कानुनविद्, नागरिक समाज, सरोकारवाला तथा आमनागरिकसँग संशोधनका विषयमा छलफल गर्नेछ। 'कार्यदलमा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि राखेर काम सुरु हुन्छ। कार्यदलले राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधनका लागि बहसपत्र तयार गर्छ। त्यसमा बृहत् छलफल गरेर संशोधनको प्रक्रिया अगाडि बढ्छ,' मन्त्री पोखरेलले भने।

सरकारले १४ चैतमा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० वटा कार्यसूचीमा संविधान संशोधनलाई प्राथमिकतासाथ राखिएको छ। कार्यसूचीको चार नम्बरमा 'देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने' उल्लेख छ।

साथै 'नेपालको संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा निर्वाचनमार्फत व्यक्त जनादेशलाई संस्थागत रूपले कार्यान्वयन गर्न निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतापत्रहरूमा समावेश कार्यान्वयनयोग्य विषयहरूको संश्लेषण गरी 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने एवं सोमा सरकारको साझा स्वामित्व स्थापित गर्ने' पनि भनिएको छ।

अन्तरिम सरकारले २४ मंसिरमा जेन-जीसँग गरेको १० बुँदे सम्झौतामा पनि संविधान संशोधन सुझाव आयोग गठन गर्ने उल्लेख गरेको थियो। सम्झौतापत्रमा संविधान संशोधन गर्न स्वतन्त्र विज्ञ, जेन-जी र युवासहित सरोकारवालाहरूको सहभागिता रहने गरी उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग गठन गरिने उल्लेख छ। आयोगले संवैधानिक, कानुनी तथा संस्थागत सुधारका विषयहरूको पहिचान, अध्ययन र विश्लेषण गरी अग्रगामी परिवर्तनका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने भनिएको छ।

त्यस्तो आयोगलाई चारवटा कार्यादेश दिइने भनिएको छ। संविधान कार्यान्वयनको १० वर्षको अध्ययन गर्ने, उपलब्धि र कमजोरी पहिचान तथा कार्यान्वयनको प्रभावकारिताका लागि ठोस सुझाव दिने पहिलो कार्यादेश छ।

दोस्रोमा सुशासन कायम गर्न, अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार निवारण गर्न, स्वार्थको द्वन्द्वको निराकरण गर्न, संविधानको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपाय खोज्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकांक्षाको समीक्षा गरी समयानुकूल संविधान संशोधनका लागि सुझाव दिने भनिएको छ। तेस्रोमा भ्रष्टाचार निवारणसम्बन्धी गठन गरिने छुट्टै स्थायी प्रकृतिको आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने सम्बन्धमा सुझाव दिने भनिएको छ। र, चौँथो कार्यादेश संघीय संसद् र प्रदेश सभाको संरचनाबारे जनताको राय संकलन गर्ने भनिएको छ।

राय संकलन गर्दा जनसंख्याको आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधार, उत्पीडित, पछाडि पारिएका वर्ग, क्षेत्रका नागरिकको प्रतिनिधित्व सुनिश्चित गर्न सुधारात्मक व्यवस्थाबारे बुझ्ने भनिएको छ।

यसैगरी, राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रिपरिषद्का सदस्यको कार्यकाल १० वर्षमा नबढ्ने गरी दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने विषयमा जनताको सुझाव लिने भनिएको छ। आयोगले प्रतिनिधिसभा, प्रदेश सभा र स्थानीय तहको जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने विषयमा पनि सुझाव लिनेछ।

यसैगरी, न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्यायपरिषद्लाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढंगले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधारको सुझाव लिनेछ। यसैगरी, राजनीतिक दलहरूको आन्तरिक समावेशी लोकतन्त्र र सुशासनका क्षेत्रमा गर्नुपर्ने सुधारका उपाय पनि पहिल्याउनेछ।

यता रक्षा बम नेतृत्वको जेन-जी फ्रन्टले प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको नेतृत्वमा संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने कार्यदल गठन गर्ने मन्त्रिपरिषद्को निर्णयप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ। आफूहरूसँग भएको सम्झौताअनुसार स्वतन्त्र विज्ञ, जेन-जी र युवासहित सरोकारवालाको सहभागिता रहने गरी उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्नेमा एकलौटी रूपमा बहसपत्र कार्यदल बनाई उल्लिखित सम्झौताको कार्यान्वयनमा सशंकित बनाएको विज्ञप्तिमा उल्लेख छ। जेन-जी सम्झौता कार्यान्वयनमा गम्भीर बनी उच्चस्तरीय सुझाव आयोग गठन गर्ने प्रक्रियाको बारेमा यथाशीघ्र जानकारी प्रदान गर्न सरकारसमक्ष जोडदार माग गरिएको छ।

'जेन-जी विद्रोहको म्यान्डेटअनुरूप नै संविधानका आधारभूत मर्म अक्षुण्ण राख्दै सामाजिक आर्थिक रूपान्तरण, समतामूलक समृद्धि, दिगो शान्ति, दिगो विकास र अग्रगामी परिवर्तनका पक्षमा बहस गर्नका लागि हामी उल्लिखित कार्यदल र उच्चस्तरीय आयोगलाई हार्दिक अपिल गर्दछौँ,' विज्ञप्तिमा भनिएको छ। नेपालमा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, जेन-जी विद्रोहलगायतका आन्दोलनहरूबाट हासिल उपलब्धि, नागरिक एवं राजनीतिक अधिकार, समानतामा आधारित समावेशी राज्य प्रणाली र सामाजिक र आर्थिक न्यायका मुद्दामा प्रतिगामी र यथास्थितिवादी कदम चालिए सशक्त प्रतिरोध गर्ने जेन-जी फ्रन्टको चेतावनी छ।

विज्ञहरूले संविधान संशोधनका लागि कैयौँ मुद्दाहरू रहेको प्रतिक्रिया दिएका छन्। राष्ट्रिय सभाका पूर्वसदस्य एवं कानुनविद् राधेश्याम अधिकारीका अनुसार संविधानको अभ्यासका क्रममा धेरै बुँदा संशोधन गर्नुपर्ने देखिएको छ। अधिकारी सबैभन्दा पहिले निर्वाचन पद्धतिको बारेमा निष्कर्षमा पुग्नुपर्ने औँल्याउँछन्। 'निर्वाचन पद्धति फेरबदल गर्दा समानुपातिक समावेशिताको संरक्षण नगरी अगाडि बढ्न सकिन्न। तर, अहिले जुन हिसाबले प्रयोग भएको छ, त्यो परिणाममुखी छैन। दुवैको सन्तुलन हुने गरी संशोधन जरुरी छ,' उनले भने। अधिकारीले सरकारको गठन र विघटनको सम्बन्धमा देखिएको अन्योल पनि संशोधनमार्फत निराकरण गर्नुपर्ने बताउँछन्। 'दुई वर्षसम्म अविश्वासको प्रस्ताव नल्याउने भन्यौँ। तर, एक वर्षमा प्रधानमन्त्रीले तीनपटक विश्वासको मत लिने, प्रदेशहरूमा ६ महिनामै पटक-पटक विश्वासको मत परीक्षणको विषयलाई सम्बोधन गरिनुपर्छ,' उनले भने।

संसद् सञ्चालनकै विषयमा पनि संशोधन जरुरी रहेको उनले औँल्याए। 'प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा पुगेको विधेयक ६० दिनभित्र पारित हुनुपर्ने संवैधानिक समयसीमा छ। तर, राष्ट्रिय सभाबाट पारित भएर आएको विधेयक प्रतिनिधिसभामा पाँच वर्षसम्म थन्किने अवस्था छ, यसलाई परिमार्जन गर्नु जरुरी छ,' उनले भने। बजेट निर्माणमा पनि बेथिति रहेको भन्दै अधिकारीले यसलाई संशोधनमार्फत सच्याउनुपर्ने बताए। 'सांसदको बलमिच्याइँले सरकारमा रहेको पार्टीले आफूले चाहँदा पनि केही गर्न सकेको छैन। संघले खुद्रा योजनामा हात हाल्नुपरेको छ। प्रदेशहरूले मनपरी सांसदहरूलाई रकम बाँड्ने प्रवृत्ति देखियो। यो अराजकता टुंगो लगाउनुपर्नेछ,' उनले भने। कानुनविद् अधिकारीले संवैधानिक आयोग १० वर्षमा पुनरावलोकन गर्नुपर्ने विषय पनि रहेको बताए। यसैगरी, संवैधानिक परिषद्को उपयोगिता र उपयुक्ततामा प्रश्न उठेकाले सम्बोधन गर्न जरुरी रहेको बताए। 'राज्यका सबै पक्षको सहभागितामा निर्णय होस् भन्ने मनसाय हो। तर, अहिले परिषद् एउटा पार्टी, गुट र उपगुटमा परिणत भएकाले औचित्य छ कि छैन, क्याबिनेटबाटै निर्णय गर्दा कसो होला भन्ने प्रश्न छ,' उनले भने।

न्यायपरिषद्बाट हुने न्यायाधीश नियुक्तिमा हरेकपटक खैलाबैला हुनु उपयुक्त नभएको भन्दै यसमा पनि संविधानको व्यवस्था पुनरावलोकन जरुरी रहेको संविधानविद् अधिकारीले बताए। बजेट राष्ट्रिय सभामा वाचन गर्ने कुरा पनि संशोधन विषय हुनुपर्ने उनको मत छ। 'प्रतिनिधिसभा नरहेको वेला बजेट राष्ट्रिय सभामा पढ्न किन नहुने ? अध्यादेशबाट किन ल्याउने ? यो विषय पनि टुंग्याउनुपर्छ,' उनले भने। यस्तै, अभ्यासबाटै अन्य थुप्रै विषय पनि संशोधन गर्नुपर्ने देखिएको अधिकारीले सुनाए। 'संशोधनका लागि ठुला पार्टीबिच सहमति हुनु राज्य सञ्चालनका लागि फलदायी हुन्छ,' अधिकारीले भने।

### संविधान संशोधनको प्रक्रिया र संसदीय अंकगणित

संविधानको धारा २७४अनुसार सबैभन्दा पहिले संविधान संशोधन विधेयक संघीय संसद्को कुनै सदन (प्रतिनिधिसभा वा राष्ट्रिय सभा)मा दर्ता गर्नुपर्छ। यस्तो विधेयक नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र सार्वभौमसत्ताअनुकूल हुनुपर्छ। विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्छ।

सर्वसाधारणको सुझावसहित सांसदहरूले विधेयकमा आफ्नो धारणा राख्छन्। सदनमा मत विभाजनबाट निर्णय हुन्छ। हुबहु वा संशोधनसहित विधेयक पारित हुन्छ। विधेयक पारित गर्न संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमत चाहिन्छ। पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिन्छ। प्रमाणीकरण भएपछि संविधान संशोधन हुन्छ। तर, संविधानअनुसार कुनै प्रदेशको सिमाना परिवर्तन संशोधन गर्नुपर्ने भएमा भने सम्बन्धित प्रदेशको सहमति लिनुपर्नेछ। सम्बन्धित प्रदेश सभाको दुईतिहाइले विधेयक स्वीकृत गरेर पठाउनुपर्छ।

३३४ सदस्यीय संघीय संसद्मा दुईतिहाइका लागि २५१ सदस्य आवश्यक पर्छ। २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभामा छुट्टाछुट्टै भोटिङ हुन्छ। प्रतिनिधिसभामा २०७ र राष्ट्रिय सभामा कम्तीमा ४४ सदस्य चाहिन्छ।

### संविधान संशोधन कार्यदलमा आचार्य रास्वपाका प्रतिनिधि, अन्य दलले अझै गरेनन् सिफारिस

संविधान संशोधनको बहसपत्र तयार गर्ने गरी सरकारद्वारा गठित कार्यदलमा संसद्को पहिलो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीले अधिवक्ता मोहनलाल आचार्यलाई प्रतिनिधिका रूपमा पठाएको छ। कानुनी पृष्ठभूमि र अनुभवका आधारमा आचार्यलाई प्रतिनिधिका रूपमा अघि सारेको रास्वपाले जनाएको छ। कार्यदलमा संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको प्रतिनिधित्व रहनेछन्। रास्वपाबाहेक अन्य दलले भने सदस्य सिफारिस गरेका छैनन्। १६ चैत्रमा बसेको मन्त्रिपरिषद् बैठकले संविधान संशोधनको बहसपत्र तयार गर्न प्रधानमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा कार्यदल गठन गरेको थियो।

# लाङटाङ राष्ट्रिय निकुञ्जको रेडलाइन क्षेत्रमा हाइड्रोपावरद्वारा विस्फोट र वन फँडानी

सिन्धुपाल्चोक १ का सांसद भरत पराजुलीको ३६.५ मेगावाटको ब्रह्मायणी, १५.१५ मेगावाट अपरब्रह्मायणी र सात मेगावाटको हाइड्रोपावर बनाउँदा वातावरण विनाश





जुगल गाउँपालिका- २, दीपुमा ३६.५ मेगावाट क्षमताको ब्रह्मायणी हाइड्रोपावर निर्माणका लागि विस्फोट र वन फँडानी गरिएपछिको अवस्था।



● **भरतप्रसाद पराजुली**
सांसद, सिन्धुपाल्चोक १

निकुञ्ज क्षेत्रमा हाइड्रोपावर निर्माण गर्न इआइए गरेको छु। नेपाल सरकारको सबै निकायबाट अनुमति लिएको छु। हाम्रो देशको स्रोत भनेको जलविद्युत् हो। यहींबाट आर्थिक क्रान्ति गर्ने हो। प्रचलित कानुन नमिले पनि मिलाउनुपर्छ। सबै प्रक्रियामा छ। मन्त्रिपरिषद्बाट स्वीकृति लिएको हो। विस्फोट नगरी त काम गर्न सकिँदैन। यसबाट पर्ने असर नियन्त्रण गर्न प्रयास गर्ने हो। प्रोजेक्ट नै बन्द भयो भने कसरी आर्थिक समृद्धि गर्ने ?



● **रेशम स्याङ्बो**
अध्यक्ष, जुगल गाउँपालिका

आर्थिक समृद्धिका लागि हाइड्रोपावर निर्माण हुनुपर्छ। तर, सबै निकाय प्रचलित कानुनअनुसार चल्नुपर्छ। कानुनमा बाधा छ भने फेर्नुपर्ने हुन्छ। मैले स्थानीय सरकार प्रमुखको हिसाबले नियमन गरिरहेको छु। यद्यपि, कानुनअनुसार छ-छैन अध्ययनकै क्रममा छौं। विस्फोट र रुख कटान भइरहेको जनगुनासो छ। जुगल हिमालको काखमा रहेको प्रोजेक्ट भएकाले पछिल्लो समय स्थलगत अनुगमन भएको छैन। तत्काल अनुगमन गर्छौं।

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

जुगल हिमालबाट बगेर आउने ब्रह्मायणी नदीको मुहान क्षेत्रमा केही वर्षयता तीनवटा हाइड्रोपावर निर्माण भइरहेका छन्। ती हाइड्रोपावर राष्ट्रिय स्वतन्त्र पार्टीबाट सिन्धुपाल्चोक १ मा विजयी भरतप्रसाद पराजुलीका हुन्। निर्माणाधीन हाइड्रोपावर लाङटाङ राष्ट्रिय निकुञ्जको रेडलाइन (कोर एरिया) र बफर जोन क्षेत्रमा पर्छन्।

३६.५ मेगावाटको ब्रह्मायणी हाइड्रोपावर जुगल गाउँपालिका- २, दीपुमा, १५.१५ मेगावाट अपरब्रह्मायणी छिन्ताङमा र सात मेगावाटको हाइड्रोपावर जुगल हिमालकै फेदीमा निर्माणका क्रममा छन्। जुगल गाउँपालिका- २ तेम्बाथाङ, दीपु, साङलुङदेखि जुगलको फेदिसम्म लाङटाङ राष्ट्रिय निकुञ्ज र वडा नम्बर ३ को हिमाली क्षेत्र गौरीशंकर संरक्षण क्षेत्रमा पर्छ। जुगल गाउँपालिकाको हिमाली भूभाग सबै संरक्षण क्षेत्रभित्र पर्छन्।

निकुञ्जको रेडलाइन र बफर जोन क्षेत्रभित्र दुई सय ५० घरधुरीको बसोबास छ। तर, तेम्बाथाङवासीको पीडा सुनुवाइ गर्ने राज्यको कुनै निकाय छैन। चुनावका बेला राजनीतिक दलका कुनै पनि उम्मेदवार टाढाको बस्ती भएकाले भोट माग्न त्यहाँ पुगेनन्। भोट माग्न नजाने भएपछि राजनीतिक दलको चासोको विषय पनि बन्न सकेन। विनाअनुमति हाइड्रोपावरले निकुञ्जको रेडलाइन र बफर जोनमा धमाधम वन फँडानी र ब्लास्टिङ गरिरहेको जुगल गाउँपालिका अध्यक्ष रेशम स्याङ्बोको भनाइ छ।

सांसद पराजुली अध्यक्ष रहेको ती विद्युत् कम्पनीले वातावरण प्रभाव मूल्यांकन (इआइए), हाइड्रोपावर अनुमति (लाइसेन्स) र वन विभागबाट प्रारम्भिक अनुमति मात्रै लिएका छन्। तर, निकुञ्ज क्षेत्रमा वन फँडानी र विस्फोट गर्न कुनै अनुमति लिएका छैनन्। रुख कटान र भोगाधिकार नभएसम्म निर्माण कार्य सुरु गर्न पाइँदैन। जुन कार्यका लागि मन्त्रिपरिषद्ले निर्णय गरेर स्वीकृति प्रदान गर्नुपर्छ।

विनाअनुमति हाइड्रोपावरले अहिले धमाधम विस्फोट गरेर निर्माण कार्य गरिरहेको छ। लाङटाङ राष्ट्रिय निकुञ्जका चिफ वार्डेन श्यामकुमार शाहले निकुञ्जको बफर जोन क्षेत्रभित्र निर्माण भइरहेका हाइड्रोपावरको स्थलगत वस्तुस्थिति सरकारको सम्बन्धित निकायमा पठाएको बताए। 'हामीले स्थलगत प्रतिवेदन पठाएका छौं। त्यसउपर कारबाही गर्ने निकायले प्रक्रिया अघि बढाएको होला,' उनले भने। रुख कटान र भोगाधिकारको स्वीकृति मन्त्रिपरिषद्बाट भए-नभएको आफूलाई जानकारी नभएको उनले बताए। विस्फोट र रुख कटानसँगै अनुमतिको प्रक्रिया पनि अघि बढेको सुनेको उनले प्रस्ट्याए।

विस्फोटले तेम्बाथाङका धेरै घर चर्किएका छन्। घर चर्केर क्षति पुगेको विवरण स्थानीय पीडितले पटक-पटक हाइड्रोपावर कम्पनीलाई दिए पनि त्यसउपर कुनै सुनुवाइ नभएको स्थानीय मिङ्मार शेर्पाले बताए। विस्फोटले गर्दा भूकम्पबाट चिराचिरा परेका भाग फाट्दै गएको उनले सुनाए।

तेम्बाथाङबाट निर्माणस्थल दीपु र छिन्ताङमा जताततैबाट सडक खनेर लैजाँदा पहिरो लडेर बफरजोन क्षेत्रमा रुखविरुवा पुरेको छ। माथेनटुप्पा, छासम खर्क, मेन्जु, छिताक्पु, छिन्ताङदेखि गाङजे खोलासम्म र दीपुबाट छिन्ताङपट्टिको सयौं हेक्टर वन फँडानी भएको स्थानीयले बताएका छन्। वन फँडानी भएकाले त्यहाँ लोपोन्मुख रेडपान्डा र हिमाली तथा पहाडी क्षेत्रमा बस्ने आइबेक्स (जंगली बाख्रा)को वासस्थानमा क्षति पुगेको छ। जथाभावी ब्लास्टिङ गर्दा थर्किएर पुखौंदेखि औषधीय प्रचलनमा रहेको अमिलो पानीको मूल सुकेको, लाङटाङ राष्ट्रिय निकुञ्जअन्तर्गत लेङसी मध्यवर्ती क्षेत्रमा जैविक विविधतामा ठुलो असर परेको, चौंरीको चरिचरणमा क्षति पुगेको, पर्यटन पदमार्ग क्षतविक्षत भएको र सरकारले गत वर्ष मात्रै खुला गरेको जुगल हिमाल आरोहण पूर्वाधारमा गम्भीर असर परेको छ।

पर्यटन व्यवसायीसमेत रहेका मिङ्मारले छिन्ताङबाट नेपेमाछालसम्म सडक नखन्न हाइड्रोपावरलाई आग्रह गरिएको बताए। हिमाली क्षेत्रमा सडक खन्दा पदमार्ग हराउने र पर्यटक नआउने उनले प्रस्ट्याए। सडक खन्दा धेरै बोटबिरुवा पुरिएका छन्। तिनको संरक्षण नभएर उल्टै झनझन् पहिरोले पुरिँदै गएका छन्।

सामाजिक उत्तरदायित्वअन्तर्गत गर्नुपर्ने काम केही नगरेपछि स्थानीयले गत कात्तिक र मंसिरमा झन्डै एक महिना निर्माणाधीन हाइड्रोपावरको साइटमा अवरोध गरेका थिए। त्यही निहुँमा ११ जना स्थानीयलाई हाइड्रोपावरले मुद्दा लगाएर दुःख दियो। त्यसपछि सिन्धुपाल्चोक जिल्ला प्रशासनको रोहवरमा समझदारी भएर पुनः काम सुरु भयो। अहिले पनि विस्फोट र जंगल फँडानी जारी छ। दीपुस्थित ब्रह्मायणी नदीमा प्लमढलान, तेम्बाथाङमा दुई किलोमिटर सडक निर्माण र तेम्बाथाङमुनि नदीमा बेलिब्रिज हाल्ने सहमति कार्यान्वयनमा आएको छ। तर, ११ जना स्थानीय निम्तार्के शेर्पा, लाक्पा शेर्पा, पेम्बा शेर्पा, कामी शेर्पा, निमा वाङ्दी शेर्पा, निमा वाङ्जु शेर्पा, तेम्बारिन्जी शेर्पा, फुर्वा शेर्पा, तेन्बिकी शेर्पा, माइला शेर्पा र नामग्याल शेर्पाको मुद्दा सहमतिअनुसार अझै फिर्ता लिइएको छैन। स्थानीयको पक्षमा लागेर विस्फोट र वन फँडानीको विरोध गर्ने हाइड्रोपावरका मजदुरलाई तीन महिनासम्म पारिश्रमिक नदिने र कामबाटै निकाल्ने गरिएको छ।

निकुञ्जको रेडलाइन क्षेत्रमा हाइड्रोपावर निर्माण गर्न पाइन्न। मध्यवर्ती क्षेत्रमा पनि नेपाल सरकारले तोकेको नियम पूरा गरेर मात्रै निर्माण कार्य सुरु गर्न पाइन्छ। जसका लागि राष्ट्रिय निकुञ्ज विभाग, वन मन्त्रालय र विभागबाट अनुमति र स्थानीय बफरजोनबाट समन्वय अनिवार्य लिनुपर्छ। अनुमति लिएर पनि मध्यवर्ती क्षेत्रमा नदी थुन्ने, विस्फोटक पदार्थ प्रयोग गर्ने र वन फँडानी गर्न पाइन्न। विस्फोट र रुख कटानका लागि मन्त्रिपरिषद्को स्वीकृति लिएर मात्रै काम गर्न पाइन्छ। सन् २०२४ मा नेपाल सरकारले निकुञ्ज क्षेत्रमा हाइड्रोपावर निर्माण गर्न पाउने गरी खुकुलो नियम बनाएको थियो। तर, प्राकृतिक सन्तुलन बिथ्रिने निष्कर्षसहित सन् २०२५ मा उक्त नियमलाई सर्वोच्च अदालतले खारेज गरेको थियो। निर्माणाधीन हाइड्रोपावरहरू निकुञ्जको कोर एरियामा पर्छन्। जहाँ प्रचलित कानुनअनुसार जलविद्युत्सम्बन्धी कार्य गर्न पाइँदैन। हाइड्रोपावर सञ्चालक पराजुलीले निकुञ्ज क्षेत्रमा हाइड्रोपावर निर्माण गर्न इआइए गरेको र नेपाल सरकारको सबै निकायबाट अनुमति लिएको दाबी गरे।

# दरबन्दी जुम्लामा, सेवा काठमाडौंमा

**काज मिलाएर जुम्लाका सहायक सिडिओ शान्ति महत र शाखा अधिकृत रेश्मा बुढाले काठमाडौंमै बुझ्छन् तलब**



महत



बुढा

जुम्लामा **मानदत्त रावल**

शान्ति महत जिल्ला प्रशासन कार्यालय जुम्लाकी सहायक प्रमुख जिल्ला अधिकारी हुन्। उनको ८ मंसिरमा जिल्ला प्रशासन कार्यालयमा सरुवा भएको हो। तर, सरुवा भएदेखि उनी जुम्ला पुगेकी छैनन्। उनको सरुवा कागज जिल्ला प्रशासन कार्यालय जुम्ला पुग्यो, तर मान्छे पुगिनन्। काठमाडौंबाटै काज मिलाएर उनी अहिले सिंहदरबारको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपसचिव, प्रवक्ता तथा सूचना अधिकारी पदमा कार्यरत छन्।

जिल्ला प्रशासन कार्यालय जुम्लाकी शाखा अधिकृत रेश्मा बुढा क्षेत्री पनि काजमा काठमाडौंमै छिन्। उनी असोजमा जुम्ला सरुवा भई आए पनि अहिले कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमा कार्यरत छिन्। उनीहरू दुवैजनाको जिल्ला प्रशासन कार्यालय जुम्लामा दरबन्दी भए पनि काजमा काठमाडौंमै छन्। दुवैजनाको सेवा-सुविधा, तलब जिल्ला प्रशासन कार्यालय जुम्लाले नियमित पठाउँदै आएको छ।

अधिकृतस्तरका कर्मचारी कागजमै सीमित हुँदा कार्यालयको दैनिक कामकाज र सेवा प्रवाह प्रभावित हुने गरेको छ। दरबन्दी जुम्लामा रहे पनि प्रमुख दुई कर्मचारी काठमाडौंस्थित सिंहदरबारमा काजमा बस्दा प्रशासनिक काममा असहजता बढेको हो।

प्रशासन स्रोतका अनुसार अधिकृतस्तरका कर्मचारी नहुँदा नागरिकता, राहदानी सिफारिस, शान्ति सुरक्षा समन्वय, विपत् व्यवस्थापनलगायत दैनिक प्रशासनिक काममा प्रत्यक्ष असर परेको छ। सेवाग्राहीले समयमै सेवा नपाउँदा गुनासो बढ्न थालेको छ। कार्यालयभित्र कार्यभार बाँडफाँटमा पनि समस्या देखिएको छ।

दरबन्दी जुम्लामा भए पनि कर्मचारी नहुँदा दैनिक कामकाजमा असर परेको छ। जिल्ला प्रशासन कार्यालय जुम्लामा दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन हुन नसक्दा सेवा प्रवाहमा चुनौती थपिएको छ। सिडिओ दीपक पौडेलले दरबन्दीअनुसारका कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या भएको बताए। 'सरकारले शासकीय सुधारमा कडाइ गर्न खोजेको छ। तर, दरबन्दीअनुसारका कर्मचारी नहुँदा कठिन भएको छ। कर्मचारी अभावका कारण बाहिरका महत्त्वपूर्ण बैठक पनि छुट्ने गरेका छन्। कतिपय बाहिरका महत्त्वपूर्ण बैठकमा जाँदा अफिसभित्रको कार्यसम्पादन प्रभावित हुने गरेको छ,' उनले भने।

## संक्षेप

### लेखापढी व्यवसायीको पेनडाउनले नापी र मालपोतमा सेवा प्रभावित

**विराटनगर**/ सरकारले बिचौलियाको आरोप लगाउँदै पक्राउ गर्न थालेको विरोधमा लेखापढी व्यवसायीले गरेको पेनडाउनले मंगलबार मोरङको मालपोत र नापी कार्यालयको सेवा प्रभावित भएको छ। लेखापढी कानुन व्यवसायीहरूको इकाइ समिति विराटनगरले सरकारी धरपकडको विरोधमा पेनडाउन गर्दै भू-सेवा बन्द गरेपछि मंगलबार विराटनगरस्थित मालपोत कार्यालय र नापी कार्यालयको सेवा प्रभावित भएको हो। मंगलबार मालपोत र नापी कार्यालयहरूमा खासै चहलपहल भएन। सेवाग्राहीहरू पनि पातलो देखिए। राज्यले आफूहरूलाई अपराधीजस्तो व्यवहार गरेको र देशभर धरपकड जारी राखेको विरोधमा व्यवसायीले सेवा ठप्प पारेका हुन्। विराटनगरमा २८ वटा भू-सेवाप्रदायक अनुमतिप्राप्त लेखापढी व्यवसायी र पाँचवटा भू-सेवा मात्र प्रदान गर्ने फाराम गरी कुल ३३ वटा आधिकारिक युनिट छन्। सबैले सेवा रोकेपछि मालपोतमा हुने जग्गाको किनबेच, नामसारी, रोक्का तथा फुकुवालगायत मुख्य प्रशासनिक कार्यहरू प्रभावित भएका छन्। नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन मोरङका अध्यक्ष कञ्चन न्यौपानेले सरकारले तोकेको धरौटी जम्मा गरेर सेवा दिँदा पनि बिचौलियाको आरोप लगाएर बदनाम गर्दै धरपकड गरेर दुःख दिन थालेकाले समस्या समाधान नभएसम्म पेनडाउन गर्न बाध्य भएको बताए। मोरङको रंगेली, उर्लाबारी र बेलबारीका मालपोत कार्यालयमा पनि लेखापढी व्यवसायीले गर्दा सेवा प्रभावित भएको छ।

### खुट्टामा गोली प्रहार गरी तीनजना लागुऔषध कारोबारी पक्राउ

**भैरहवा**/ प्रहरीले खुट्टामा गोली प्रहार गरी तीनजना लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिएको छ। सोमबार राति रोहिणी गाउँपालिका- ४, कोटहवामा लागुऔषध ओसारपसारको सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो, भैरहवा र जिल्ला प्रहरी कार्यालय, रुपन्देहीबाट खटिएको संयुक्त टोलीले लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले बताए। लागुऔषध ओसारपसारमा सक्रिय रहेको सूचनाका आधारमा प्रहरीले सर्च अभियान चलाउने क्रममा रुपन्देहीको रोहिणी गाउँपालिका- २, खुरहुरियाका विशाल यादव, भारतको महाराजगन्ज, पर्सामलिक ग्राम बिसुनपुरुवाका १८ वर्षीय अरुण कुमार र सोही स्थानका २० वर्षीय विनय पाण्डेयलाई नियन्त्रणमा लिएको हो। कोटहवाबाट छिपागढतर्फ आइरहेको तीनजना सवार युपी ५६ एफ ९९०१ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्न खोज्दा भाग्ने क्रममा उनीहरू लडेका थिए। मोटरसाइकलमा सवारलाई नियन्त्रणमा लिने क्रममा उनीहरूले प्रहरीलाई ढुंगा प्रहार गर्दा एकजना प्रहरी घाइते भएपछि उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले एक राउन्ड हवाईफायर गरेको थियो। हवाईफायर गर्दा पनि प्रहरीमाथि ढुंगा हान्न नछाडेपछि घुँडामुनि थप एक राउन्ड गोली प्रहार गरेको थियो।

### कर्णाली सरकारले ६ दिन थप सार्वजनिक बिदा दिने

**सुर्खेत**/ कर्णाली प्रदेश सरकारले ०८३ मा ६ दिन थप सार्वजनिक बिदा दिने निर्णय गरेको छ। मंगलबार बसेको कर्णाली प्रदेश मन्त्रिपरिषद् बैठकले ०८३ मा ६ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको हो। कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले कर्णाली प्रदेशमा थप ६ दिन बिदा दिने निर्णय भएको बताए। प्रदेश सरकारले १२ चैतमा (धान दिवस), २२ असोजमा चन्दननाथ मन्दिरको लिंगो बोक्ने मेलाका लागि (जुम्ला) जिल्ला मात्र, १५ असारको राष्ट्रिय धान दिवसमा भने जुम्लाबाहेक अन्य जिल्लामा बिदा दिने निर्णय भएको प्रवक्ता शाहले बताए। १ साउनमा साउने संक्रान्ति तथा देउडा पर्व, ४ भदौमा प्रदेश स्थापना तथा सहिद दिवस र ८ कात्तिकमा कोजाग्रत पूर्णिमामा प्रदेशभर सार्वजनिक बिदा हुनेछ।

### राष्ट्रिय सभाका चारवटै समिति सभापति निर्विरोध

**काठमाडौं**/ संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभाका चारवटै समिति सभापति निर्विरोध निर्वाचित भएका छन्। मंगलबार चारवटै समिति सभापति निर्विरोध निर्वाचित भएको घोषणा गरिएको हो। राष्ट्रिय सभामा दलहरूबिच भएको भागबन्डाअनुसार एमालेले सभाको उपाध्यक्ष र कांग्रेस दुई समिति सभापति, नेकपा र जसपा एक-एक समिति सभापति लिने सहमति भएको थियो।

मंगलबार चारवटै समिति सभापति पनि निर्विरोध निर्वाचित भएका हुन्। संसद् सचिवालयका अनुसार कांग्रेसतर्फ विकास, आर्थिक मामिला तथा सुशासन समिति सभापतिमा कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समिति सभापतिमा कृष्णबहादुर रोकाय निर्वाचित भएका छन्। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सभापतिमा जसपाकी पूजा चौधरी र संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सभापतिमा नेकपाकी जयन्तीदेवी राई निर्वाचित भएकी छिन्। राष्ट्रिय सभामा कांग्रेसका २४, नेकपा १८, एमाले ११ र जसपा तीन, राष्ट्रिय जनमोर्चाका एक सांसद छन्। राष्ट्रपतिबाट एकजना नियुक्त हुन बाँकी छ।

प्रतिनिधिसभामा राष्ट्रिय सभाबाट सन्देशसहित प्राप्त तीनवटा विधेयक टेबुल गरिएको छ। मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा प्रतिनिधिसभाका सचिव हर्कबहादुर राईले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन विधेयक, २०८१, पर्यटन विधेयक, २०८१ र चलचित्र विधेयक, २०८१ सदनमा प्रस्तुत गरेका हुन्। बुधबारको प्रतिनिधिसभामा विधेयकमाथि सैद्धान्तिक छलफल हुने संसद् सचिवालयले जनाएको छ।

# लम्कीका मेयरको विरोधले रोकियो प्रादेशिक अस्पतालको अनावरण

धनगढीमा **तेजराज भट्ट**



कैलालीको लम्कीचुहा नगर अस्पताललाई प्रादेशिक अस्पताल बनाउने विषयमा सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह र लम्कीचुहा नगरपालिकाका प्रमुख सुशीला शाहीबिचको विवाद चर्किएको छ। नगर प्रमुखले विरोध जनाएपछि मंगलबार तय भएको प्रादेशिक अस्पतालको अनावरण रोकिएको छ।

मुख्यमन्त्री शाहले मंगलबार बिहान ११ बजे नगर अस्पतालमा प्रादेशिक अस्पतालको बोर्ड राखेर अनावरण गर्ने कार्यक्रम तय भएको थियो। त्यसको विरोधमा नगरपालिकाले बिहानैबाट अस्पताल परिसरमा डोजर, ट्र्याक्टर र दमकल तेर्स्याएर राखेको थियो। पालिकासँग सम्झौताविनै प्रदेश सरकारले प्रादेशिक अस्पताल बनाउन खोजेको भन्दै अनावरण रोक्न नगर प्रमुख शाही आफै अस्पताल पुगिन्।

नगर प्रमुखले विरोध जनाएपछि मुख्यमन्त्री शाह अनावरण गर्न गएनन् र कार्यक्रम रोकियो। अनावरण कार्यक्रममा मुख्यमन्त्रीसँगै सामाजिक विकासमन्त्री मेघराज खड्का पनि त्यहाँ जाने तय भएको थियो। मुख्यमन्त्रीको सचिवालयका अनुसार प्रदेशले लम्कीचुहा अस्पतालमा हालै गठन गरेको व्यवस्थापन समितिले अनावरणका लागि मुख्यमन्त्री र सामाजिक विकासमन्त्रीलाई बोलाएको थियो। विरोधका कारण जान उचित नदेखिएपछि मुख्यमन्त्री रोकिएको उनका प्रमुख स्वकीय सचिव प्रयागराज खनालले बताए।

नगरपालिकाले सञ्चालन गरिरहेको लम्कीचुहा अस्पतालालाई सुदूरपश्चिम सरकारले प्रादेशिक अस्पताल बनाउने निर्णय गरेको थियो। सुरुमा अस्पताल स्तरोन्नतिको प्रक्रियाका काम नगरपालिकाको सहमतिमै भएका थिए। तर, प्रादेशिक अस्पतालमा स्तरोन्नतिको निर्णय, जनशक्तिको संगठन तथा व्यवस्थापन सर्भे (ओएनएम) समेत भएर अस्पताल प्रदेशलाई हस्तान्तरणको अन्तिम प्रक्रियामा विवाद देखिएको हो।

औपचारिक सम्झौताविनै प्रदेशले अस्पताल कब्जा गर्न खोजेको नगर प्रमुख शाहीको आरोप छ। कार्यरत कर्मचारीको व्यवस्थापन, अस्पतालको व्ययभारजस्ता विषयमा सहमति नभइसकेको अवस्थामा प्रदेशले एकलौटी गर्न खोजेको उनले बताएकी छिन्।

मुख्यमन्त्री र मेयरबिचको टकरावले अस्पताल स्तरोन्नति अन्योलमा परेको छ। यसले अस्पतालको सेवा असर पर्न सक्ने स्थानीयको चिन्ता छ। नगरपालिकाले गत वर्ष लम्कीचुहालाई प्रादेशिक अस्पताल बनाउन निर्णय गरेर पठाएपछि प्रदेशले स्तरोन्नतिको प्रक्रिया अगाडि बढाएको थियो। संघीय सरकारको समेत स्वीकृतिपछि प्रदेशले ओएनएम गरेर प्रादेशिक अस्पताल बनाउने सबै प्रक्रिया पूरा भएर हस्तान्तरणका वेला विवाद देखिएको हो।

■ पाँच महिनापछि बागमती प्रदेश सभा बैठक

# सरकार कुशासनको बाटोमा लागेको विपक्षीको आरोप

मकवानपुरमा **पोष्टराज अधिकारी**



करिब पाँच महिनापछि बागमती प्रदेश सभाको हिउँदे अधिवेशन मंगलबारबाट सुरु भएको छ। बैठकमा सत्तापक्ष र प्रतिपक्षबिच सरकारको कार्यशैली, सुशासन, बजेट कार्यान्वयन, वैदेशिक हस्तक्षेप तथा महँगीलगायत विषयमा आरोप-प्रत्यारोप चलेको छ। बैठकमा संघीयताको कार्यान्वयनमा केन्द्र सरकारको भूमिका, प्रशासनिक अस्थिरता र प्रदेशको बजेटमाथिको केन्द्रीय हस्तक्षेपका विषयमा सत्ता र प्रतिपक्षका नेताहरूबिच अपेक्षासहित आक्रोश व्यक्त भएको छ।

प्रदेश सभामा प्रतिनिधित्व गर्ने अधिकांश दलका नेताले संघीय सरकारको कार्यशैलीप्रति आलोचना गरेका छन्। केहीले अपेक्षासमेत राखेका छन्। नेताहरूले केन्द्र सरकारबाट पूर्ण स्वायत्तता र अधिकार माग गरेका छन्। प्रशासनिक अस्थिरता, बजेटमा केन्द्रीय छाया र आर्थिक संकटले संघीयताको अभ्यासलाई चुनौतीपूर्ण बनाइरहेको उनीहरूको आरोप छ। उनीहरूले महँगी नियन्त्रण, सुशासनको पक्षमा सरकार गम्भीर भएर अघि बढ्नुपर्ने बताए।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले 'संवैधानिक अधिकार प्राप्तिको आशा' र प्रतिपक्षी नेताहरूले 'केन्द्रप्रतिको आक्रोश' पोखेका थिए। बानियाँले वर्तमान संघीय सरकार संघीयताप्रति पूर्ण प्रतिबद्ध रहेको र प्रदेशले पाउनुपर्ने संवैधानिक अधिकारहरू अब छिट्टै प्राप्त हुने विश्वास व्यक्त गरे। उनले संविधानले दिएको, तर हालसम्म पूर्ण रूपमा प्रयोग गर्न नसकिएका अधिकारहरू अब 'फास्ट ट्र्याक'बाट कार्यान्वयन हुने विश्वास व्यक्त गरे।

मुख्यमन्त्री बानियाँले वर्तमान प्रधानमन्त्रीले विगतमा स्थानीय तहको नेतृत्व गर्दा प्रशासनिक झमेला र अधिकारको अभाव भोगेकाले प्रदेश सरकारको समस्या नजिकबाट बुझ्ने बताए। बानियाँले संघीय सरकारले उनका अनुसार सरकारले चालूतर्फ दुई अर्ब ३१ करोड र पुँजीगततर्फ पाँच अर्ब २८ करोड गरी कुल सात अर्ब ५९ करोड रुपैयाँ विनियोजित बजेट कटौती गरेको छ। बजेट बनाउने र कार्यक्रम पास गर्ने पहिलो अधिकार संसद्को भएको उल्लेख गर्दै उनले क्याबिनेटले धमाधम बहुवर्षीय योजना निर्णय गर्दै जानु गलत भएको बताए।

● **शालिकराम जम्कट्टेल**, पूर्वमुख्यमन्त्री



जनताले सुशासन चाहेका छन्। तर, सरकार आफैंले सुशासन बिगारेर कुशासनको बाटो रोजेको छ। विगतको समीक्षा गरेर अघि बढ्नुपर्नेमा सरकार उल्टो बाटोमा हिँडिरहेको छ।

एमाले बागमती संसदीय दलका नेता जगन्नाथ थपलियाले वर्तमान संघीय सरकार अधिनायकवादी बाटोमा हिँडेको आरोप लगाए। उनले एमाले अध्यक्ष केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि सरकारले प्रतिशोधपूर्ण ढंगले कारबाही अघि बढाएको आरोप लगाए। त्यस्तै, थपलियाले सरकारले शैक्षिक परामर्श केन्द्र बन्द गर्ने र फेरि खोल्ने जस्ता निर्णय गरेर अस्थिरता देखाएको भन्दै कार्यालय समय परिवर्तन र आइतबार बिदा दिने निर्णयलाई पनि अव्यावहारिक भएको बताए।

राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले सरकारले जनताको भावना बुझ्न नसकेर कुशासनको बाटो रोजेको आरोप लगाए। पाँच महिनापछि बसेको प्रदेश सभा बैठकमा उनले महँगी, आर्थिक संकट र बेरोजगारीप्रति सरकार मौन रहेको बताए। उनले संसद्बाट पारित भएका एक हजार ६७१ योजनामा बजेट कटौती गरिएको भन्दै आपत्ति जनाए। नेमकिपा बागमती प्रदेश दलका नेता सुरेन्द्रराज गोसाईंले नेपालको इतिहासमै अहिले वैदेशिक हस्तक्षेप चरम विन्दुमा पुगेको आरोप लगाए। उनले अमेरिकी दूतावासले नेपालका युवाका लागि सिधै युवा परिषद्को आवेदन आह्वान गर्नु देशको सार्वभौमसत्तामाथिको प्रहार भएको टिप्पणी गरे।

# वैदिक कृषिमा ज्ञानको स्रोत र अभ्यास

समयअनुसारका प्रविधि र आफ्नै परम्परागत खेती प्रणालीसँग सम्बन्धित ज्ञानको उपयोग नै उत्तम र दिगो खेतीको आधार हो



● भूपेन्द्र नीराजन खनियाँ

अग्रलेख

जब अन्न, मन र आयुको अर्थ बुझिन्छ, माटोको गन्ध झन् सुगन्धित लाग्न थाल्छ र कृषि पेसा धर्म बन्न पुग्छ। कृषक मातापिता लाग्छन्। कृषकका दुःख आफ्नैजस्तो महसुस हुन्छ। खानुको विकल्प छैन। यसकारण, कृषिको पनि विकल्प छैन। जुन देशमा कृषक पीडित हुन्छन् वा कृषकले असल कर्म छोड्छन्, त्यो देशका नागरिक सुखी र देश शान्त हुनै सक्दैन। फेरि पनि, कृषि नै सबथोकको समाधान त होइन। तर, देशको समग्र विकास र समृद्धिको मेरुदण्डचाहिँ अवश्य नै कृषि हो।

धरतीमा मानिस र जीवजन्तुका जनसंख्या निरन्तर बढ्छ, तर उब्जने जमिन सीमित छ र समयक्रममा यो घट्दै जान्छ। जनसंख्याको चाप र औद्योगिकीकरणका कारण उब्जनीयोग्य जमिन र जंगल दुवै मासिँदो स्थितिमा छन्। हामीलाई थोरै जमिनमा थोरै खर्चले धेरै उत्पादन गरेर टन्नै कमाउनु छ। रासायनिक खेती प्रणाली यसैको उपज हो। नाफाकेन्द्रित कृषि प्रणालीका रूपमा विकसित भएको प्रणाली। उच्च आर्थिक लाभको अपेक्षा हुने भएकाले आधुनिक प्रविधि, हाइब्रिड (ठिमाहा) बिउ, कृत्रिम रासायनिक मल, हानिकारक कीटनाशक र झार-नाशकमा निर्भर हुँदै गएको छ हाम्रो कृषिकर्म। रासायनिक कृषिको लक्ष्य भनेकै उत्पादन लागत घटाउने र उपज बढाउने मात्र हो। धेरै अध्ययनले यसप्रकारका रासायनिक प्रयोगले स्वास्थ्यमा गम्भीर जोखिम र वातावरणीय विनाश गर्ने दुष्परिणाम देखाएका छन्। प्रांगारिक खेतीप्रति आकर्षण बढ्दै जानुको मुख्य कारण पनि यही हो। उत्पादन, खाद्य सुरक्षा र भोकमरीको समाधानका लागि रासायनिक खेती मात्रै विकल्प हो भनी बहस गर्नेहरूको पनि संख्या कम छैन। तर, प्रांगारिक खेतीमा आबद्ध उत्पादक तथा प्रशोधनकर्ता भने यो तर्क स्विकार्न बिल्कुलै तयार छैनन्।

## ■ प्रांगारिक खेती

प्रांगारिक खेती प्रणालीमा बिउ रोपिएको दिनदेखि उपभोगका लागि तयार उत्पादन भान्सामा पुग्दासम्म खाद्य वस्तु अशुद्ध वा मिसावट नहोस् भनेर प्रयत्न गरिन्छ। यस विधिले जीवजन्तु, वातावरण र स्थानीय स्रोतको दिगो प्रयोग र संरक्षणमा जोड दिन्छ। माटो तथा वातावरणलाई प्रदूषण हुनबाट जोगाउँछ। जैविकता र पर्यावरणको सम्मान गर्छ। परम्परागत ज्ञान तथा स्थानीय स्रोतको समावेशितामा जोड दिन्छ। स्थानीय स्रोत र साधनको दिगो उपयोगबाट माटोको स्वास्थ्य, उत्पादकत्व, रोग, किरा तथा झारपात नियन्त्रण गरिन्छ। समग्रमा कुनै नकारात्मक पक्ष छैन। यो कृषि प्रणालीले आजको मात्र नभई भोलिको पनि सोच गर्छ।

## ■ वैदिक विधि

वैदिक खेती पनि प्रांगारिक खेती नै हो, तर यसमा प्रांगारिक विधिका सबै अभ्यासका अतिरिक्त वैदिक परम्पराअनुसारका थप केही प्रविधिको पनि प्रयोग गरिन्छ। वैदिक खेतीका नाममा पनि खासगरी नेपाल र भारतमा विभिन्न प्रकारका खेती विधि अभ्यासमा रहेका छन्। उदाहरणका लागि, बायोडायनामिक खेती (ग्रहनक्षत्रसँग समायोजनमा आधारित), मन्त्रमा आधारित खेती (ध्वनि कम्पनद्वारा बाली वृद्धि गरिने), पञ्चगव्य र वनस्पतिको तयारी (प्राकृतिक मल/कीटनाशक), यज्ञ (मन्त्रद्वारा वातावरण शुद्धीकरण), होम खेती (मन्त्रसहित अग्निको प्रयोग गरिने), ऋषि-कृषि (वैज्ञानिक ऊर्जालाई मलका रूपमा प्रयोग गरिने), महर्षि वैदिक कृषि (चेतनामा आधारित कृषि) आदि। कतिपय अभ्यासमा एकभन्दा बढी विधिको संयोजन गरेर प्रयोग गरिन्छ। यी सबै विधिका आ-आफ्नै खालका विशेषता छन्। महर्षि वैदिक कृषि यी सबैभन्दा अलिक भिन्न छ।

## ■ ज्ञानको स्रोत

वैदिक कृषिबारे बोल्ने थुप्रै प्रकाशित ग्रन्थ उपलब्ध छन्। हजारौँ वर्ष पहिले नै रचिएका हाम्रा वैदिक ग्रन्थमा खेती प्रणालीबारे भरपुर ज्ञान लुकेका छन्। यस्ता ग्रन्थहरूमा प्राविधिक ज्ञानका अतिरिक्त ब्रह्माण्डीय ऊर्जा र परिश्रमको गहिरो सम्बन्ध र सन्तुलनबारे उल्लेख छ। यसलाई आजको भाषामा भन्नुपर्दा दिगो कृषिको अवधारणा भने हुन्छ। प्रायजसो प्राचीन ग्रन्थहरूमा कृषि, पशुपालन, जनावर, वनस्पति र पर्यावरणबारे चर्चा छ। विज्ञानका दृष्टिकोणमा प्रमाणित हुन बाँकी होलान्। तर, अहिले पनि अभ्यासमा भने छन्। यसबारे वैज्ञानिक अनुसन्धान पनि नभएका होइनन्। भएका छन्। भलै अनुसन्धानमा महत्त्वपूर्ण मानिने नमुना तथा तथ्यांक संकलन र अध्ययन विधिबारे विमति राख्ने ठाउँ हुन सक्छन्।




वैदिक शास्त्रहरूमा कृषक र कृषिकर्मलाई उच्च र महत्त्वपूर्ण स्थान दिइएको छ। खासगरी ऋग्वेद, अथर्ववेद, कृषि पराशर, महाभारत, कश्यपीय कृषिजस्ता ग्रन्थले कृषि र कृषकको महत्त्व, भूमिका, राज्यको दायित्व, कृषकका लागि सरकारको जिम्मेवारी आदिबारे रोचक व्याख्या गरेका छन्। यी सबै ग्रन्थमा कृषिलाई पेसाभन्दा धर्म र कृषकलाई व्यवसायीभन्दा प्राणरक्षक, कामदारभन्दा समाजका विज्ञका रूपमा चित्रित गरिएको छ। कृषकलाई सम्पूर्ण सृष्टिको पालनपोषण गर्ने अन्नदाता वा प्रजापतिका रूपमा सम्मान गरिएको छ। सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा कृषकलाई कर्मयोगीका रूपमा चित्रण गरिएको छ। अथर्ववेदमा कृषकलाई भूमिपुत्र मानिएको छ। महाभारतको शान्ति पर्वका अनुसार राजा पृथुले भूमिलाई सम्याएर खेतीयोग्य बनाएका थिए। यसकारण उनलाई पहिलो कृषक र उनकै नामबाट पृथ्वीको नाम रहेको मानिन्छ। तैत्तिरियोपनिषद् नामको उपनिषद्का अनुसार कृषक एक व्रत (संकल्प) लिने तपस्वी हुन्।

> वैदिक खेती पनि प्रांगारिक खेती नै हो, तर यसमा प्रांगारिक विधिका सबै अभ्यासका अतिरिक्त वैदिक परम्पराअनुसारका थप केही प्रविधिको पनि प्रयोग गरिन्छ

## ■ वैदिक प्रविधि

वैदिक कृषिका अनुसार उच्च चेतनाको सुनिश्चितताका लागि नियमित ध्यान, सम्भावित चुनौतीको न्यूनीकरणका लागि मुहूर्त, प्रकृतिको भरपुर समर्थनका लागि वास्तुअनुसारका घर र बालीको वृद्धिसँगै कृषि यज्ञ, यी चार वैदिक अभ्यासले कृषि कर्म, उत्पादन र गुणस्तरमा प्रभाव पर्छ। कृषकको पिर, चिन्ता तथा पीडारहित मन, मस्तिष्क र बुध्दिको उन्नत प्रभावले बालिनालीसमेत सकारात्मक, पोषणयुक्त, शक्तिवर्द्धकका रूपमा वृद्धि हुन्छन्। यसकारण नियमित ध्यान आवश्यक मानिन्छ। कृषिकर्म गर्दा पञ्चांग पात्रोअनुसार साइत हेरेर गर्ने हाम्रो सनातन परम्परा नै हो। हलगोरुले जोत्दा, बिउ राख्दा, दाइँ हाल्दा, नयाँ बाली भित्र्याउँदा, भकारीबाट अन्न झिक्दा आदि कर्ममा पात्रोअनुसार शुभ मुहूर्त हेरेर मात्रै कार्य गर्ने चलन अहिले पनि छ। वैदिक दृष्टिकोणमा प्रत्येक क्रियाको फल केवल कर्ममा मात्र होइन, कालमा पनि निर्भर हुन्छ। जस्तो उचित मुहूर्तमा बिउ रोप्दा बिउ उम्रने र हुर्कने प्रक्रियाले प्राकृतिक समर्थन प्राप्त गर्छ र फलस्वरूप, अंकुरण, वृद्धि, उत्पादन र पोषणतत्त्वसमेतमा सकारात्मक प्रभाव पर्छ। यसकारण तिथि, वार, नक्षत्र, योग, करण र ग्रहहरूको चाललाई ध्यानमा राखेर मुहूर्तको निर्धारण गरिन्छ। कृषि चेतनशील प्रक्रिया भएकाले प्रकृतिको लयसँग तालमेल मिलाएर काम गर्दा, माटो, बिउ र जल सबैले सहयोग गर्छन्। वर्षा, तापक्रम र माटोको ऊर्जा प्रवाहसँग समन्वय गर्न मद्दत गर्छ। सम्भावित बाधाहरूलाई टार्न सहयोग पुऱ्याउँछ।

स्थापत्य वेद (वास्तु)का अनुसार पृथ्वीमा प्राकृतिक नियमको सबैभन्दा बलियो प्रभाव सूर्यबाट आउँछ। पूर्वदेखि पश्चिमसम्मको आफ्नो मार्गमा सूर्यले बिहानदेखि बेलुकीसम्मका फरक-फरक समयमा फरक-फरक ऊर्जाको फरक-फरक गुण उत्पन्न गर्छ र त्यसैअनुरूपका प्राणीमा प्रभाव पर्छ। बिरुवा, जनावर र मानिसहरू सूर्यका प्रकाशका विभिन्न गुणप्रति संवेदनशील हुन्छन्।

वेदका अनुसार बिउ उम्रेर, हुर्केर, फुलेर, फलेर फेरि बिउ नै बन्ने क्रममा बिरुवाले विभिन्न आठ चरण (बिउ, टुसा उम्रेर सूर्यको स्पर्श गर्ने, तीनपाते, परिपक्व अवस्थामा पुग्ने, फूल्ने, फल्ने र फेरि बिउ पाक्ने) पार गरेको हुन्छ जसलाई अष्टप्रकृति भनिन्छ। विज्ञानका अनुसार बिरुवा हरेक एक चरणबाट अर्को चरणमा पुग्दा बिरुवामा सूक्ष्म तहमा गहन परिवर्तन भएको हुन्छ। हरेक कोषको डिएनएमा रहेको वंशाणुगत गुण बिरुवाको विकासको चरणअनुसार प्रस्फुटन हुँदै जान्छ। डिएनएमा हुने जिनहरू एकैपटक सक्रिय हुँदैनन्। वैदिकशास्त्रका अनुसार यसरी वंशाणुगत गुणहरूले प्रस्फुटन हुने वेला वेदका ध्वनिको तरंगका प्रभावले पूर्णरूपमा प्रस्फुटन हुने अवसर पाउँछन् र तिनले बिरुवाको वृध्दि र गुणस्तर दुवैमा प्रभाव पार्छन्। यसकारण, वैदिक कृषिमा यज्ञको महत्त्व दर्साइएको छ।

## ■ अन्त्यमा

प्राविधिक हिसाबले सम्भव, वातावरणीय हिसाबबाट सुरक्षित तथा आर्थिक र सामाजिक दृष्टिबाट सबल कृषि नै दिगो कृषि हो। अहिलेको पुस्ता र आगामी पुस्ताका लागि खाद्य एवं पोषण सुरक्षा निश्चित गर्ने र जीविकोपार्जन सहज बनाउने कृषि नै दिगो कृषि हो। प्रांगारिक र रासायनिक खेतीमध्ये कुनचाहिँ विधि उपयुक्त छ भनेर सबैका आ-आफ्नै तर्क छन्। दिगो कृषिको मुख्य पक्ष भनेकै यसमा प्रयोग हुने स्रोतसाधन र उपयोग हो। दिगो कृषि तब मात्र दिगो हुन्छ, जब यसका लागि आवश्यक स्रोतसाधन तथा प्रविधि स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित हुन्छन् र स्थानीय उपयोगकर्ताले सहज तरिकाले उपयोग गर्न सक्ने अवस्था रहन्छ। समयअनुसारका प्रविधि उपयोग गरी हाम्रो आफ्नै परम्परामा आधारित ज्ञानको उपयोग नै उत्तम र दिगो देखिन्छ।

---

३ प्रश्न

अर्थशास्त्री
**डा. डिल्लीराज खनाल**लाई



**चालू आवको दोस्रो त्रैमासमा ४.०५ प्रतिशतको आर्थिक वृद्धिले के संकेत गर्छ ?**

अघिल्लो आवको सोही अवधिको वृद्धि ३.८ प्रतिशत रहेको हुनाले मात्र अहिले वृद्धि देखिएको हो। फेरि यो अवधि भनेको कृषि उत्पादनको समय भएकाले पनि यो वृद्धिमा नगदे तथा खाद्यान्न बालीको योगदान हुन सक्छ। जेन-जी आन्दोलनमा सरकारी र निजी क्षेत्रको सम्पत्तिमा व्यापक क्षति भएको र निजी क्षेत्रको मनोबल गिरेको समयमा व्यापक आर्थिक वृद्धि हुन कठिन नै थियो। अहिले कृषि उत्पादन र केही बढेको निर्यात व्यापारले गर्दा थोरै नै भए पनि वृद्धि देखिएको हुन सक्छ। अर्थतन्त्रका अन्य सूचक भने नकारात्मक नै देखिन्छन्।

**हाम्रो आर्थिक वृद्धि जहिल्यै न्यून देखिनुको कारण के हो ?**

आर्थिक वृद्धिमा गुणात्मक पक्ष महत्त्वपूर्ण हुन्छ। आन्तरिक उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, उत्पादनको लाभ बहुसंख्यक जनतामा पर्ने वृद्धि मात्र टिकाउ हुन्छ। उपभोगमा आधारित वृद्धि जहिल्यै चुनौतीपूर्ण हुन्छ। त्यसैले पनि हाम्रो अर्थतन्त्रमा गुणात्मक वृद्धि नदेखिएको हो।

**यसमा सुधार ल्याएर उच्च आर्थिक वृद्धि हासिल गर्न के गर्नुपर्ला ?**

रास्वपाको वाचापत्रमा आगामी पाँच वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य निर्धारण गरिएको छ। यसका लागि नीति, संरचना र संस्थागत परिपाटीमा व्यापक सुधार नगरी हुँदैन। बजेटमा व्यापक सुधारको पनि खाँचो छ। बजेटसँग मौद्रिक नीति र वित्तनीतिको समन्वय गरी अगाडि बढ्नुपर्छ। अनुत्पादक क्षेत्रमा भइरहेको लगानीमा व्यापक कटौती गर्नुपर्छ। कमजोर देखिएका सूचकमा साहसिक र ठोस सुधार गरेर जान सके अर्थतन्त्रले छलाङ मार्न सक्छ। यसका लागि औद्योगिक, व्यापारिक र लगानी नीतिमा व्यापक सुधारसँगै निजी क्षेत्रको विश्वास र क्षमता वृद्धि गरी सरकार र निजी क्षेत्रले हातेमालो गरेर अघि बढ्नुपर्छ।

---

प्रेरक प्रसंग

## सासू-बुहारीको झगडा

एउटा घरबाट सासू र बुहारीबिचको झगडाको चर्को आवाज आइरहेको थियो र छिमेकीहरूले त्यसलाई निकै चासो दिएर सुनिरहेका थिए। उनीहरू भित्रभित्रै खुसी पनि देखिन्थे र यसबाट मजा पनि लिइरहेका थिए।

झगडा रोकिएपछि कुनै कामविशेषले बुहारी बाहिर निस्किइन्। उनलाई देखेर छिमेककी एक महिला नजिकै आइन् र भनिन्– तिम्री सासू त बोक्सी हो, बोक्सी ! यिनको कामै झगडा गर्नु हो। यस्तै चलिरह्यो भने तिमी कसरी बस्न सकौली त्यस्तो घरमा ? अलि होस गर्नू है ! छिमेकी महिलाका कुरा सुनेपछि बुहारीले भनिन्– तपाईं जसका बारेमा यस्ता कुरा गरिरहनुभएको छ, उहाँ मेरी सासू हुनुहुन्छ र मेरा पतिकी आमा। पतिकी आमा भएकीले उहाँ मेरी पनि आमा नै हुनुहुन्छ। र, हामी आमाछोरीले लाख झगडा गरे पनि तपाईंहरू यसरी बाहिर बसेर कान थाप्ने र झगडा मिलाउन कचहरी बस्ने काम नगर्नुहोला।

छिमेकी महिलाले भनिन्- मैले तिम्रै भलाइका लागि सम्झाएकी मात्र हुँ। बुहारीले भनिन्- तपाईं यो सब किन बोलिरहनुभएको छ भन्ने मैले राम्ररी बुझेकी छु। यसरी नचाहिने कुरा गरेर उकास्न खोज्ने र हुँदाखाँदाको सुखी परिवारलाई भताभुंग पारिदिने मान्छेदेखि जहिल्यै सावधान रहनू भनेर मेरी आमाले मलाई सानैदेखि सिकाउनुभएको छ। बुहारीको कुरा सुनेर छिमेकी महिला भुत्भुताउँदै फर्किइन्।

जब बुहारी घर फर्किइन्, उनले बाहिर भएका सबै कुरा उनलाई बताइन्। बुहारीका कुरा सुनेर सासूका आँखामा आँसु भरियो। उनले बुहारीलाई अंकमाल गरेर रुँदै भनिन्– छोरी, आज मलाई थाहा भयो, तिमी मेरो घरकी बुहारी होइनौ, लक्ष्मी हौ। र, तिमीले हामी आमा-छोरालाई राम्ररी सम्हाल्न सक्छ्यौ भन्ने मलाई पूरा विश्वास भयो। अब मलाई कुनै चिन्ता छैन।

बुहारीले पनि आँसु झार्दै भनिन्– हजुर मेरी आमा हुनुहुन्छ। आमा-छोरीबिच सानातिना झगडा या भनाभन कसको हुँदैन ? तर, त्यसो भन्दैमा म मेरो घरको कुरा बाहिर अरूसँग गर्दै हिँड्न र मेरी आमाजस्तै हजुरलाई अरूले नानाभाँती भनेको कहिल्यै सुन्न सक्दिनँ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## मार्गप्रशस्त गरिदिनुपर्छ

'फिर्ता बोलाइए दलीय भागबन्डामा नियुक्त भएका ६ राजदूत' शीर्षकको समाचार पढियो। यथार्थमा यसरी राजनीतिक भागबन्डामा नियुक्ति पाएका कुनै पनि पदाधिकारीले नयाँ सरकार आउनासाथ राजीनामा गरेर मार्गप्रशस्त गरेर नैतिकता देखाउनुपर्ने हो। तर, नेपाली राजनीतिमा नैतिकताको जहिल्यै खडेरी देखिने गरेको छ। कुनै पदमा राजनीतिक नियुक्ति पाएका पदाधिकारीले नयाँ सरकार आएपछि पदबाट राजीनामा दिनुभन्दा पनि सरकारले हटाउँदा पनि मुद्दा लद्ने विडम्बना देखिने गरेको छ। यसअघिको सरकारले फिर्ता बोलाएकामध्ये केही राजदूतले राजीनामा दिए पनि केहीले भने परराष्ट्र मन्त्रालयमा हाजिर गरेर तलब खाइरहेका छन्। सायद अहिले फिर्ता बोलाएका राजदूतहरूले पनि सोही सिको गर्न बेर छैन।

● **शोभिता मण्डल**, गौरीघाट, काठमाडौं

## साइकलमाथि अनुसन्धान गर

मधेश सरकारको गौरवको आयोजनाका रूपमा सुरु गरिएको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' बन्द भएको समाचार पढियो। साथमा मधेशका छोरीचेलीको विद्यालय पुग्ने सपनामा सघाउन राज्यकोषबाट करोडौं खर्चिएर किनिएका झन्डै साढे पाँच हजार साइकल लक्षित समुदायको हातमा पर्नुअघि नै कबाडमा परिणत हुँदै गएको विषयमा किन कोही बोलिरहेका छैनन् ? किन जिम्मेवार अधिकारीलाई छानबिन गरी कारबाहीको दायरामा ल्याउन कसैले चासो दिएका छैनन् ?

● **विना गौतम**, इमाडोल, ललितपुर

## हाम्रो लाइसेन्स कहिले आउँछ ?

अब एकै दिनमा स्मार्ट लाइसेन्स छापिने र यसअघि छाप्न बाँकी रहेका करिब २९ लाख लाइसेन्स आगामी असार मसान्तसम्म छपाइ सम्पन्न गर्ने सरकारको लक्ष्यबारे समाचार सुन्दा खुसी लाग्यो। नवीकरण शुल्क बुझाएर लाइसेन्स हात पर्ने प्रतीक्षामा बसेको पनि तीन वर्ष हुन लागिसक्यो। तैपनि, अझै लाइसेन्स कहिले आउँछ, पत्तो छैन। त्यसैले, सरकारले स्मार्ट लाइसेन्स र राष्ट्रिय परिचयपत्र दुवै तत्काल उपलब्ध गराउन सकारात्मक पहल गरोस्।

● **नुमा परियार**, टोखा- ४, काठमाडौं

## संयमित भई पाइला चाल

बालेन सरकारले केही न केही राम्रो गर्छ भनेर जनताले धेरै आस गरेका छन्। यो आसलाई निराशामा परिणत गर्ने काम नहोस्। यतिखेर उत्ताउलो भएर हुँदैन, सोची, सम्झी र संयमित भई पाइला चाल्नुपर्ने अवस्था छ। त्यसैले, मन्त्रीहरू सचेत रहनू र मन्त्रालयमा आफ्ना मान्छे भर्ती गर्ने गलत काम नगरून्। देश बनाउने संकल्प लिएर मैदानमा आएका रवि र बालेनको टिमलाई सबै सांसद मन्त्रीले साथ दिऊन्। यहाँ एउटाले गरेर केही हुँदैन। अहिले जुन रफ्तारमा सरकार दौडिरहेको छ, त्यसले अलि समस्या सिर्जना गर्न पनि सक्छ। वर्षाको भेल भएर होइन, हिउँदको नदी बनेर अघि बढ्नुपर्छ सरकार। सरकार नीति, नियम र कानुनसम्मत चल्नुपर्छ। हिजो के भएको थियो ? के भएर विगतका सरकार असफल भएका थिए भन्नेबारे अहिलेका प्रधानमन्त्री र मन्त्रीहरूलाई पक्कै पनि जानकारी होला नै। अब त्यसैलाई निरन्तरता दिएर होइन, संयमित भएर फुकीफुकी पाइला चाल्नुपर्छ।


आखिर हतार के नै छ र ? प्रशस्त समय छँदै छ। नीति, नियम र कानुनअनुसार दोषीलाई कारबाही गरौं। रफ्तारमा गिरफ्तार गर्न अनि पछि छाड्ने रोग त पुरानै भइहाल्यो नि। अदालतले प्रमाण भएन भने त्यत्तिकै कसैमाथि कारबाही गर्न मिल्दैन। पछि अदालतलाई गाली गर्नुको अर्थ के नै रहन्छ र ? आफ्नै साख घट्छ। त्यसैले संयमित भई पाइला चाल सरकार !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

---

# बालबालिकामा सामाजिक सञ्जाल प्रतिबन्धको प्रभावकारिता

**धेरै अभिभावकले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने कानुन लागू भएदेखि १६ वर्षमुनिका सन्तानमा सकारात्मक र व्यावहारिक परिवर्तन देखेका थिए**



देश/विदेश

● सुसान एम सवेयर

१६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालको पहुँचमा प्रतिबन्ध लगाउने अस्ट्रेलियाको कानुन (यससम्बन्धी विश्वकै पहिलो राष्ट्रिय कानुन) तीन महिनादेखि कार्यान्वयनमा छ। प्रतिबन्धपछि यसको प्रभावबारे देशव्यापी बहस हुन थालेको छ। झन्डै ११ सय अस्ट्रेलियाली वयस्कमाथि गरिएका सर्वेक्षणबाट प्राप्त नयाँ तथ्यांकले केही सकारात्मक प्रभाव रहेको प्रमाण दिन्छ। 'युगोभ सर्वेक्षण'ले पत्ता लगायो कि धेरै अभिभावकले डिसेम्बर १०, २०२५ मा कानुन लागू भएदेखि १६ वर्षमुनिका आफ्ना बालबालिकामा सकारात्मक र व्यावहारिक परिवर्तन देखेका थिए। यद्यपि, यो विश्वव्यापी थिएन, केही अभिभावकले आफ्ना बालबालिकाको व्यवहारमा नकारात्मक परिवर्तन आएको पनि रिपोर्ट गरे।

यो तथ्यांकले अस्ट्रेलियाको अनलाइन सुरक्षा संशोधन (सामाजिक सञ्जाल प्रयोगमा न्यूनतम उमेर) ऐनको प्रभावलाई उजागर गर्छ। तर, यसका केही प्रमुख सीमितता पनि छन्। त्यसोभए सर्वेक्षणको नतिजाले वास्तवमा के देखाउँछ र त्यसलाई कसरी व्याख्या गर्नुपर्छ ?

**पहिलो कदम** : बालबालिकामा अनलाइन हानि रोक्न लागू गरिएको कानुनको प्रभाव मूल्यांकन गर्नुअघि हामीले प्रतिबन्धले काम गरिरहेको छ कि छैन भनेर जान्न आवश्यक छ। अस्ट्रेलियाको 'ई-सेफ्टी आयोग'ले संकलन गरेको प्रारम्भिक तथ्यांकले गत डिसेम्बरमा सामाजिक सञ्जाल प्लाटफर्मले १६ वर्षमुनिका बालबालिकाका ४७ लाख खाता हटाएको संकेत गरेको छ। यो तथ्यांकमा धेरै निष्क्रिय र डुप्लिकेट खाता पनि समावेश भएको बताइएको छ। फलस्वरूप, यसले प्रभावित बालबालिकाको वास्तविक संख्याको सही प्रतिनिधित्व नगर्न सक्छ।

केही हदसम्म लक्षित समूहले उमेर प्रमाणीकरण प्रतिबन्ध पनि छलिरहेका छन्, भनिएको छ। र, अभिभावकीय नियन्त्रण कम्पनी 'क्वस्टोडियो'को नयाँ तथ्यांकमा आधारित 'क्रिकी'को प्रतिवेदनले प्रतिबन्धको पहिलो तीन महिनामा १६ वर्षमुनिका बालबालिकामा सामाजिक सञ्जालको प्रयोग थोरै मात्र घटेको देखाएको छ।

**अभिभावक देख्दै छन् केही सकरात्मक प्रभाव** : युगोभले यस वर्षको जनवरी १२ देखि १४ मा अनलाइन सर्वेक्षण गरेको थियो। अर्थात् सामाजिक सञ्जालमा उमेर प्रतिबन्ध लागू भएको एक महिनाभन्दा बढी समयपछि सर्वेक्षण गरिएको थियो। १६ वर्षमुनिका बालबालिकाका अभिभावकमध्ये ६१ प्रतिशतले दुई-चारवटा सकारात्मक प्रभाव अवलोकन गरे। लगभग ४३ प्रतिशत अभिभावकले सामाजिक अन्तर्क्रियालाई जोड दिए भने ३८ प्रतिशतले आफ्ना बालबालिका अन्तर्क्रियाको समयमा बढी उपस्थित हुने गरेको बताए। त्यस्तै, ३८ प्रतिशतले प्रतिबन्धले अभिभावक र बालबालिकाबिचको सम्बन्धमा सुधार आएको रिपोर्ट गरे। तर, यी अभिभावकले नकारात्मक प्रभाव पनि रिपोर्ट गरे। लगभग २७ प्रतिशतले बालबालिकाहरू वैकल्पिक वा कम नियमन गरिएका प्लाटफर्ममा सरेको उल्लेख गरे। र, २५ प्रतिशतले सामाजिक सम्बन्ध, रचनात्मकता वा अनलाइनमार्फत साथीबाट प्राप्त हुने सहयोगमा कमी आएको धारणा राखे।

यस सर्वेक्षणमा दुईतिहाइ वयस्कले अभिभावकको बढी संलग्नताले प्रतिबन्धलाई अझ प्रभावकारी बनाउन सक्ने विश्वास गरे। र, ५६ प्रतिशतले कडा कार्यान्वयन र उमेर प्रमाणीकरणले यसको प्रभावकारितामा सुधार ल्याउनेमा सहमति जनाए।

**सर्वेक्षणका सीमा** : निराशाजनक के छ भने युगोभ सर्वेक्षणमा अभिभावकको अनुपात रिपोर्ट गरिएको छैन, न त उनीहरूका बच्चाहरूको वास्तविक उमेर नै। सर्वेक्षण गर्मी बिदाबिच भएकाले यसले के योगदान पुऱ्याएको हुन सक्छ भनेर जान्न गाह्रो छ, किनकि त्यतिबेला सामाजिक सञ्जालको प्रयोग सामान्यतया घट्छ। सामाजिक सञ्जाल खाताबाट 'निकालिएका' बालबालिकामा व्यावहारिक परिवर्तन अवलोकन गरिएको थियो कि थिएन भन्नेबारेमा हामीलाई थाहा छैन। महत्त्वपूर्ण कुरा, युगोभ सर्वेक्षणले युवाको आवाज समेट्न सकेको छैन।

**जारी छ अनुसन्धान** : हामी अहिले सामाजिक सञ्जालमा उमेर प्रतिबन्धको प्रभावको मूल्यांकन गर्ने एक अध्ययनमा संलग्न छौं। यो अध्ययनले युवाले निष्क्रिय 'सेन्सिङ' प्रविधि प्रयोग गरेर विभिन्न सामाजिक सञ्जाल एपमा वास्तवमा कति समय बिताउँछन् भन्ने मापन गर्छ। १७१ युवाबाट संकलन गरिएको हाम्रो आधारभूत तथ्यांक (नयाँ नियम लागू हुनुअघि संकलन गरिएको)ले 'सबै किशोर-किशोरी सामाजिक सञ्जाल प्रतिबन्धविरुद्ध छन्' भन्ने प्रचलित कथ्यको विरोध गर्छ।

वास्तवमा, १३ देखि १६ वर्षका ४० प्रतिशत बालबालिकाले कानुनको समर्थन गरेका कारण थप सूक्ष्म परीक्षण आवश्यक रहेको सुझाव दिइएको थियो। युवाले सामाजिक सञ्जाल प्रयोग गर्ने आफ्नै अनुभवमा पनि अन्तर्दृष्टि देखाए। छोटो भिडियो हेर्नु सबैभन्दा धेरै रिपोर्ट गरिएको गतिविधि थियो। तर, केवल १६ प्रतिशतले यो आफ्नो समयको उचित सदुपयोग हो भन्ने सोचेका थिए। अस्ट्रेलियाकी ई-सुरक्षा आयुक्त जुली इनम्यान ग्रान्ट पनि बालबालिकामा सामाजिक सञ्जाल प्रतिबन्धको प्रभावबारे व्यापक मूल्यांकन गर्न प्रतिबद्ध छिन्। ई-सुरक्षा आयोगले स्ट्यानफोर्ड विश्वविद्यालयको सामाजिक सञ्जाल प्रयोगशाला (प्रमुख शैक्षिक साझेदार) र ११ सदस्यीय शैक्षिक सल्लाहकार समूहबिचको सहकार्यमा प्रतिबन्धको प्रभावबारे जाँच गर्ने लक्ष्य राखेको छ।

सामाजिक सञ्जालमा पहुँचको आनन्द लिइसकेका बालबालिकामा तत्काल फाइदाको अपेक्षा गर्नुको सट्टा, हामी अर्को पुस्ताका बालबालिकामा बलियो प्रभाव देख्न सक्छौं, जसका आमाबाबुले उनीहरूलाई सामाजिक सञ्जालको पहुँचमा रोक लगाएका छन्।

*(सवेयर मेलबर्न विश्वविद्यालयको किशोर स्वास्थ्यकी प्राध्यापक हुन्)*
*द कन्भर्सेसनबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# जीवाश्म इन्धनमाथिको निर्भरता अन्त्य गर्ने दिशामा नयाँ विश्व प्रयास

८५ देशले जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउन रोडम्याप बनाउन खोजेका छन्। यसै महिना हुने 'जस्ट ट्रान्जिसन समिट'ले उनीहरूलाई एकताबद्ध बनाउनेछ।

इरान युद्ध खासमा एक जलवायु युद्ध पनि हो। यसले निम्त्याएको भयानक मानवीय क्षतिका अतिरिक्त तेल, ग्यास, मल र अन्य ढुवानीमा पुऱ्याएको अवरोधले विश्व अर्थतन्त्र अहिले तरंगित छ। यसले धेरैलाई जीवाश्म इन्धनमा आधारित अर्थतन्त्रमा निहित जोखिमबारे पुनः एकपटक अवगत गराएको छ। विश्वभरका पेट्रोस्टेट (प्रमुख पेट्रोलियम उत्पादक मुलुक) ले वर्षौंदेखि अत्यन्त आवश्यक सुधारलाई रोक्न भरमग्दुर प्रयास गरिरहेका छन्, जसमा हालसम्म उनीहरू धेरै हदसम्म सफल देखिन्छन्।

गत नोभेम्बरमा आयोजना भएको संयुक्त राष्ट्र संघीय जलवायु शिखर सम्मेलन (कोप ३०)मा, पेट्रोस्टेटहरूले विश्वव्यापी रूपमा जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने 'रोडम्याप' विकास गर्ने आह्वानविरुद्ध भिटो प्रयोग गरे। पेट्रोस्टेटहरूको त्यस समूहको नेतृत्व साउदी अरबले गरेको थियो।




'जस्ट ट्रान्जिसन समिट'मा भाग लिने ८५ देशको कुल राष्ट्रिय उत्पादन(जिडिपी) ३३.३ ट्रिलियन डलर हुन्छ, जुन हाल विश्वको सबैभन्दा ठुलो अर्थतन्त्र अमेरिकाको जिडिपीभन्दा ठुलो हो। तिनले सबैले स्विकार्न सक्ने गरी विश्वसनीय रोडम्यापको रूपरेखा बनायो भने यसले विश्वभरका वित्तीय बजार, सरकारका मन्त्रालय र शीर्ष व्यापारिक घरानामा तरंग ल्याउनेछ।





● मार्क हट्र्सगार्ड ● काइल पोप

मार्क हट्र्सगार्ड र काइल पोप जलवायुसम्बन्धी विश्वव्यापी पत्रकारिताको सहकार्य 'कभरिङ क्लाइमेट नाउ'का सह-संस्थापक हुन्।

कोप ३० मा अन्तिममा सहमत भएको पाठमा 'जीवाश्म इन्धन' शब्द उल्लेखसमेत गरिएन।

तर, बिस्तारै आशाको सानो भने पनि किरण क्षितिजमा देखिन थालेको छ। यस भिटोको कारण सबैभन्दा ठुलो असर भोग्ने ८५ देशले चाँडै परिस्थिति उल्टाउन सक्छन्। ती सरकारमध्ये धेरैले २८-२९ अप्रिलमा कोलम्बियामा तेल, ग्यास र कोइलाबाट विश्वव्यापी संक्रमण सुरु गर्नेसम्बन्धी सम्मेलनमा भेला हुँदै छन्। महत्त्वपूर्ण रूपमा जीवाश्म इन्धनबाट टाढा न्यायपूर्ण संक्रमणमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलन संयुक्त राष्ट्र संघको नियमद्वारा शासित हुनेछैन। संघले गर्ने सम्मेलनमा प्रायः सबै सहमति आवश्यक पर्छ। अहिले हुने भेलाले भने बहुमतको नियममार्फत निर्णय गर्नेछ। यस प्रक्रियामा कोप ३० मा मुठीभर पेट्रोस्टेटले समग्र प्रगतिमा अवरोध पुऱ्याएजस्तो गर्न सक्दैनन्।

अझ यस सम्मेलनको अन्तर्निहित आधारभूमि मुख्यतया राजनीति नभएर अर्थशास्त्र हुनेछ। अर्थात्, अब कूटनीतिक शब्दजालमार्फत चतुर वार्ताकारले अर्थको अनर्थ बनाउन सक्दैनन्, बरु विश्व अर्थतन्त्रलाई आकार दिने बलियो बजार शक्तिले नियम बनाउनेछन्, जसमा सम्भावित आर्थिक महाशक्तिको पनि सहभागिता हुनेछन्।

सम्मेलनलाई कोलम्बिया र नेदरल्यान्ड्सले सह-प्रायोजित गरेका छन्। यी दुई मुलुकको प्रायोजन आफैंमा प्रतीकात्मक छ। कोलम्बिया विश्वको पाँचौं ठुलो कोइला निर्यातकर्ता मुलुक हो भने नेदरल्यान्डको रोयल डच सेल विश्वको सबैभन्दा ठुलो तेल कम्पनीमध्ये एक हो। सम्मेलन आयोजकले कोप ३० मा जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने रोडम्याप प्रस्तावलाई समर्थन गर्ने देशदेखि शक्तिशाली क्षेत्रीय सरकारसम्मलाई आमन्त्रित गरिएको पुष्टि गरेका छन्।

सम्मेलनले कोप ३० मा रोकिएको रोडम्यापको रेखाचित्र तयार गर्ने लक्ष्य राखेको छ। 'कोलिसन अफ बिलिङ (इच्छुकहरूको गठबन्धन)' भनेर चिनिने विश्वभरका सरकारका ऊर्जा तथा वातावरणमन्त्रीले तिनको अर्थतन्त्रलाई तेल, ग्यास र कोइलामाथिको प्रयोग घटाउने योजना अघि सार्नेछन्। तथापि, यस क्रममा ती देशका श्रमिक र आमसमुदायलाई पछाडि नछोडियून् भन्ने सुनिश्चित गर्नुपर्ने हुन्छ। सरकारका अतिरिक्त सम्मेलनमा जलवायु अभियन्ता, आदिवासी अभियनमा संलग्न, ट्रेड युनियन प्रतिनिधि र अन्य नागरिक समाजका आवाज सहभागी हुनेछन्। सबै मिलेर जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने अमूर्त लक्ष्यलाई व्यावहारिक वास्तविकतामा कसरी बदल्नेबारे विचार र अनुभव साझा गर्नेछन्।

सम्मेलनको लक्ष्य 'व्यवहारमा उतार्न सकिने समाधान'मा सहमति कायम गर्नु हो। आगामी अन्य बैठकले तिनलाई थप परिष्कृत गर्न सक्छन्, ताकि विश्वभरका सरकारले तिनलाई कार्यान्वयनमा लान कठिनाइ महसुस नगरून्। बहसको केन्द्रमा रहेको विषयमध्ये एक जीवाश्म इन्धनमा विश्वभरका सरकारले बर्सेनि खर्चने सात ट्रिलियन (७० खर्ब) डलर रकम कसरी चरणबद्ध हटाउने भन्ने पनि रहनेछ। तर, यसको कार्यान्वयनका क्रममा यो अनुदानमा निर्भर समुदाय, श्रमिक र कर आधारलाई दण्डित नगर्ने पनि सुनिश्चित गर्नुपर्छ।

कोलम्बियामा भेला हुने 'कोलिसन अफ बिलिङ (इच्छुकहरूको गठबन्धन)'को शक्ति आर्थिक महाशक्तिको रूपमा काम गर्न सक्ने यसको क्षमतामा निर्भर हुनेछ। कोप ३० मा कम्तीमा ८५ देशले जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने 'रोडम्याप' विकास गर्न समर्थन जनाएका थिए। तिनमा विश्वको तेस्रो, छैटौं, सातौं र १२औं ठुलो अर्थतन्त्र भएका सम्पन्न देश जर्मनी, बेलायत, फ्रान्स र स्पेन पनि समावेश थिए। त्यस्तै, विश्वको १०औं र १३औं ठुलो अर्थतन्त्र भएका ग्लोबल साउथका देश ब्राजिल र मेक्सिकोले पनि यो उपायलाई समर्थन गरेका थिए। ती ८५ देशको कुल राष्ट्रिय उत्पादन जोड्ने हो भने ३३.३ ट्रिलियन डलर हुन्छ, जुन हाल विश्वको सबैभन्दा ठुलो अर्थतन्त्र अमेरिकाको ३०.६ ट्रिलियनको 'कुल राष्ट्रिय उत्पादन (जिडिपी)'भन्दा ठुलो हो। यही आर्थिक शक्तिले ती ८५ देशलाई ठुलो लाभ दिन सक्छ। यदि 'जस्ट ट्रान्जिसन समिट'मा भाग लिने देशले सबै देशले स्विकार्न सक्ने गरी जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने विश्वसनीय रोडम्यापको रूपरेखा बनायो भने यसले विश्वभरका वित्तीय बजार, सरकारका मन्त्रालय र शीर्ष व्यापारिक घरानामा तरंग ल्याउनेछ।

पैसाले पैसालाई पछ्याउँछ। यदि विश्वव्यापी अर्थतन्त्रको एक विशाल हिस्साले जीवाश्म इन्धनलाई परित्याग गर्ने बलियो इच्छा प्रदर्शन गर्दै त्यस दिशामा पारदर्शी, विश्वस्त योजना अघि सारे भने त्यसले खनिज इन्धन लगानीमाथि नै प्रश्न उठाउँछ। त्यसपछि तेल अन्वेषण, कोइला खानी वा ग्यास टर्मिनलमा निजी तथा सरकारी लगानी गर्नु पैसा डुबाउनु हुने ठहरिनेछ। सन् २०१५ को पेरिस सम्झौतापछि पनि त्यस्तै भएको थियो। त्यति बेला संसारभरका सरकारले विश्वव्यापी तापक्रम वृद्धिलाई दुई डिग्री सेल्सियसभन्दा तल सीमित गर्ने वाचा गरेका थिए।

लगत्तै सार्वजनिक र निजी क्षेत्रका नेताले मार्ग परिवर्तन गर्न थाले। जीवाश्म इन्धन विस्तारलाई केही समय रोकियो। नवीकरणीय ऊर्जामाथि लगानी बढ्यो। पेरिस सम्झौताअघि ग्रह चार डिग्री सेल्सियसको तापक्रम वृद्धिको नरकमय बाटोमा थियो। पाँच वर्षपछि, उत्सर्जन प्रवृत्ति अहिले २.७ डिग्री सेल्सियस हुने दिशामा अघि बढेको देखिन्छ। यो अझै पनि उचित तापक्रमभन्दा उच्च नै हो। तथापि, यो सही दिशातर्फको ठुलो कदम हो। साथै यो परिवर्तन सम्भव छ भन्ने प्रमाण पनि हो।

यदि क्यालिफोर्नियाजस्तो प्रभावशाली क्षेत्रीय सरकार पनि यस 'इच्छुकहरूको गठबन्धन'मा सामेल भयो भने सन्देश झन् राम्रो जानेछ। कोप ३० मा रोडम्यापलाई समर्थन गर्ने ८५ देशहरूको जिडिपीको कुल योग ३३.३ ट्रिलियन अमेरिकी डलर रहेकोमा त्यसमा क्यालिफोर्नियाको ४.१ ट्रिलियन डलर थप्दा गठबन्धनले निकै बलियो आर्थिक महाशक्ति प्राप्त हुन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकालाई पेरिस सम्झौताबाट फिर्ता लिँदा पनि क्यालिफोर्नियाले हरियो प्रविधिमाथि लगानी गरेर बाँकी देशभन्दा भिन्न दिशामा जाने साहस गरेको छ।

'जस्ट ट्रान्जिसन सम्मेलन'ले जलवायु परिवर्तनको सामान्य भाष्यमा प्रायः छुट्ने एउटा पक्षमा जोड दिन्छ, विश्वका धेरैजसो मानिस, अर्थात् ८०-८९ प्रतिशत नागरिक आफ्नो देशको सरकारले बलियो जलवायु कदम चालोस् भन्ने चाहन्छन्। वैज्ञानिकहरू लामो समयदेखि स्पष्ट छन् कि जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा बन्द गर्नु विश्वव्यापी तापक्रम नियन्त्रणमा राख्ने एक मात्र विकल्प हो। यस्तोमा यस सम्मेलन उक्त भाष्यलाई उल्ट्याउने र त्यो अत्यावश्यक कदम सुरु गर्ने अवसर हो।

- द गार्जियनबाट

## इतिहासमा आज




**सन् १९२९** : भारतीय स्वतन्त्रता सेनानी भगत सिंह र बटुकेश्वर दत्तले दिल्लीस्थित केन्द्रीय विधायिकी सभाअघिको खाली ठाउँमा बम फालेर नारा लगाए।

**सन् १२३२** : जनरल सुबेदेईको नेतृत्वमा रहेको मंगोल सेनाले चीनको जिन वंशको राजधानी केइफेङको एक वर्ष लामो घेराबन्दी सुरु गऱ्यो। यही क्रममा विश्वमा पहिलोपटक युद्धमा बारुदको प्रयोग भएको विश्वास गरिन्छ।

**सन् १८७९** : न्युयोर्क सहरको 'इको फार्म्स डेयरी'ले विश्वमा पहिलोपटक दुधलाई सिसाको बोतलमा राखेर बेच्यो।

**सन् १८८६** : ब्रिटिस प्रधानमन्त्री विलियम ग्ल्याडस्टोनले आयरल्यान्डमा बढ्दो स्वतन्त्रताको मागलाई साम्य पार्न संसद्मा पहिलो आरिस 'होम रुल बिल' ल्याए।

**सन् १९०२** : 'बक्सर विद्रोह'का क्रममा दुई वर्षअघि रुसले कब्जामा लिएको मन्चुरिया क्षेत्रबाट रुसी फौज अठार महिनाभित्र चरणबद्ध रूपमा फर्किने सम्झौतामा चीन र रुसले सहमति जनाए।

**सन् १९०४** : न्युयोर्क सहरका मेयर जर्ज म्याक्केलनले लङ्-एकर स्क्वार(चोक)को नाम बदलेर टाइम्स स्क्वायर राख्यो। सो नाम 'द न्युयोर्क टाइम्स'ले आफ्नो मुख्यालय त्यस चोकमा बनेको भवनमा सरेको सम्मानमा राखिएको थियो।

**सन् १९१३** : अमेरिकाको संविधानको १७औं संशोधनले प्रत्येक राज्यबाट दुई सिनेटर प्रत्यक्ष निर्वाचित हुनुपर्ने व्यवस्था गऱ्यो। संशोधनअघि प्रत्येक राज्यका विधायकले सिनेटर चुनेर पठाउँथे।

**सन् १९४३** : अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्टले विश्वयुद्धका क्रममा बढ्दो मुद्रास्फीति नियन्त्रणमा लिन ज्याला तथा मूल्य स्थिर गरे।

**सन् १९५२** : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले कोरियाली युद्धका क्रममा स्टिल मिल्समा हडताल हुन नदिने आफ्ना वित्तमन्त्री चार्ल्स स्वयरलाई देशका सबै स्टिल मिल नियन्त्रणमा लिएर सञ्चालन गर्न निर्देशन दिए।

**सन् २०२०** : यमनमा साउदी अरब नेतृत्वमा हुथी विद्रोहीमाथि भइरहेको बमबारी पाँच वर्षपछि पहिलोपटक रोकियो। कोरोना विस्तार रोक्ने बहानामा कारबाही रोकिएको थियो।

# ट्रम्प, इरान युद्ध र राष्ट्रपतीय शक्तिका सीमा



● फ्र्यांक एफ इस्लाम

फ्र्यांक एफ इस्लाम वासिंटन डिसीस्थित एक उद्यमी र नागरिक नेता हुन्।



युद्ध लामो समयदेखि अमेरिकी राष्ट्रपति शक्तिको अन्तिम परीक्षा र अतिक्रमणका लागि सबैभन्दा खतरनाक क्षेत्र मानिन्छ। शक्ति प्रदर्शनको रूपमा सुरु हुने यो विषय चाँडै जोखिमको स्रोत बन्न सक्छ। त्यो ढाँचा इरानसँग अमेरिकाको चलिरहेको द्वन्द्वमा देखा पर्न थालेको छ, युद्ध कसरी सुरु भयो र अहिले कसरी फैलिरहेको छ भन्ने कुरा हेर्दा थाहा लाग्छ। ह्वाइट हाउसका वर्तमान अतिक्रमणकारीले पनि त्यो वास्तविकताको सामना गरिरहेका हुन सक्छन्। संकेत मान्ने हो भने डोनाल्ड ट्रम्प नवरुढिवादीहरूको समूह र इराक युद्धका शिल्पकारको सल्लाहमा युद्धमा गएका हुन सक्छन्।

ट्रम्पलाई दक्षिण क्यारोलिनाका सिनेटर लिन्डसे ग्राहम र टेक्सासका टेड क्रुजजस्ता युद्ध समर्थकको सल्लाहसँगै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको सुझाव थियो। उनले आफ्ना तीनवटै राष्ट्रपति अभियानमा पश्चिम एसियामा अर्को युद्धमा नगर्ने वाचा गरेका थिए। अमेरिकी गुप्तचर समुदायले इरान आणविक हतियार विकास गर्ने अवस्थानजिक नभएको र यदि तेहरानले आक्रमण गरेमा उसले खाडी राज्यलाई लक्षित गर्नेछ र हर्मुजको जलमार्ग बन्द गर्न सक्छ भन्ने स्पष्ट चेतावनीका बाबजुद पनि उनी युद्धमा होमिए।

त्यो निर्णयको परिणाम अहिले प्रस्ट रूपमा देखिँदै छ। तेलको मूल्य बढेको छ, विश्वव्यापी बजारमा कम्पन आएको छ र अमेरिकामा आर्थिक प्रभाव महसुस गरिँदै छ। बढ्दो ऊर्जा लागत र मुद्रास्फीतिको चिन्ताबिच व्यापार गतिविधि सुस्त भएको छ, जसले द्वन्द्वको व्यापक परिणामलाई प्रतिबिम्बित गर्छ। अझ महत्त्वपूर्ण, युद्धका लागि समर्थन घट्दै गएको छ। राष्ट्रपति ट्रम्पको अनुमोदन दरमा ह्वात्तै गिरावट आएको छ। अधिकांश अमेरिकीहरूले द्वन्द्व र यसको आर्थिक परिणामलाई अस्वीकार गरिरहेका छन्। राष्ट्रपतिले युद्धमा हात हाल्नु गम्भीर भूल भएको उनीहरूको राय छ।

ट्रम्प प्रशासनले युद्धको उद्देश्य नै स्पष्ट नगरेको धेरै अमेरिकीहरूलाई लागेको छ। यो कुरामा राष्ट्रपतिको शक्तिले आफ्नो सीमा नाघेको छ- विदेशमा नभई स्वदेशमा। अमेरिकी राष्ट्रपतिलाई देशका जनतालाई युद्धले उनीहरूको भलाइका गर्छ भनेर विश्वस्त पार्नुभन्दा अन्य राष्ट्रलाई धुँडा टेकाउन सजिलो हुन सक्छ। विदेश नीति लागू गर्न सकिन्छ, तर घरेलु वैधता लागू गर्न सकिँदैन।

युद्ध, विशेषगरी व्यापक सार्वजनिक समर्थनविना गरिएका युद्धले समयसँगै त्यो वैधतालाई क्षय गर्ने प्रवृत्ति राख्छन्। ट्रम्पले इरान द्वन्द्वमा यो निश्चितताका साथ प्रवेश गरेको देखिन्छ कि उनी यसको प्रक्षेपण नियन्त्रण गर्न सक्छन्। तर, युद्धहरू त्यसलई सुरु गर्नेहरूको नियन्त्रणभन्दा बाहिर जान पनि सक्छन्। राष्ट्रपतिहरू यस्ता क्षणमा कसरी आइपुग्छन् भनेर बुझ्न आवश्यक छ। नेताहरूले राष्ट्रपतिको शक्तिको प्रकृतिलाई विचार गर्नुपर्छ।

प्रायः भनिएको छ कि अमेरिकाका राष्ट्रपति केवल लाक्षणिक रूपमा मात्र नभई शाब्दिक रूपमा पनि एउटा 'फोका'मा बस्छन्। उनी संस्था, सल्लाहकार र शक्ति संरचनाका तहले घेरिएका हुन्छन्। सबैले उनको ध्यान पाउन प्रतिस्पर्धा गर्छन् र उनको विश्वदृष्टिकोणलाई आकार दिन्छन्। समयसँगै, त्यो वातावरणले अजेयताको भ्रम पैदा गर्न सक्छ। त्यो भ्रमले बारम्बार खराब निर्णय निम्त्याउँछ।

ट्रम्पमा यो मानसिकता निश्चित रूपमा स्पष्ट देखिन्छ। उनले सधैं पूर्ण आत्मविश्वासको छवि प्रस्तुत गरेका छन्। यो एक मानसिकता हो, जसले उनलाई राजनीतिमा फाईदा पुऱ्याएको छ। यसले उनलाई संस्थाहरूलाई ध्वस्त पार्न, विपक्षीलाई पराजित गर्न र उल्लेखनीय गतिमा आफ्नो इच्छा थोप्न अनुमति दिएको छ। दोस्रो कार्यकालमा सुरु गर्दा ट्रम्प आफ्नो शक्तिको शिखरमा पुगेको देखिन्थ्यो। अनुपालन गर्ने कांग्रेस र बफादार राजनीतिक आधारका साथ, उनी अमेरिकी राज्य र विश्वव्यापी व्यवस्थालाई पुनः आकार दिन आक्रामक रूपमा अघि बढे। आप्रवासनमाथिको कारबाहीदेखि विश्वविद्यालयसँगको टकरावसम्म, शुल्क युद्धदेखि विदेशमा नाटकीय हस्तक्षेपसम्म, उनको राष्ट्रपति पदलाई अवरोध र अराजकताले परिभाषित गरिएको छ।

तर, संयमविना प्रयोग गरिएको शक्ति बिरलै अनुत्तरित नै रहन्छ। यसले आफ्नै हिसाबकिताब माग गर्छ। ट्रम्पका लागि त्यो हिसाबकिताब इरान हुन सक्छ। युद्धजस्ता प्रमुख घटना केवल राष्ट्रपतिको इच्छामा झुक्दैनन्। धेरैजसो, तिनीहरूले राष्ट्रपति पदलाई परिभाषित गर्छन्, राष्ट्रपतिलाई सीमित गर्छन् र कहिलेकाहीं तिनीहरूको करिअर नै ध्वस्त पारिदिन्छन्।

तत्कालीन राष्ट्रपति लिन्डन बी जोनसनको शासनकाल भियतनाम युद्धको भारले यति हदसम्म पतन भयो कि उनले पुनः चुनाव लड्न पनि सकेनन्। अफगानिस्तान र इराकमा युद्ध सुरु गर्दा जर्ज डब्लु बुसको अत्यधिक जनसमर्थन थियो। तर द्वन्द्वमा तानिएपछि उनले गहिरो अलोकप्रियतासँगै पद छाड्नुपर्यो।

यसले युद्ध र त्यसप्रति नागरिकको प्रतिक्रियाको वर्तमान अवस्था नयाँ होइन भन्ने देखाउँछ। मानव इतिहासमा थोरै व्यक्तिले आधुनिक अमेरिकी राष्ट्रपतिले जस्तो शक्ति प्रयोग गर्नसके। संसारको सबैभन्दा शक्तिशाली व्यक्तिको रूपमा अतुलनीय सैन्य, राजनीतिक र आर्थिक शक्तिको नेतृत्व गर्दै अमेरिकी राष्ट्रपतिले राष्ट्रहरूको भाग्य परिवर्तन गर्न सक्छन्, विश्वव्यापी संकटलाई आकार दिन सक्छन् र अमेरिकाको सिमानाभन्दा टाढा लाखौंको जीवनलाई असर गर्न सक्छन्। यसका बाबजुद राष्ट्रपतिले आफ्नो कदमको प्रतिक्रियामा के हुन्छ भन्ने कुरामा पूर्ण नियन्त्रण राख्दैनन्।

इतिहासले देखाउँछ कि राष्ट्रपतिहरूले घटनालाई आकार दिन सक्छन्, तर तिनीहरूले अन्ततः घटनाका लागि आदेश दिन सक्दैनन्। अन्यथा, विश्वास गर्नेहरूले प्रायः पत्ता लगाउँछन् कि शक्तिको सीमा हुन्छ र परिणाम पनि। इरान द्वन्द्वले राष्ट्रपतिको शक्तिको सीमा र ती सीमा पार गर्ने प्रयासको परिणाम प्रकाश पार्न थालेको छ। यो ट्रम्पका लागि गणनाको क्षण साबित हुन सक्छ। समयले बताउनेछ कि अन्तिम परिणाम के हुनेछ र त्यो गणनाको मूल्य कसले तिर्नेछ।

हिन्दुस्तान टाइम्सबाट

## ■ इरानी सभ्यता नष्ट गरिदिने चेतावनी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै इरानी सभ्यता नै नष्ट गरिदिने चेतावनी दिएका छन्। ऊर्जा संयन्त्र, पुलहरूलाई निसाना बनाउने चेतावनी दिएको एक दिनपछि ट्रम्पको यस्तो चेतावनी आएको हो। 'आज राति सम्पूर्ण इरानी सभ्यता नष्ट हुनेछ,' ट्रम्पले ट्रुथ सोसियलमा लेखे,' तथापि उनले अगाडि केही संयमता देखाउँदै लेखेको छन्, 'म त्यस्तो होस् भन्ने चाहन्न, तर यो सम्भवतः हुनेछ।' पछिल्लो पोष्टलाई धेरैले ट्रम्पको मापदण्डअनुसार पनि चर्को बयानबाजी बताएका छन्। यसअघि उनले आक्रमण बढाउनेजस्ता चेतावनी मात्र दिने गर्थे। तर, अहिले उनी धेरै अगाडि बढेर एउटा सम्पूर्ण सभ्यता नै नष्ट गर्ने धम्की दिने अवस्थामा पुगेका छन्। इरानको विशाल आकारका आधारमा त्यति ठुलो लक्ष्य हासिल गर्न अविश्वसनीय रूपमा विशाल बमबारी आवश्यक पर्नेछ। ट्रम्पले इरानलाई स्ट्रेट अफ हर्मुज खोल्न मंगलबार मध्यरात (नेपाली समयअनुसार बुधबार बिहान ५:४५ )सम्मको समयसीमा तोकेका थिए। सोही समयसीमाभित्र आफ्नो माग पूरा नभएर उक्त विनाश निम्त्याइदिने उनको चेतावनी हो।

# सयभन्दा बढी बालबालिकाको मृत्युपछि बंगलादेशमा दादुरा खोप अभियान

**ढाका**/ बंगलादेश अहिले वर्षौंयताको सबैभन्दा खराब दादुरा प्रकोपसँग जुधिरहेको छ। खोप नलगाइएका शिशुमा दादुरा देखिएर मर्नेको संख्या बढ्दै गएर १०० नाघेपछि सरकार पनि चिन्तित बनेको छ। मार्चदेखि ९०० भन्दा बढी बालबालिकामा दादुरा पुष्टि भएपछि सरकारले संयुक्त राष्ट्र संघसँगको साहकार्यमा देशभरका बालबालिकाका लागि आपत्कालीन दादुरा-रुबेला खोप अभियान सञ्चालन गर्ने भएको छ।

विगतमा दादुराविरुद्धको व्यापक खोप अभियानका कारण रोग नियन्त्रणमा ठुलो उपलब्धि हासिल भए पनि खोपदरमा आएको गिरावटका कारण हालै पुनरुत्थान देखिएको सरकारले बताएको छ। बंगलादेशमा दादुराका लागि बाल खोप कार्यक्रम लागू छ। नवनिर्वाचित सरकारले देशमा देखिएको राजनीतिक अस्थिरताका कारण खोप कार्यक्रम प्रभावित हुँदा अहिले प्रकोप देखिएको बताएको छ।

संयुक्त राष्ट्र संघका अनुसार रोग फैलिनबाट रोक्न ९५ प्रतिशत जनसंख्यालाई खोप लगाउनु आवश्यक हुन्छ। अब सुरु हुने आपत्कालीन अभियान पहिले उच्च जोखिम भएका जिल्लामा केन्द्रित गरिनेछ। त्यस भेगका ६ महिनादेखि पाँच वर्ष उमेरका बालबालिकामा अभियान केन्द्रित हुनेछ, त्यसपछि देशभर विस्तार गरिनेछ।



हाल बंगलादेशमा दादुराबाट प्रभावितमध्ये एकतिहाइ नौ महिनाभन्दा कम उमेरका बालबालिका छन्। बंगलादेशका नवनियुक्त स्वास्थ्यमन्त्री सरदार मोहम्मद सखावत हुसेनले पछिल्लो प्रकोपबारे उठेको प्रश्नको जवाफ दिन सोमबार संसदमा उपस्थिति भए। उनका अनुसार सन् २०२४ मा विद्रोहबाट तत्कालीन प्रधानमन्त्री सेख हसिना अपदस्थ भएपछिको दुई वर्षको अवधिमा राजनीतिक अस्थिरताका कारण खोप खरिदमा अवरोध पुगेको र यसले दादुरा खोप अभियान सञ्चालनमा असर परेको बताए।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २५ चैत ०८२

## संक्षेप


### योजना आयोगको उपाध्यक्षमा डा. भट्ट



**काठमाडौं**/ सरकारले मुलुकको आर्थिक प्रशासन र योजना निर्माणका दुई महत्त्वपूर्ण निकायमा नयाँ नियुक्ति गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. गुणाकर भट्ट नियुक्त गर्ने निर्णय गरेको हो। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले अर्थशास्त्री डा. गुणाकर भट्टलाई योजना आयोगको नेतृत्व सम्हाल्ने जिम्मेवारी दिएको छ। यसअघि नेपाल राष्ट्र बैंकको गभर्नर पदका लागि समेत चर्चामा रहेका भट्टलाई सरकारले विकास योजना तर्जुमाको सर्वोच्च निकायमा ल्याएको हो।

त्यस्तै, नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि गठन हुने सिफारिस समितिको संयोजकमा समेत आयोगको उपाध्यक्ष रहनुपर्ने व्यवस्था बिमा ऐनमा छ।

### डेपुटी गभर्नरले लिए शपथ



**काठमाडौं**/ सरकारले नेपाल राष्ट्र बैंकको नवनियुक्त डेपुटी गभर्नरमा किरण पण्डितलाई नियुक्त गरेको छ। मंगलबार नियुक्त पण्डितले गभर्नर प्राडा विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिइसकेका छन्। उनले आजै पदबहालीसमेत गरे।

डेपुटी गभर्नर पण्डितले २ माघ ०६२ मा सहायक निर्देशकका रूपमा बैंकिङ सेवामा प्रवेश गरेका थिए। उनी ०६८ सालमा उपनिर्देशक, ०७४ सालमा निर्देशक हुँदै ०८१ फागुन १ गते कार्यकारी निर्देशकमा पदोन्नति भएका थिए। राष्ट्र बैंकमा दुईवटा डेपुटी गभर्नर रहने व्यवस्था छ। एकैपटक रिक्त भएका यी दुई पदमा एकजना मात्रै नियुक्त गरिएको हो।

### सामान्य घट्यो नेप्से

**काठमाडौं**/ दोम्रो बजार नेप्से परिसूचक सामान्य अंकले घटेको छ। मंगलबार नेप्से २.६१ अंकले घटेर २७५७.४० विन्दुमा कायम भएको हो। यसअघि आइतबार १०५ अंकले घटेको नेप्से सोमबार ८३ अंकले वृद्धि भएको थियो।

मंगलबार कारोबार रकममा समेत गिरावट आएको छ। तीन सय ४५ कम्पनीका एक करोड ७४ लाख ६ हजार कित्ता सेयर ६ अर्ब ७३ करोड ७१ लाख ४८ हजार रुपैयाँबराबरमा खरिद-बिक्री भएको हो। अघिल्लो दिन पौने ११ अर्बको सेयर कारोबार भएको थियो।

# पेट्रोलियम पदार्थको मूल्य बढ्न नदिन सरकारले दियो मासिक तीन अर्ब कर छुट

## भन्सार र पूर्वाधार करमा ५०% छुट, निगमले अब पेट्रोलमा १७.६१, डिजेलमा ११.०१ र मट्टीतेलमा ६.०१ रुपैयाँ छुट पाउने



● **प्रतिभा रावल**, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री

पेट्रोलियमको मूल्य समायोजन गर्नु व्यावहारिक देखिएको छ। पेट्रोलियम पदार्थको खपत नियन्त्रणका लागि आइतबार पनि सार्वजनिक बिदा, शैक्षिक सत्र वैशाख १५ गतेबाट, थोक बिक्री नियन्त्रण र उच्चपदस्थको इन्धन कोटा कटौती गरिसकिएको छ। आवश्यक परे जोर-बिजोर प्रणाली पनि सरकारले लागू गर्नेछ। 'वर्क फ्रम होम' र विद्युतीय साधनको प्रयोग बढाउन सरकार आह्वान गर्दछ। पेट्रोलमा इथानोल मिश्रणको तयारी भइरहेको छ र यसको पूर्वाधार विकासका लागि सरकार प्रतिबद्ध छ।



● **नागेन्द्र साह**, नायब कार्यकारी निर्देशक, निगम

पेट्रोल, डिजेल र मट्टीतेलमा कर छुटको निर्णयपछि मासिक तीन अर्ब रुपैयाँ सहुलियत हुने देखिन्छ। सरकारको यस्तो निर्णयले पेट्रोलियम पदार्थको मूल्य नियन्त्रणका लागि सहयोग पुग्छ। आयल निगमले मासिक औसत ११ अर्ब रुपैयाँ कर तिर्दै आएकोमा तीन अर्ब छुट हुने भएको छ।

**अजित अधिकारी**/नयाँ पत्रिका

सरकारले मासिक कम्तीमा तीन अर्ब रुपैयाँ छुट दिने गरी पेट्रोलियम पदार्थमा लाग्दै आएको भन्सार शुल्क र पूर्वाधार करमा ५०-५० प्रतिशत कर कटौती गर्ने निर्णय गरेको छ। मंगलबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले पेट्रोल, डिजेल र मट्टीतेलमा लाग्दै आएको भन्सार शुल्कमा ५० प्रतिशत र पेट्रोल तथा डिजेलमा लाग्दै आएको पूर्वाधार करमा पनि ५० प्रतिशत छुट दिने निर्णय गरेको सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले जानकारी दिइन्।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सामान्य प्रशासनमन्त्री रावलले पनि मूल्य नियन्त्रण गरी जनतालाई राहत प्रदान गर्न कर छुटको निर्णय लिइएको बताइन्।

'सरकार पारदर्शी छ, तथ्य लुकाउँदैन र जनताको पीडा पनि बुझ्छ,' उनले भनिन्। सबैभन्दा धेरै कर लाग्ने शीर्षकबाट ५० प्रतिशत कटौती गर्दा मूल्य नियन्त्रणमा सघाउ पुग्ने अपेक्षा रहेको उनले बताइन्। पेट्रोलियम पदार्थको खपत घटाउन सरकारले आह्वानसमेत गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको समेत जिम्मेवारी सम्हालेकी सामान्य प्रशासनमन्त्री रावलले सम्भव भएसम्म 'वर्क फ्रम होम'का लागि सरकारका तर्फबाट आह्वान भएको बताइन्।' आवश्यक परे जोर-बिजोर प्रणाली पनि लागू गर्ने उनले बताइन्।

भन्सार विन्दुमा पेट्रोलमा २५.२३ रुपैयाँ तथा डिजेल र मट्टीतेलमा समान १२.०३ रुपैयाँ प्रतिलिटर भन्सार शुल्क लाग्दै आएको छ। त्यस्तै, पूर्वाधार कर शीर्षकमा पेट्रोल र डिजेलतर्फ १०-१० रुपैयाँ कर लाग्ने व्यवस्था छ। अब, बुधबारबाट भित्रिने तीनै थरीको इन्धनमा तोकिएभन्दा आधा मात्रै कर लाग्नेछ।

आयल निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले कर छुटको निर्णयपछि मासिक तीन अर्ब रुपैयाँ सहुलियत भएको बताए। 'पेट्रोल, डिजेल र मट्टीतेलमा कर छुटको निर्णयपछि मासिक तीन अर्ब रुपैयाँ सहुलियत हुने देखिन्छ,' उनले भने, 'सरकारको यस्तो निर्णयले पेट्रोलियम पदार्थको मूल्य नियन्त्रणका लागि सहयोग पुग्छ।' आयल निगमले मासिक औसत ११ अर्ब रुपैयाँ कर तिर्दै आएकोमा तीन अर्ब छुट हुने भएको छ। अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण मध्यपूर्वमा भएको तनावले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढिरहेको छ। त्यसको असर नेपालमा पनि परेको हो। चैत लागेयता मात्रै सरकारले तीनपटक मूल्य बढाएर पेट्रोल दुई सय दुई रुपैयाँ र डिजेल तथा मट्टीतेल समान एक सय ८२ रुपैयाँ प्रतिलिटर निर्धारण गरेको छ। युद्ध नरोकिएको र कच्चा तेलको मूल्य उच्च विन्दुमा नै रहेका कारण फेरि पनि पेट्रोलियम पदार्थको मूल्य बढ्ने चिन्तालाई कम गर्न सरकारले कर छुटको निर्णय गरेको हो। कर छुटपछि तत्काल पेट्रोलियम पदार्थको भाउ नबढ्ने कुरामा आशावादी रहेको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले बताए।

'पेट्रोलियम पदार्थमा लाग्दै आएको करमा केही छुट दिने सरकारको निर्णयले आगामी दिनमा इन्धनको भाउ नबढ्ने कुरामा आशावादी छौं,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष तिमिल्सिनाले भने, 'आउँदा दिनमा खपत घटाउनेतर्फ पनि ध्यान दिनुपर्छ।'




### निगम सञ्चित नोक्सानीमा, मूल्य स्थिरीकरण कोष पनि रित्तिँदै

आयल निगमको मूल्य स्थिरीकरण कोषमा माघ अन्तिमसम्म १९ अर्ब रुपैयाँ जम्मा थियो। यो कोष मूल्य नियन्त्रणकै लागि प्रयोग गर्ने सर्तमा निर्माण गरिएको हो। कोषमा प्रतिलिटर पेट्रोलबाट १.८७ रुपैयाँ, डिजेल र मट्टीतेलबाट समान १.६७ रुपैयाँ, आन्तरिक हवाई इन्धनबाट २.५१ रुपैयाँ र बाह्य हवाई इन्धनबाट २.७० रुपैयाँ झिकेर राख्ने गरिन्छ। त्यस्तै, खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर १९.१० रुपैयाँ झिकेर राखिन्छ।

यसरी जम्मा गरिएको कोषमा अहिले करिब दुई अर्ब मात्रै बाँकी रहेको छ। अर्कातिर निगमको चालू आर्थिक वर्ष ०८२/८३ को हालसम्मको वित्तीय अवस्था ऋणात्मक भइसकेको छ। स्रोतका अनुसार माघसम्म निगम करिब ५० करोड रुपैयाँ नाफामा थियो। त्यसयता अमेरिका-इजरायल र इरानबिचको युद्धले मध्यपूर्व तनावग्रस्त भई अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढ्दा निगमको घाटा चुलिएको हो। 'एक महिनामा मात्रै निगमले १७ अर्ब घाटा व्यहोरेको छ,' एक कर्मचारीले भने, 'अहिले फेरि मूल्य बढाउँदा जनतामा तीव्र आक्रोश पैदा हुने स्थिति छ। तर, कर छुटले धेरै राहत दिएको छ।'

### कति छ पेट्रोलियममा कर ?

सरकारले सात थरी शीर्षक राखेर पेट्रोलबाट ६५.११ र डिजेलबाट ४७.४१ प्रतिलिटर लिइरहेको छ। त्यस्तै, तीन थरी शीर्षकमार्फत मट्टीतेलबाट ३२.९१ रुपैयाँ प्रतिलिटर कर लिइरहेको छ। पेट्रोलियम महँगिएको भन्दै चौतर्फी विरोध भएपछि सरकारले भन्सार महसुल र पूर्वाधार करमा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेको हो।

सरकारले दुवै शीर्षकमा गरेर पेट्रोलमा १७.६१ रुपैयाँ, डिजेलमा ११.०१ रुपैयाँ र मट्टीतेलमा ६.०१ रुपैयाँ प्रतिलिटर कर छुट दिने निर्णय गरेको हो। यो निर्णयपछि बुधबारदेखि समग्रमा पेट्रोलमा ४७.५ रुपैयाँ, डिजेलमा ३६.४ रुपैयाँ र मट्टीतेलमा २६.९ रुपैयाँ प्रतिलिटर कर लाग्नेछ।

### विशिष्ट पदाधिकारी तथा कर्मचारीको इन्धन सुविधामा कटौती

मासिक १२५ लिटर पाउँदै आएका सचिवस्तरका विशिष्ट पदाधिकारीले अब ७० लिटर र १०० लिटर पाउँदै आएका सहसचिवस्तरका पदाधिकारीले ५० लिटर मात्रै पाउने, मन्त्री र संवैधानिक पदाधिकारीको भने घटाइएन

**काठमाडौं**/ अर्थ मन्त्रालयले सरकारी कर्मचारी तथा पदाधिकारीले पाउँदै आएको इन्धन सुविधामा व्यापक कटौती गर्ने निर्णय गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले इन्धन संकटबाट अर्थतन्त्रलाई जोगाउन इन्धन सुविधा कटौती गर्ने निर्णय स्वीकृत गरेका हुन्।

अर्थमन्त्री वाग्लेले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० र २४ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले 'कार्य सञ्चालन निर्देशिका, २०८१' को बुँदा ४९ मा रहेका इन्धनसम्बन्धी व्यवस्थाहरू सोमबार संशोधन गरेका हुन्। संशोधनअनुसार मासिक १२५ लिटर इन्धन पाउँदै आएका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीले अब ७० लिटर पाउनेछन्। १०० लिटर इन्धन पाउँदै आएका सहसचिव स्तरका पदाधिकारीहरूले अब ५० लिटर पाउनेछन्।

त्यस्तै, केन्द्रीयस्तरका कार्यालयका पुल सवारीसाधनहरूका लागि यसअघि उपलब्ध हुँदै आएको इन्धन सुविधा पनि कटौती भएको छ। ३० जनासम्म कर्मचारी भएका कार्यालयले ७५ लिटर पेट्रोल र १०० लिटर डिजेल पाउँदै आएकोमा अब ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल पाउनेछन्। त्यस्तै, थप ५० कर्मचारीका भएका कार्यालयलाई यसअघि ७५ लिटर पेट्रोल र १०० लिटर डिजेल दिने गरिएकोमा अब कटौती गरी ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल उपलब्ध गराउने निर्णय भएको छ। त्यसपछिका थप प्रति १०० कर्मचारीका लागि ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल उपलब्ध हुनेछ। यसअघि थप १०० कर्मचारी भएका कार्यालयका लागि७५ लिटर पेट्रोल र १०० लिटर डिजेल दिँइदै आएको थियो। त्यस्तै, दुईपांग्रे सवारीले यसअघि प्रतिमहिना १२ लिटर पेट्रोल पाउँदै आएकोमा अब प्रतिमहिना आठ लिटर मात्र पाउनेछन्।

## ग्लोबल आइएमई बैंक लिमिटेडको

### गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८२/१२/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितिपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन सांविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| ओखलढुङ्गा शाखा, ओखलढुङ्गा | |
|---|---|
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | **थप विवरणका लागी** |
| **मालपोत कार्यालय ओखलढुङ्गामा दर्ता कायम रहेकोः** | |
| १. ओखलढुङ्गा जिल्ला, सेर्ना गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ६६५ को क्षेत्रफल ०-१३-०-० रोपनी वा ४१३.२७ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| २. ओखलढुङ्गा जिल्ला, बर्नालु गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५३३ र ५३४ को क्षेत्रफल क्रमशः २-९-३-१ र ११-५-३-३ रोपनी वा १३२९.४३ र ५७८४.९१ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **बिराटनगर शाखा, मोरङ्ग** | |
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | |
| **मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेकोः** | |
| मोरङ जिल्ला, मधुमल्ला गा.वि.स/न.पा. वडा नं. ५ च स्थित कित्ता नं. २७४३ र २७४१ को क्षेत्रफल क्रमशः ०-०-४-२ र ०-०-८-२ बिगाहा वा ७६.१९ र १४३.९२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **हनुमानदास रोड शाखा, मोरङ्ग** | |
| **सम्पतिको विवरण (घरजग्गाको विवरण)** | |
| **मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेकोः** | |
| मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १ ख स्थित कित्ता नं. २६९८ र २६९५ को क्षेत्रफल क्रमशः ०-०-३-३ र ०-०-६-१ बिगाहा वा ६३.४८ र १०५.८१ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **इनरुवा शाखा, सुनसरी** | |
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | |
| **मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेकोः** | |
| सुनसरी जिल्ला, भरौल गा.वि.स/न.पा. वडा नं. १ क स्थित कित्ता नं. १५४० को क्षेत्रफल ०-०-७-० बिगाहा वा ११८.५२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **ढल्केबर शाखा, धनुषा** | |
| **सम्पतिको विवरण (घरजग्गाको विवरण)** | |
| **मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेकोः** | |
| धनुषा जिल्ला, बेंगा डावर गा.वि.स/न.पा. वडा नं. ३ ख स्थित कित्ता नं. १३८७ को क्षेत्रफल ०-०-१२-० बिगाहा वा २०३.१६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| **चौराहा बुटवल शाखा, रुपन्देही** | |
| **सम्पतिको विवरण (जग्गाको विवरण)** | |
| **मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेकोः** | |
| रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स/न.पा. वडा नं. ३ घ स्थित कित्ता नं. १२०५ को क्षेत्रफल ०-०-५-० बिगाहा वा ८४.६५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८३ बैशाख ९ गते बुधबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८३ बैशाख १० गते बिहीबार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थानः ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

## फेक रेस्क्यु प्रकरणपछि पर्यटन मन्त्रालयद्वारा उच्चस्तरीय समिति गठन

**काठमाडौं**/ नेपालको ट्रेकिङ र पर्वतीय पर्यटन क्षेत्रमा हुने हेलिकोप्टर उद्धार (रेस्क्यु)मा भएको अनियमितता सार्वजनिक भएसँगै सरकारले कडा कदम चाल्ने घोषणा गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै विद्यमान प्रक्रिया कडाइका साथ लागू गर्न सहसचिवको संयोजकत्वमा उच्चस्तरीय समीक्षा समिति गठन गरेको जनाएको छ।

मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यका अनुसार सरकारले कडा नियमन, डिजिटल प्रणाली र दोषीमाथि कारबाहीमार्फत अन्तर्राष्ट्रिय विश्वास पुनर्स्थापित गर्दै नेपाललाई सुरक्षित, जिम्मेवार र विश्वस्तरीय ट्रेकिङ गन्तव्यका रूपमा कायम राख्ने विश्वास व्यक्त गरेको छ। साथै, अन्तर्राष्ट्रिय साझेदार, सञ्चारमाध्यम र सरोकारवालासँग पारदर्शी रूपमा सहकार्य जारी राख्ने प्रतिबद्धता पनि जनाएको छ।

हालै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा आएका समाचार र अनुसन्धानप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो। मन्त्रालयका अनुसार केही घटनामा उचाइजन्य बिरामी (अल्टिच्युड सिकनेस)को लक्षण बढाइचढाइ गरी देखाउने, आवश्यक नभए पनि हेलिकोप्टर उद्धार गराउने र बिमा दाबी रकम बढाइनेजस्ता अनियमितता भएको आशंका गरिएको छ।

## विकासशीलमा स्तरोन्नतिपछि तयारी पोसाकको निर्यात १३% सम्म घट्न सक्ने

**नयाँ पत्रिका**

अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति भएपछि नेपालले भन्सार छुटको सुविधा गुमाउँदा निर्यातमा ह्रास आउन सक्ने देखिएको छ। अतिकम विकसित मुलुकले पाउँदै आएको भन्सार छुट तथा कोटारहित बजार पहुँचको सुविधा कटौती हुने भएपछि निर्यातमा उल्लेखीय रूपमा गिरावट आउन सक्ने विज्ञहरूले औंल्याएका हुन्। उनीहरूले विकासशीलमा स्तरोन्नति हुँदै गर्दा सम्भावित चुनौतीको समाना गर्ने तयारी गर्नसमेत सरकारलाई सुझाएका छन्।

नेपाल तयार पोसाक उद्योग संघ (गान)ले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रमका वक्ताहरूले यस्तो बताएका हुन्। 'विकासशीलमा स्तरोन्नतिपछि तयारी पोसाकको निर्यात प्रवर्द्धनमा चुनौती, अवसर तथा अवलम्बन गर्नुपर्ने कार्यहरू' विषयक अन्तर्क्रियामा विज्ञ तथा उद्योगीहरूले नेपालले सम्भावित चुनौतीको सामना र अवसरको सदुपयोगका लागि तयारी गर्नुपर्ने बताए।

कार्यक्रममा साउथ एसिया वाच अन ट्रेड एन्ड इकोनोमिक्स एन्ड इन्भारोन्मेन्ट (सावती)का कार्यकारी निर्देशक डा. पारस खरेलले विकासशीलमा स्तरोन्नतिपछि तयारी पोसाकको निर्यात १३ प्रतिशतसम्म घट्न सक्ने बताए। उनले चुनौती सामनाका लागि व्यापारको लागत घटाउने, प्रोत्साहन दिने, सहजीकरण गरिदिने तथा दुईपक्षीय व्यापार सम्झौता गर्नेलगायात विषयमा सरकारले ध्यान दिनुपर्ने बताए।

संघका अध्यक्ष पशुपतिदेव पाण्डेले नेपालको तयारी पोसाक उद्योगको संख्या एक हजार दुई सयबाट घटेर एक सय हाराहारीमा आइपुगेको सुनाए। उत्पादन तथा निर्यात वृद्धिका लागि सरकारको प्रोत्साहन तथा सहजीकरण आवश्यक रहेको उनले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले प्रधानमन्त्री र अर्थमन्त्रीको विकासशीलमा स्तरोन्नतिको विषयमा विशेष चासो रहेको बताए। यसका अवसर र चुनौतीका विषयमा छलफल गरेर सरकारले निर्णय लिने उनले बताए। 'अहिले पौने तीन खर्ब हाराहारीको निर्यात भइरहेको छ, विकासशीलमा स्तरोन्नति हुँदा कति परिमाणका कुन-कुन वस्तुको निर्यात प्रभावित हुन सक्छ, त्यसमा अध्ययन आवश्यक छ,' उनले भने।'

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले निजी क्षेत्रले विकासशीलमा स्तरोन्नतिलाई कम्तीमा तनि वर्ष पर सानुपर्ने माग राख्दै आएको बताए। 'हामीले निकै पहिलादेखि स्तरोन्नतिको म्याद सार्न भन्दै आएका छौं, वर्तमान सरकारले गृहकार्य गरिरहेको बताएको छ,' उनले भने। सरकारले निर्यातमा दिँदै आएको नगद अनुदानलाई निरन्तरता दिनुपर्ने तथा यस्तो अनुदान आयात प्रतिस्थापन गर्ने उद्योगलाई समेत दिनुपर्ने उनले बताए।

कार्यक्रममा सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष चण्डिराज ढकालले उत्पादन वृद्धि तथा निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने बताए। महासंघका उपाध्यक्ष हेमराज ढकालले निर्यातमा दिँदै आएको नगद प्रोत्साहन रोकिएको भन्दै त्यसलाई पुनः निरन्तरता दिनुपर्ने बताए।

# उद्योगले धरौटी एक प्रतिशत मात्रै राख्दा हुने, आयातमा निजी क्षेत्रलाई राहत

## विद्युतीय प्रणाली लागू भएका भन्सार कार्यालयबाट आयात गर्दा राख्ने धरौटीमा छुटको व्यवस्था

**नयाँ पत्रिका**

नेपाल राष्ट्र बैंकले उद्योग र व्यापारिक संस्थाका लागि धरौटी दरमा परिमार्जन गरेको छ। राष्ट्र बैंकले एक सूचना जारी गर्दै विद्युतीय भुक्तानी प्रणाली लागू भएका भन्सार कार्यालयमार्फत हुने आयातमा उद्योगले एक प्रतिशत र व्यापारिक संस्थाले तीन प्रतिशत मात्र धरौटी राख्दा हुने व्यवस्था लागू गरेको हो। त्यसबाहेकको हकमा उद्योगले दुई प्रतिशत र व्यापारिक संस्थाले १० प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था छ। राष्ट्र बैंकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ बमोजिम प्राप्त अधिकार प्रयोग गरी उक्त सूचना जारी गरेको जनाएको छ।

प्रतीतपत्रसम्बन्धी व्यवस्थामा पनि संशोधन गर्दै नयाँ प्रावधान लागू गरेको छ। विदेशी विनिमय व्यवस्थापन विभागले २४ चैत ०८२ मा जारी गरेको एकीकृत परिपत्र- २०८२ मार्फत आयात, भुक्तानी तथा धरौटीसम्बन्धी प्रक्रियालाई सरलीकृत बनाएको हो।

प्रतीतपत्र खोलिएको मितिभन्दा अघि



ढुवानीकर्ताबाट जारी भएका ढुवानीसम्बन्धी कागजातका आधारमा बैंकहरूले भुक्तानी दिनुपर्ने भएमा आयातकर्ताको स्वघोषणासहित प्रतीतपत्र संशोधन गर्न सकिने व्यवस्था गरिएको छ। तर, भारतबाट हुने आयातका हकमा यस्तो संशोधन आवश्यक नपर्ने उल्लेख गरिएको छ।

त्यस्तै, ढुवानी कागजात जारी भएको मितिभन्दा ६० दिनपछि मात्रै बैंकमा प्राप्त भएमा त्यस्ता प्रतीतपत्रहरूको छुट्टै विवरण मासिक रूपमा सम्बन्धित विभागमा पठाउनुपर्ने व्यवस्था गरिएको छ।

भन्सार महसुलसम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ। आयातित वस्तुमा लाग्ने कुल भन्सार महसुल वस्तुको मूल्यको १० प्रतिशतभन्दा कम भएमा सोही अनुपातमा चेक जारी गर्न सकिने र बाँकी रकम धरौटीका रूपमा राख्नुपर्ने प्रावधान ल्याइएको छ। उक्त धरौटी रकम फिर्ता लिनका लागि भन्सार कार्यालयबाट दरपिठ भएको कागजात, प्रज्ञापनपत्रको प्रतिलिपि र राजस्व तिरेको रसिद आवश्यक पर्नेछ। तर, आयातित वस्तु लिलाम बिक्री, नष्ट, दुर्घटना वा चोरीजस्ता कारणले नेपाल भित्रिन नसकेको प्रमाणित भएमा यस्ता कागजातविना पनि धरौटी फिर्ता गर्न सकिने व्यवस्था गरिएको छ।

सटही सुविधाअन्तर्गत आयातको समयसीमा पनि सहजीकरण गरिएको छ। आयातकर्ताले सटही सुविधा प्राप्त भएको एक सय २० दिनभित्र सामान आयात गरिसक्नुपर्ने उल्लेख छ। तर, पटक-पटक सटही सुविधा लिइएको अवस्थामा पहिलोपटक सटही लिएको मितिले एक सय २० दिनभित्रै आयात सम्पन्न गर्नुपर्ने प्रावधान छ। यदि काबुबाहिरको परिस्थितिका कारण एक सय २० दिनभित्र आयात गर्न नसकिने अवस्था आएमा आयातकर्ताले औचित्य पुष्टि हुने कारणसहित बैंकमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। उक्त कारणप्रति केन्द्रीय बैंक आश्वस्त भएमा केन्द्रीय कार्यालयको विभागीय प्रमुखको स्वीकृतिमा थप समय दिएर आयात गर्न अनुमति दिन सकिने व्यवस्था गरिएको छ।

# निजी क्षेत्रमैत्री बजेट ल्याउन कोशीका उद्योगीको सुझाव

विराटनगरमा **गणेश लम्साल**



आगामी आर्थिक वर्षको बजेट निजी क्षेत्रमैत्री बनाउन कोशीका उद्योगी-व्यवसायीले सरकारलाई सुझाव दिएका छन । मंगलबार उद्योग-व्यापार संगठन मोरङ, मोरङ उद्योग संगठन, उद्योग परिसंघ र उद्योग वाणिज्य महासंघ कोशीले संयुक्त रूपमा कार्यक्रम गरी बजेट कर सुधारमुखी र निजी क्षेत्रका लागि उत्पादनमुखी हुनुपर्ने सुझाव अर्थ मन्त्रालयलाई दिएका हुन् ।

अर्थसचिव घनश्याम उपाध्याय, अर्थ मन्त्रालय राजस्व परामर्श समितिका प्रमुख उत्तरकुमार रेग्मी, भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी सहभागी कार्यक्रममा संघीय सरकारले निर्माण गर्न थालेको आर्थिक वर्ष ०८३/८४ को बजेटका लागि करमा व्यापक सुधार गरेर उद्योग, लगानी, कर प्रणाली र पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राख्न आग्रह गरेको छ । उद्योगी-व्यवसायीले भोगिरहेका समस्यालाई समयमै सम्बोधन गरे निजी क्षेत्र अझ सक्रिय भई अर्थतन्त्रमा योगदान बढाउन सक्षम हुने विश्वास उनीहरूको छ ।

बहुतह (संघ, प्रदेश, स्थानीय) कर प्रणाली हटाई एकद्वार कर प्रणाली लागू गर्नुपर्ने, औद्योगिक कच्चा पदार्थमा भन्सार र अन्तःशुल्क घटाउनुपर्ने, स्वदेशी उत्पादन प्रवर्द्धन गर्दै रोजगारी सिर्जना बढाउने नीति ल्याउनुपर्ने र दैनिक उपभोग्य वस्तुमा कर दर घटाई महँगी नियन्त्रण गर्नुपर्ने सुझाव उद्योगी-व्यवसायीको छ । यसैगरी, अवैध व्यापार नियन्त्रण गरी स्वदेशी उद्योग संरक्षण गर्नुपर्ने, विद्युत् वितरण प्रणाली सुधार गरी उद्योगलाई सहज आपूर्ति सुनिश्चित गर्नुपर्ने, स्वास्थ्य बिमा र निर्माण क्षेत्रको भुक्तानी समस्यामा सुधार गर्नुपर्ने र सुनचाँदीलगायतका वस्तुमा उच्च करका कारण मूल्यअन्तर बढ्दै अवैध कारोबार बढेकाले कर संरचना पुनरावलोकन गर्नुपर्ने माग निजी क्षेत्रको छ ।

नेपाल उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष भीम घिमिरेले नेपालालाई शिक्षा, स्वास्थ्य, उद्योग र पर्यटनको हब बनाउने गरी बजेट निर्माण गर्न आग्रह गरे । उनले जग्गा कारोबारीका कारण सञ्चालनमा रहेको उद्योग विस्थापित हुने वातावरण तयार भइरहेकाले उद्योगलाई संरक्षण र संवर्द्धन गर्ने गरी उद्योगीमैत्री नीति ल्याउनुपर्छ भने । नेपाल उद्योग परिसंघ कोशीका अध्यक्ष पवन सारडाले सरकारको गलत कर नीतिका कारण नेपाली बजार चलायमान हुन नसकेको भन्दै कर नीतिमा परिमार्जन गर्नुपर्नेमा जोड दिए । निजी क्षेत्रले दिएका सुझाव आगामी बजेटमा समावेश भएर कार्यान्वयन भए अर्थतन्त्र चलायमान भई उत्पादन, रोजगारी र राजस्व वृद्धि हुने सारडाले बताए । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले जेन-जी आन्दोलनपछि उत्साह घटेकाले समग्र निजी क्षेत्रको आत्मबल बढाउने गरी उद्योगमैत्री बजेट निर्माण गर्न सुझाव दिए । मोरङ उद्योग-व्यापार संघका अध्यक्ष अनुपम राठीले अमेरिका-इजरायल र इरानबिच भइरहेको युद्धका कारण नेपालको प्लास्टिक उद्योग कच्चा पदार्थको अभावमा बन्द हुने अवस्थामा पुगेकाले सरकारको ध्यान आकर्षित गरे ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले सुनसरी-मोरङ औद्योगिक करिडोरमा सञ्चालनमा रहेको औद्योगिक उत्पादनलाई संरक्षण एवं प्रवर्द्धनका लागि अन्तर्राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनी निर्माणलाई प्राथमिकता दिन माग गरे । मोरङ उद्योग-व्यापार संघका अध्यक्ष अनुपम राठीले संघीय सरकारले आगामी बजेटलाई व्यावहारिक बनाउन विशेष चासो दिन आग्रह गरे ।

# भिभो भी-७० सार्वजनिक, उपहारमा स्कुटर जित्ने अवसर




**काठमाडौं**/ स्मार्टफोन कम्पनी भिभोले नेपाली बजारमा नयाँ स्मार्टफोन सार्वजनिक गरेको छ । कम्पनीले लोकप्रिय भी सिरिजअन्तर्गत भी-७० मोडेल सार्वजनिक गरेको छ ।


भिभो भी-७० सार्वजनिक भएसँगै यसलाई थप आकर्षक बनाउन कम्पनीले विशेष अफर ल्याएको जनाएको छ । जसअन्तर्गत स्मार्टफोन खरिद गर्ने पहिलो १२ सय ग्राहकले भिभो बड्स एयर-३ निःशुल्क प्राप्त गर्नेछन् । त्यसैगरी, पहिलो दुई हजार ग्राहकले ६ महिनासम्म मान्य हुने एकपटकको स्क्रिन रिप्लेसमेन्ट र एकपटकको वाटर ड्यामेज प्रोटेक्सन सुविधा प्राप्त गर्नेछन् । साथै, चारजना भाग्यशाली ग्राहकले बम्पर उपहारस्वरूप इभी स्कुटर जित्ने अवसर पनि पाउनेछन् ।

कम्पनीका अनुसार भी-७० मा ५० मेगापिक्सेल जाइस सुपर टेलिफोटो क्यामरा जडान गरिएको छ । यसले टाढाबाट पनि स्पष्ट र उच्च गुणस्तरका तस्बिर खिच्ने कम्पनीको दाबी छ । लाइट कम हुँदा पनि राम्रो फोटो खिच्न सक्ने सुपर टेलिफोटो क्यामरामार्फत प्रयोगकर्ताले महत्त्वपूर्ण क्षण कैद गर्न सक्ने बताइएको छ ।

भी सिरिजअन्तर्गतको भी-७० मा पहिलोपटक ४के ६० फ्रेम प्रतिसेकेन्ड भिडियो रेकर्डिङ सुविधा उपलब्ध छ । एआई स्टेज मोडको सहयोगले २० गुणासम्म जुम गर्दा पनि स्पष्ट दृश्य कैद गर्न सकिन्छ । साथै, जाइस मल्टिफोकल पोर्ट्रेट र जाइस स्टाइल बोकेहजस्ता फिचरले पोर्ट्रेट फोटोग्राफीलाई थप आकर्षक बनाउने कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार भी-७० देशभर बिक्रीका लागि उपलब्ध भइसकेको छ । यसको १२/२५६ जिबी भेरियन्टको ८३ हजार ९९९ र १२/५१२ भेरियन्टको मूल्य ९४ हजार ९९९ रुपैयाँ तोकिएको छ ।

# भिबोनले ल्यायो कटनका बेडसिट




**काठमाडौं**/ भिबोन होम्सले कटन (सुती)का बेडसिट सार्वजनिक गरेको छ । कम्पनीले उच्च गुणस्तरसहितका कटन कम्बेट र प्योर कटन बेडसिट सार्वजनिक गरेको हो । आधुनिक डिजाइन र उत्कृष्ट कपासबाट बनेका यी बेडसिटले प्रयोगकर्तालाई नरम, मुलायम र आरामको अनुभूति गराउने बताइएको छ ।

कम्पनीका यी बेडसिट केवल आरामदायी मात्र नभई मिठो र शान्त निद्राका लागि पनि सहयोगी छन् । उच्च गुणस्तरको कपास प्रयोग गरिएको हुनाले छालामा कोमल स्पर्श दिँदै दैनिक थकान कम गर्न मद्दत गर्ने दाबी गरिएको छ । आकर्षक गिफ्ट प्याकमा उपलब्ध कम्पनीका बेडसिट उपहार दिन सकिने गरी उत्कृष्ट विकल्पका रूपमा प्रस्तुत गरिएको कम्पनीले जनाएको छ ।

भिबोनले गुणस्तर, आराम र आकर्षणलाई प्राथमिकतामा राख्दै ग्राहकको आवश्यकतालाई ध्यानमा राखेर यी उत्पादन बजारमा ल्याएको जनाएको छ ।


## निःशुल्क छात्राबास तथा अध्ययन सुविधा बारे जरूरी सूचना !

नेपाल कुष्ठरोग निवारण संघको फर्पिङस्थित छात्राबासमा शैक्षिक वर्ष २०८३ का लागि केही स्थान रिक्त भएकाले ८ वर्ष उमेर पुगेका असहाय, विपन्न कुष्ठप्रभावितका बालबालिका भर्ना गरिने भएकाले अभिभावकले आफ्ना बालबालिका साथमा लिई २०८३ वैसाख १० गते बिहीबार दिनको ११ बजे संघको प्रशासकीय भवन मण्डिखाटार काठमाडौंमा हुने अन्तर्वार्तामा उपस्थित हुन सूचना गरिएको छ ।

**सम्पर्क :**
**नेपाल कुष्ठरोग निवारण संघ**
केन्द्रीय कार्यालय, काठमाडौं -०१४७२००४७ तथा
धरान, पोखरा, नेपालगञ्ज र धनगढी शाखा ।

**पेश गर्नुपर्ने कागजात :**
१) कुष्ठरोगको उपचार गरेको प्रमाण
२) बाबु/आमाको नेपाली नागरिकताको प्रतिलिपि
३) नाता प्रमाणित प्रमाणपत्र ४) विद्यालयको मार्कसिट

**नेपाल कुष्ठरोग निवारण संघ**
केन्द्रीय कार्यालय, काठमाडौं, फोन : ०१-४७२००४७


# ओमोडा जेइको र आइकार मोडेलमा ११ वर्षको वारेन्टी




**काठमाडौं**/ ओमोडा जेइको र आइकारको आधिकारिक विक्रेता एसपिजी अटोमोबाइल्स प्रालिले आफ्ना इभी मोडेलमा ११ वर्षे वारेन्टी घोषणा गरेको छ । ब्याट्री र मोटर कम्पोनेन्टमा उपलब्ध यो वारेन्टी नेपालकै सबैभन्दा लामो इभी वारेन्टी रहेको बताइएको छ ।

कम्पनीले ओमोडा जेइको र आइकारका सवारीसाधनमा ब्याट्री र मोटर दुवैमा आठ वर्ष वा डेढ लाख किमिको स्ट्यान्डर्ड म्यानिफ्याक्चर वारेन्टी दिँदै आएको थियो । नयाँ विस्तारित वारेन्टी कार्यक्रमअन्तर्गत ब्याट्रीमा ११ वर्ष वा दुई लाख ४० हजार किमि वारेन्टी उपलब्ध हुनेछ । त्यस्तै, ड्राइभ मोटर एसेम्ब्लीको हकमा ११ वर्ष वा दुई लाख किमि पुऱ्याइएको कम्पनीले जनाएको छ ।

यो वारेन्टी ओमोडा ई-५, जेइको जे-५ र जे-६टी तथा आइकार भी-२३ मोडेलमा उपलब्ध छ । यसले ग्राहकको आत्मविश्वास बढाउने र इभी स्वामित्वलाई थप ढुक्क बनाउने विश्वास लिइएको छ ।

विस्तारित वारेन्टीअन्तर्गत ग्राहकले ट्रयाक्सन ब्याट्री प्याक र ड्राइभ मोटर एसेम्ब्लीमा हुने प्राविधिक त्रुटिमा पूर्ण कभरेज प्राप्त गर्न सक्नेछन् । 'यो विस्तारित वारेन्टीले हाम्रा सवारीसाधनको उन्नत इभी प्रविधिप्रति अटल विश्वास र ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धता झल्काउँछ,' एसपिजी अटोमोबाइल्सका निर्देशक गौरव सारडाले भने । कम्पनीले देशभर १८ भन्दा बढी सेल्स आउटलेट र १५ वटा सर्भिस सेन्टरबाट सेवा प्रदान गर्दै आएको छ ।

# ईशान अस्पतालले मनायो विश्व बाल शल्यचिकित्सा दिवस



**काठमाडौं**/ ईशान बाल तथा महिला अस्पतालले विश्व बाल शल्यचिकित्सा दिवस (पेडियाट्रिक सर्जरी डे) मनाएको छ । टोखाको धापासी- ५ मा रहेको अस्पतालमा मंगलबार सो दिवस मनाइएको हो ।

अस्पतालका कार्यकारी निर्देशक प्राडा रामनन्दनप्रसाद चौधरीका अनुसार बाल शल्यचिकित्सामाथि छलफल गरिएको छ । बालबालिकको शल्यक्रिया गर्दा डा. अन्तर्राष्ट्रिय सर्जरीबारे जानकार हुनुपर्ने, अस्पताल पनि सोहीस्तरको हुनुपर्ने र शल्यक्रिया पनि अरूले नभई बाल शल्यचिकित्सकले गर्नुपर्नेजस्ता विषयमा छलफल भएको थियो । छलफलमा अस्पतालका चिकित्सक, स्थानीयलगायतको उपस्थिति थियो । यस्ता जागरणात्मक कार्यक्रमले अभिभावकलाई आफ्ना बालबालिकाको स्वास्थ्यस्थितिबारे निर्णय लिन सहयोग पुग्ने कार्यकारी निर्देशक चौधरीको भनाइ छ ।

०५२ मा स्थापित नेपालकै पहिलो गैरसरकारी बाल अस्पताल ईशानले सस्तोमा गुणस्तरीय सेवा दिँदै आएको बताइएको छ । यहाँबाट अन्तर्राष्ट्रिय मापदण्डअनुसारका बाल, महिला तथा वयस्कसम्बन्धी मल्टिस्पेसियालिटी तथा सुपर स्पेसियालिटी सेवा दिइरहेको अस्पतालले जनाएको छ । एमडी पेडियाट्रिक विशेषज्ञबाट नवजात तथा बालरोग, बालसर्जरी, महिला, प्रसूति तथा हाडजोर्नीसम्बधी सेवा प्रदान हुँदै आएको छ ।

# सिद्धार्थ बैंकका ग्राहकलाई नेपाल इन्टरनेसनल हेल्थ सर्भिसेजमा छुट




**काठमाडौं**/ सिद्धार्थ बैंकका ग्राहकले नेपाल इन्टरनेसनल हेल्थ सर्भिसेजमा छुट पाउने भएका छन् । बैंकका ग्राहकलाई छुट दिलाउन दुवै पक्षबिच सम्झौता गरिएको छ ।

सम्झौताअनुसार जमलस्थित नेपाल इन्टरनेसनल हेल्थ सर्भिसेजमा बैंकका ग्राहकले ५० प्रतिशतसम्मको छुट पाउनेछन् । यस्तो छुट प्राप्त गर्न बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गर्नुपर्नेछ । यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

# ज्ञान मसलाको ब्रान्ड एम्बासडरमा स्वस्तिमा खड्का



**काठमाडौं**/ केएल दुगड ग्रुपअन्तर्गतको ज्ञान मसलाको ब्रान्ड एम्बासडरमा अभिनेत्री स्वस्तिमा खड्का नियुक्त भएकी छिन् । यो सहकार्यमार्फत कम्पनीले आफ्नो पहिचानलाई थप ऊर्जावान् बनाउने र नयाँ पुस्ताका उपभोक्ताबिच बलियो सम्बन्ध स्थापित गर्ने लक्ष्य राखेको बताइएको छ ।

कम्पनीका अनुसार 'ज्ञान' ब्रान्डले नेपाली भान्सामा शुद्धता र स्वादको नयाँ मानक स्थापित गरेको छ । यो तीन दशकभन्दा बढी समयदेखि नेपाली बजारमा प्रयोगमा छ । 'स्वस्तिमा खड्कालाई 'ज्ञान' परिवारमा स्वागत गर्न पाउँदा हामी खुसी छौं,' दुगड ग्रुपकी कार्यकारी निर्देशक भाविका दुगडले भनिन् ।'

ज्ञान मसलासँग जोडिन पाउँदा नायिका स्वस्तिमा खड्काले खुसी व्यक्त गरेकी छिन् । कम्पनीले उपभोक्ताको बदलिँदो स्वाद र आवश्यकतालाई ध्यानमा राख्दै विभिन्न प्रकारका मसला बजारमा ल्याएको छ । हाल यो ब्रान्डका १४ वटा ज्ञान मसला बजारमा उपलब्ध छन् ।


## क्यान्टिन संचालन गर्ने सम्बन्धी सूचना

काठमाण्डौ महानगरपालिका-४, धुम्बाराही स्थित एक प्रतिष्ठीत कम्पनीमा कार्यरत करिब १५० जना कर्मचारीहरुका लागि दैनिक (बिदाका दिन बाहेक) बिहानको खाना, दिउँसोको खाजा तथा चिया, नास्ता उपलब्ध गराउने गरी संस्था रहेको बिल्डिङमा क्यान्टिन सञ्चालन गर्न इच्छुक व्यक्ति वा संस्थाले आफ्नो दर्ता प्रमाण एवं योग्यता प्रमाणपत्र तथा कार्य अनुभवको प्रमाण कागजपत्रहरु र खाना तथा खाजाको मूल्य सूची संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको इमेल ठेगानामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ । प्राप्त प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यसै कम्पनीमा निहित रहनेछ ।

**तपसिल :**
ईमेल : canteen985@gmail.com
फोन नं.: 9851016276



## भाखा नाघेको कर्जा बुझाउने बारे जोइन बचत तथा ऋण सहकारी संस्था लि.को ३५ दिने सूचना

(सूचना प्रकाशित मिति :२०८२/१२/२५)

यस संस्थाको तपसिल बमोजिमका सदस्यले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका सदस्यहरुलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ ।

**तपशिल**

| ऋणीको विवरण | कर्जाको विवरण |
|---|---|
| १. कर्जा ग्राहकको नाम : **अर्जुन प्रसाद लामिछाने**<br>ठेगाना : टोखा, काठमाडौं<br>बाजेको नाम : लोक नाथ लामिछाने<br>बाबुको नाम : तारानाथ लामिछाने<br>उद्देश्य : व्यावसायिक | साँवा रकम रु. १,५०,००,०००।-<br>मिति २०८२।१२।२४ सम्मको ब्याज तथा अन्य रकम : रु.८,४४,९०९।-<br>जम्मा तिर्नुपर्ने रकम : रु.१,५८,४४,९०९।-<br>जमानत बस्नेको नाम : फाडिन्द्र बहादुर राय क्षेत्री |

दर्ता नं. ३३९९/०७७/०८८

जोइन बचत तथा ऋण सहकारी संस्था लि.
Join Saving & Credit Co-operative Ltd.
सोह्रखुट्टे, काठमाडौं, फोन नं :०१-४९५६६२४, ९८५१३३३७४८



## भलाकुसा: बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.वडा नं.-१०, सतुंगल, काठमाडौंको

### तपसिलमा उल्लेखित ऋणीहरूलाई धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि ३५ दिने अन्तिम सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/२५, बुधबार

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो तथा आफ्ना एका घरपरिवारका सदस्यहरुको नाममा अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिँदा गरेको सहमति अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि मौखिक/पत्राचार/सूचना आदि माध्यमबाट बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको र कर्जा तिर्ने मनसाय देखाई संस्थामा सम्पर्क समेत राख्न नआउनु भएकोले तपशिलमा उल्लेखित ऋणीहरुको नाममा राष्ट्रिय दैनिक "नयाँ पत्रिका"मा मिति २०८०/०८/२३ गते र मिति २०८२/१०/०२ गते ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा हाल सम्म पनि यस सहकारीमा सम्पर्कमा नआउनु भएकोले पुनः तपसिलमा उल्लेखित ऋणीहरुको नाममा धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी अन्तिम ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन भित्र यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम समेत बुझाउन आउनु होला । उल्लेखित म्याद भित्र पनि साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम दाखिला हुन नआएमा उक्त ३५ दिने म्याद नाघेको भोलिपल्ट अर्थात यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा (उक्त दिन बिदा परे सोको भोली पल्ट) संस्थासंग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस सँस्थाको नाममा राखेको तपशिलका अचल सम्पत्ति (घर जग्गा) सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै यस सहकारीमा धितोमा रहेका उल्लेखित अचल सम्पत्ति (घर जग्गा) तपशिलमा उल्लेखित मिति र समयमा लिलाम बढाबढ हुने हुँदा उक्त लिलाम बढाबढ सकार गरी लिन ईच्छुक सर्वसाधारणहरु तथा सँस्थालाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपशिल**

धितोको रुपमा रहेका अचल सम्पत्ति, ऋणी, धन जमानी तथा ऋणको विवरण :

| सि.नं. | ऋणीको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण | धन जमानी बस्नेको विवरण | धन जमानी बस्नेको विवरण | तिर्नबाँकी साँवा, ब्याज, हर्जानाको बिवरण |
|---|---|---|---|---|---|
| १. | ऋणी: **इन्द्रमान महर्जन**<br>ना.प्र.नं: ७/२५५,<br>जारी मिति: २०४४/०२/२८<br>जिल्ला काठमाडौं<br>बाबुको नाम: भिमसेन महर्जन<br>बाजेको नाम: पाण्डव महर्जन<br>स्थायी ठेगाना: का.जि.<br>च.न.पा.-१०, सतुंगल<br>काठमाडौं | क) लक्ष्मी महर्जनको नाममा रहेको का.जि. दहचोक गा.वि.स.वडा नं. २(ग) कि.नं.१११८ को क्षे.फ. क्रमशः ०-६-०-२<br>(ख) धादिङ जिल्ला नौबिसे गा.वि.स. वडा नं ६ ख कि.नं. ४७९ क्षे.फ.१-०-०-०,<br>(ग) का.जि. बाडभञ्ज्याङ गा.वि.स. वडा नं: ९च कि.न. २०८ को क्षे.फ. ३-११-०-०<br>(घ) इमी महर्जन नाममा रहेको धादिङ जिल्ला नौबिसे गा.वि.स. वडा नं ६ ख कि.नं. ४७६ क्षे.फ.१-०-०-०<br>(ङ) इन्द्रमान महर्जनको नाममा रहेको धादिङ जिल्ला नौबिसे गा.वि.स.वडा नं ५ ख कि.नं.३९३ क्षे.फ.४-८-२-० र सो जग्गाले चर्चको लिगलगापात समेत । | ऋणी: **लक्ष्मी महर्जन**<br>ना.प्र.नं १०६७।<br>जारी मितिः २०५४/०१/०८<br>जिल्ला काठमाडौं<br>बाबुको नाम: चन्द्र बहादुर महर्जन<br>बाजेको नाम: जितलाल महर्जन<br>स्थायी ठेगाना: का.जि.<br>च.न.पा.-१०, सतुंगल काठमाडौं | ऋणी: **इमी महर्जन**<br>ना.प्र.नं: १०४६/६३८२८<br>जारी मितिः २०६७/०६/०४<br>जिल्ला काठमाडौं<br>बाबुको नाम: इन्द्रमान महर्जन<br>बाजेको नाम: भिमसेन महर्जन<br>स्थायी ठेगाना: का.जि.<br>च.न.पा.-१०, सतुंगल काठमाडौं | साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको<br>**रू. ४,९२,२१,९८३/-**<br>(अक्षरेपी चार करोड बयान्नब्बे लाख एकाईस हजार एक सय त्रियासी मात्र) |
| २. | ऋणी: **इन्दु महर्जन**<br>ना.प्र.नं: १०४६/६३८६५<br>जारी मितिः २०६७/०६/०४<br>जिल्लाः काठमाडौं<br>बाबुको नाम: इन्द्रमान महर्जन<br>बाजेको नाम: भिमसेन महर्जन<br>स्थायी ठेगाना : का.जि.<br>च.न.पा.-१०, सतुंगल<br>काठमाडौं | क) इन्दु महर्जनको नाममा रहेको धादिङ जिल्ला थाके गा.वि.स. वडा नं. ९ (ख) कि.न.. ४६४ र ४७० क्षे.फ. २-९-०-० र १-८-०-३ समेत जम्मा कित्ता २ (दुई कित्ता )<br>(ख) इन्दु महर्जनको नाममा रहेको का.जि. दहचोक गा.वि.स.वडा नं. २ (ग) कि.नं. १११७ र ११२९ क्षे.फ. क्रमशः ०-५-३-०, र ०-६-१-३ समेत जम्मा कित्ता २ (दुई कित्ता)<br>(ग) धादिङ जिल्ला नौबिसे गा.वि.स वडा नं: ५ (ख) कित्ता नं ३१२ क्षे.फ. ४-८-२-०।<br>(घ) धादिङ जिल्ला नौबिसे गा.वि.स. वडा नं. ६(ख) कि.न.४७७ क्षे.फ. १-०-०-० र सो जग्गाले चर्चको लिगलगापात समेत । | ऋणी: **लक्ष्मी महर्जन**<br>ना.प्र.नं १०६७।<br>जारी मितिः २०५४/०१/०८<br>जिल्ला काठमाडौं<br>बाबुको नाम: चन्द्र बहादुर महर्जन<br>बाजेको नाम: जितलाल महर्जन<br>स्थायी ठेगाना: का.जि.<br>च.न.पा.-१०, सतुंगल काठमाडौं | ऋणी: **इमी महर्जन**<br>ना.प्र.नं: १०४६/६३८२८<br>जारी मितिः २०६७/०६/०४<br>जिल्ला काठमाडौं<br>बाबुको नाम: इन्द्रमान महर्जन<br>बाजेको नाम: भिमसेन महर्जन<br>स्थायी ठेगाना: का.जि.<br>च.न.पा.-१०, सतुंगल काठमाडौं | साँवा, ब्याज, हर्जाना समेत गरी जम्मा बाँकी रहेको<br>**रू. १,४१,४१,५८३/-**<br>(अक्षरेपी एक करोड बयालिस लाख बयालिस हजार पाँच सय त्रियासी मात्र) |

**नियम तथा शर्तहरू:**

१. धितो बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको अङ्कको १०% ले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ ।
२. लिलाम बढाबढमा भाग लिने व्यक्ति/सँस्थाले लिलाम सकार गरेको मितिले ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ र बाँकी रुपैया बुझाए पछि मात्र अचल सम्पत्ति नामसारीको प्रक्रिया अगाडी बढाईने छ ।
३. तोकिएको दिनमा सार्वजनिक बिदा परे त्यसको लगत्तै सरकारी कार्यालय खोल्ने दिनमा लिलाम बढाबढ गरिनेछ ।
४. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अङ्क बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सँस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ ।
६. सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा संस्थाले प्रचलित ऐन कानून बमोजिम उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले व्यहोर्नु पर्नेछ । धितो नामसारी गर्दा लागेको सम्पूर्ण खर्चहरु लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।
८. संस्थामा सुरक्षणमा रहेको सम्पत्ति बिक्रीबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कानून बमोजिम ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी कर्जा रकम असुल उपर गरिनेछ ।
९. लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८३/०१/३० गते बुधबार, दिनको ११ बजे बाट दिनको ४:०० सम्म हुनेछ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
बुधबार २५ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# विश्वकप लिग २ का दुईवटा सिरिज नेपालमा हुँदै

आइसिसी विश्वकप लिग २ अन्तर्गत नेपाल, ओमान र युएईबिच आगामी १२ देखि २२ वैशाखसम्म पहिलो सिरिज, २९ वैशाखदेखि ८ जेठसम्म नेपाल, स्कटल्यान्ड र अमेरिकाबिच प्रतिस्पर्धा



फाइल तस्बिर

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले लगातार दुईवटा एकदिवसीय सिरिज खेल्ने भएको छ। घरेलु मैदान त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालले आइसिसी विश्वकप लिग २ का दुईवटा एकदिवसीय सिरिज खेल्ने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। नेपालले सुरुमा विश्वकप लिगअन्तर्गत ओमान र युएई सम्मिलितको सिरिजमा प्रतिस्पर्धा गर्नेछ। यो आगामी १२ देखि २२ वैशाखसम्म त्रिवि मैदानमा हुने क्यानका प्रवक्ता छुम्बी लामाले बताए। 'नेपालले एकैपटक दुईवटा लिग २ का सिरिज हुँदै छ,' लामाले भने।

विश्वकप लिग २ सकिएको एक सातापछि नै नेपालले अमेरिका र स्कटल्यान्डसँग त्रिकोणात्मक एकदिवसीय सिरिजमा सहभागिता जनाउनेछ। यो पनि त्रिवि रंगशालामा हुनेछ। पूर्वखेल कार्यतालिकाअनुसार नेपाल, ओमान र युएईबिचको सिरिज गत २६ फागुनदेखि ६ चैतसम्म कीर्तिपुरमा हुनुपर्ने थियो। तर, क्यानले मध्यपूर्वी एसियाको तनावपूर्ण स्थितिलाई मध्यनजर गरी विश्वकप लिग २ का खेल अर्को सूचना जारी नभएसम्म स्थगित गरिएको थियो।

निर्धारित समयमा सिरिज हुन नसक्नुको कारण अमेरिका-इजरायल र इरानबिचको युद्ध नै थियो। प्रतियोगितामा सहभागी हुने ओमान र युएईले त्यसवेला खाडी मुलुकमा देखिएको संकटका कारण भ्रमण गर्न नसकिने जनाएका थिए। क्यानले सिरिजका लागि सबै तयारी गरिसक्दा खेल नै स्थगित गरेको थियो। क्यानले आइसिसीको सहकार्यमा नयाँ मिति घोषणा गर्ने जनाएको थियो। अहिले नेपालले विश्वकप लिग २ अन्तर्गत दुईवटा त्रिकोणात्मक सिरिज आयोजना गर्न लागेको हो।

अमेरिका र स्कटल्यान्डसँगको सिरिज भने तोकिएको समयमा हुनलागेको क्यानका प्रवक्ता लामाले बताए। क्यानले दुईवटै सिरिजका लागि मंगलबार नयाँ मिति घोषणा गरेको छ। नयाँ तालिकाअनुसार स्थगित रहेको नेपाल युएई र ओमान सम्मिलित खेल वैशाखमा हुनेछ। नेपाल र यूएईबिच पहिलो खेल १२ वैशाखमा हुनेछ।

नेपालले १६ वैशाखमा ओमानको सामना गर्नेछ। सहभागी टोलीले एकआपसमा समान दुई खेल खेल्नेछन्। नेपालले १८ वैशाखमा तेस्रो खेलमा युएईविरुद्ध प्रतिस्पर्धा गर्नेछ। सिरिजअन्तर्गत नेपालको चौथो खेल ओमानसँग २२ वैशाखमा रहेको छ। विश्वकप लिग २ अन्तर्गत अर्को सिरिज २९ वैशाखबाट सुरु हुनेछ। जसमा नेपालले स्कटल्यान्डबिच पहिलो खेल २९ वैशाखमै छ। त्यसपछि नेपालले २ जेठमा अमेरिकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ। ४ जेठमा नेपालले स्कटल्यान्डसँग खेल्नेछ। यस सिरिजमा नेपालले आफ्नो अन्तिम खेल अमेरिकाविरुद्ध ८ जेठमा खेल्नेछ।

## सातौँ स्थानमा नेपाल

रोहितकुमार पौडेलको कप्तानीमा रहेको नेपालले आइसिसी विश्वकप लिग २ मा अहिलेसम्म खराब प्रदर्शन गरेको छ। नेपालले लिग २ मा २० खेल खेल्दा केवल पाँच जित निकालेको छ। १२ अंक जोडेको नेपाल अंकतालिकाको सातौँ स्थानमा छ। नेपालले लिग २ मा १३ खेल गुमाएको छ। लिग २ सिरिजमा नेपालले नेदरल्यान्ड्सलाई तीनपटक हराएको छ। यसैगरी, स्कटल्यान्डमाथि पनि नेपालले दुई खेलमा पराजित गरेको छ। सिरिजमा नेपाल ओमानबिचको एक खेल रद्द हुँदा एक-एक अंक बाँडिएको थियो। यसैगरी, नेपालले स्कटल्यान्डसँग एक खेलमा एक अंक बटुलेको थियो।

नेपाल भ्रमण गर्न लागेको युएई अंकतालिकाको पुछारमा छ। युएईले २० खेलमा पाँच जित र १५ हार सामना गरी १० अंक जोडेको छ। नेपालले विश्वकप लिगमा लगातार ६ खेल गुमाउँदा अंकतालिकामा दरिलो उपस्थिति जनाउन नसकेको हो। लिगको सुरुवातमै नेपालले लगातार चार खेल गुमाएको थियो। नेपालले नेदरल्यान्ड्सलाई हराएर खाता खोलेको थियो। सन् २०२५ को १० जुनमा नेपालले नेदरल्यान्ड्समाथि १६ रनको जित निकालेको थियो। त्यसवेला नेपालले चारमध्ये तीन खेल जित निकाल्यो। त्यसपछि भने नेपालको प्रदर्शन खस्कँदै गयो।

## अमेरिका शीर्ष स्थानमा

विश्वकप लिग २ मा अमेरिका शीर्ष स्थानमा रहँदै एकदिवसीय विश्वकप ग्लोबल छनोटको आधार बलियो बनाएको छ। अमेरिकाले अहिलेसम्म २४ खेलमा सर्वाधिक १८ जित निकालेर ३६ अंक जोडेको छ। युरोपियन राष्ट्र स्कटल्यान्डले २६ खेलमा ३२ अंक जोडेर दोस्रो स्थान बलियो बनाएको छ। स्कटल्यान्डले अहिलेसम्म १३ खेलमा जित निकालेको छ। अर्को युरोपियन राष्ट्र नेदरल्यान्ड्स तेस्रो स्थानमा रहेको छ।

नेदरल्यान्ड्सले २४ खेलमा १३ जित निकाली २८ अंक हात पारेको छ। नेपाल भ्रमणमा रहेको ओमान अंकतालिकाको चौथो स्थानमा छ। ओमानले २२ खेलमा १२ जित र सात हार सामना गरी २७ अंक हात पारेको छ। आगामी एकदिवसीय विश्वकपको ग्लोबल छनोट स्थान सुरक्षित गर्न कम्तीमा नेपालले विश्वकप लिग २ को शीर्ष तीनभित्र समावेश हुनुपर्नेछ। शीर्ष पाँचभन्दा बाहिरका राष्ट्रहरूको एकदिवसीय मान्यता गुम्नेछ।

**अंकतालिका**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| अमेरिका | २४ | १८ | ६ | ३६ | ०.९३ |
| स्कटल्यान्ड | २६ | १३ | ७ | ३२ | ०.९२ |
| नेदरल्यान्ड्स | २४ | १३ | ९ | २८ | ०.१६ |
| ओमान | २२ | १२ | ७ | २७ | ०.०६ |
| क्यानडा | २४ | ९ | १२ | २१ | -०.२० |
| नामिबिया | २६ | ९ | १५ | २० | -०.४८ |
| नेपाल | २० | ५ | १३ | १२ | -०.२८ |
| युएई | २० | ५ | १५ | १० | -१.२४ |

# एरिकाले करौँते वान प्रिमियर लिग खेल्ने

चीनको लेसनमा १० देखि १२ अप्रिलसम्म हुने डब्लुकेएफ करौँते वान प्रिमियर लिगमा एरिका गुरुङले ६८ केजीमाथि तौल समूहमा प्रतिस्पर्धा गर्ने



**नयाँ पत्रिका**

एरिका गुरुङले चीनको लेसनमा हुने डब्लुकेएफ करौँते वान प्रिमियर लिगमा प्रतिस्पर्धा गर्ने भएकी छिन्। नेपाललाई विभिन्न अन्तर्राष्ट्रिय करौँते प्रतियोगितामा ऐतिहासिक प्रदर्शनसँगै पदक दिलाएकी एरिकाले लेसनमा १० देखि १२ अप्रिलसम्म आयोजना हुने डब्लुकेएफ करौँते वान प्रिमियर लिगमा ६८ केजीमाथि तौल समूहमा प्रतिस्पर्धा गर्ने प्रशिक्षक कुशल श्रेष्ठले बताए। गत जनवरीमा टर्कीको इस्तानबुलमा भएको प्रिमियर लिगमा एरिकाले ऐतिहासिक रजत पदक जितेकी थिइन्। प्रिमियर लिग वर्षमा चारपटक विभिन्न राष्ट्रले आयोजना गर्छन्।

राष्ट्रिय करौँते टोलीका प्रशिक्षक कुशलले विश्व वरीयताको कुमते विधामा एरिका ११औँ स्थानमा छिन्। सन् २०२६ को उपलब्धिका आधारमा एरिका चौथो वरीयतामा रहेकी छिन्। चीनमा जाने नेपाल करौँते टोलीलाई मंगलबार राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहता र नेपाल करौँते महासंघका महासचिव दावा गुरुङले बिदाइ गरेका छन्। सदस्यसचिव मेहताले पदक जितेबापत खेलाडीले प्राप्त गर्न नसकेको नगद पुरस्कारका लागि पहल गरिरहेको बताए।

'विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेबापतको खेलाडीले पाउन नसकेको नगद पुरस्कारका लागि गम्भीर भएर सम्बन्धित निकायमा पहल गरिरहेको छु,' मेहताले भने, 'खेलकुदमन्त्रीसमक्ष पनि पेस गरिएको तत्काल गर्नुपर्ने १८ कार्यमध्ये मैले खेलाडीको पुरस्कारलाई पहिलो नम्बरमा राखेको थिएँ।' राखेपले यसै आर्थिक वर्षमा खेलाडीहरूले पाउन नसकेको रकम दिलाउने प्रयास गर्ने उनले बताए। 'यही आर्थिक वर्षमा दिलाउने प्रयास हुनेछ। यसमा मन्त्रालय सकारात्मक देखिएको छ।'

## आठ इभेन्ट्समा १७ जित

तीन वर्षयता एरिका उत्कृष्ट फर्ममा रहँदै अन्तर्राष्ट्रिय करौँते प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै आइरहेकी छिन्। विश्व करौँते महासंघको तथ्यांकअनुसार उनले यस सिजनमा आठ विभिन्न अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाएकी छिन्। जसमध्ये उनले १७ जित र सात हारको सामना गरेकी छिन्। समग्रमा एरिकाको जित प्रतिशत ७०.८३ रहेको छ। उनले विपक्षी खेलाडीविरुद्ध ११७-५९ को स्कोर गरेकी छिन्। एरिकाको युकोमा ८०.७७ र वाजारियोमा १०.२६ प्रतिशत जित रहेको छ।

एरिकाले इपोनमा ८.९७ प्रतिशत जित निकालेकी छिन्। विश्व वरीयताको ११औँ स्थानमा रहँदा उनले २१४५ अंक बटुलेकी छिन्। उनले गत जनवरीमा टर्कीमा भएको करौँते वान प्रिमियर लिगमा दोस्रो स्थान पाएकी थिइन्। गत वर्ष नोभेम्बरमा भएको करौँते विश्व च्याम्पियनसिपमा एरिकाले १२औँ स्थान हात पारेकी थिइन्। गत वर्षकै अक्टोबरमा मलेसियामा सम्पन्न करौँते सिरिज १ मा उनले पहिलोपटक मुलुकलाई स्वर्णपदक दिलाएकी थिइन्। यसैगरी, गत वर्षको मेमा भएको करौँते १ प्रिमियर लिगमा उनले नेपाललाई कांस्य दिलाएकी थिइन्। सो प्रतियोगितामा उनले ५७० वरीयता अंक बटुलेकी थिइन्।

## एरिकालाई सुराई दोको प्रायोजन

जापानको करौँते ड्रेस उत्पादन कम्पनी सुराई दोले ऐतिहासिक पदक विजेता करौँते खेलाडी एरिका गुरुङलाई औपचारिक रूपमा करौँते खेल सामग्री प्रायोजन गरेको छ। कम्पनीमार्फत यस्तो अवसर प्राप्त गर्ने उनी पहिलो नेपाली खेलाडी बनेकी छिन्। यो सम्झौता दुई वर्षका लागि कायम रहनेछ। यसप्रकारको अन्तर्राष्ट्रिय सहयोगले खेलाडीको मनोबल उच्च बनाउने र प्रदर्शनमा सकारात्मक प्रभाव पार्ने प्रशिक्षक कुशलले बताए। 'विश्व चर्चित ब्रान्डले नेपाली खेलाडीलाई प्रायोजन गर्नु नेपाली करौँते क्षेत्रका लागि महत्त्वपूर्ण उपलब्धि हो, यसले हाम्रा खेलाडीप्रति अन्तर्राष्ट्रिय ब्रान्डको चासो बढ्ने विश्वास छ।'

# प्रीतिले क्याम्बोडियन महिला लिग खेल्ने

**नयाँ पत्रिका**



नेपाल महिला राष्ट्रिय फुटबल टोलीकी मिडफिल्डर प्रीति राईले क्याम्बोडियन महिला लिग खेल्ने भएकी छिन्। प्रीतिले प्रेह खान रिच स्वाय रिएङ एफसीसँग सम्झौता गरेको जनाएकी छिन्। प्रेह खान रिच सन् २०२० मा सुरु भएको क्याम्बोडियन महिला लिगको पहिलो संस्करणका संयुक्त विजेता हो। क्लबले कम्बोडियाको शीर्ष डिभिजनको लिग कम्बोडियन महिला लिग खेल्छ। लिगमा आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्।

प्रीति यसअघि जोर्डनको लिगमा इतिहाद क्लबमा आबद्ध थिइन्। उनको यो तेस्रो विदेशी क्लब हो। यसअघि उनले इतिहादबाहेक भारतको किक स्टार्ट्स क्लबबाट पनि इन्डियन महिला लिग खेलेकी थिइन्। इतिहादमा एक सिजन बिताएकी उनले एक गोलसमेत गरेकी थिइन्। इतिहादमा रहँदा उनले महिला प्रो-लिग र जोर्डन महिला कप दुवै उपाधि जितेकी थिइन्। नेपाली महिला टोलीमा प्राविधिक खेलका लागि परिचित प्रीति परिचित छिन्। सन् २०२१ मा नेपाली राष्ट्रिय टोलीमा १६ वर्षको उमेरमा डेब्यु गरेर गोलसमेत गरेकी प्रीति घरेलु फुटबल एपिएफ क्लबबाट खेल्छिन्। नेपाली राष्ट्रिय टोलीबाट उनले २१ खेलमा पाँच गोल गरेकी छिन्। सन् २०२४ को सिजनमा उनले चार तथा सन् २०२१ मा एक अन्तर्राष्ट्रिय गोल गरेकी थिइन्।

# बास्केटबल लिगको फाइनलमा आर्मी

**नयाँ पत्रिका**

विभागीय टोली त्रिभुवन आर्मी क्लब हिमालयन जाभा बास्केटबल लिग २०२६ को फाइनलमा प्रवेश गरेको छ। आर्मीले मंगलबार राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा गोल्डेनगेटमाथि ९०-७१ को रोमाञ्चक जित निकाल्दै अन्तिम दुई स्थान पक्का गरेको हो। लिगको पहिलो क्वालिफायरमा आर्मीले गोल्डनगेटमाथि अन्तिम क्वार्टरमा उत्कृष्ट प्रदर्शन गरेको थियो। आर्मीले यस सिजन गोल्डेनगेटविरुद्ध तीनै खेलमा जित निकालेको छ। यसअघि लिग चरणको दुवै खेलमा आर्मीले गोल्डेनगेटलाई हराएको थियो।

पहिलो क्वालिफायरमा सुरुवाती क्वार्टरसम्म पछि परेको आर्मीले चौथो क्वार्टरमा सानदार प्रदर्शन गर्दै जित हात पारेको हो। गोल्डेनगेटले पहिलो क्वार्टरमा २५-१७ को अग्रता बनाएको थियो। दोस्रो क्वार्टरमा दुवै टोलीले १३-१३ को बराबरी स्कोर गरेका थिए। गोल्डेनगेटले हाफटाइमसम्म ३८-३० को अग्रता बनायो। तेस्रो क्वार्टर पनि २४-२१ को अग्रतासहित गोल्डेनगेट अगाडि बढ्यो। अन्तिम क्वार्टरअघि गोल्डेनगेट ६२-५१ ले अघि थियो। तर, आर्मीले चौथो क्वाटरमा उत्कृष्ट प्रदर्शन गर्दै २९-९ ले आफ्नो पक्षमा राखी समग्रमा ८०-७१ ले खेल जितेको हो।

आर्मीका कप्तान विनोद महर्जन म्यान अफ दी म्याच घोषित भए। आर्मीले शनिबार हुने फाइनलमा स्थान पक्का गर्दा गोल्डेनगेटले भने फाइनल पुग्नका लागि अर्को अवसर पाउनेछ। अब टाइम्स र केभिसी हाउन्ड्सबिच हुने एलिमिनेटरको विजेतासँग गोल्डेनगेटले दोस्रो क्वालिफायर खेल्नेछ।



## लिग चरणमा आर्मी शीर्ष स्थानमा

लिग चरणमा आर्मीले १४ मध्ये १३ खेल जितेर सर्वाधिक २७ अंकसहित शीर्ष स्थानमाथि कब्जा जमाएको थियो। दोस्रो स्थानमा रहेको गोल्डेनगेटले १२ जितका साथ २६ अंक बनाएको थियो। लिग चरणको अन्तिम खेलमा आर्मीले केभिसी हाउन्ड्सलाई पाखा लगाएको थियो। गोल्डेनगेटले टाइम्स बास्केटबल क्लबलाई पराजित गरेको थियो। यो नतिजासँगै आर्मी र गोल्डेनगेटले पहिलो क्वालिफायर खेल्ने पक्का भएको हो। डबल राउन्ड रोबिनका आधारमा भएको लिगमा आर्मी पहिलो चरणमा टाइम्ससँग मात्र पराजित भएको थियो। अन्तिम खेलमा पराजित टाइम्सले १० जित र चार हारबाट २४ अंक जोडेर तेस्रो स्थानमा रह्यो। हाउन्ड्सले ९ जित र ५ हारबाट २३ अंक जोडेर चौथो स्थानमा लिग सकाएको थियो।

## खेल संक्षेप

### फाप्ला मैदानलाई प्राथमिकतामा राखिने

**धनगढी**/ युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सुदूरपश्चिमको महत्त्वाकांक्षी योजना फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्रामलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाइने बताएका छन्। मन्त्री पोखरेलले मंगलबार धनगढी पुगेर फाप्ला क्षेत्रको स्थलगत निरीक्षण गर्दै आयोजनालाई सरकारले विशेष प्राथमिकतामा राखेर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका हुन्। 'यो फाप्ला मैदानको आयोजनालाई सरकारले प्राथमिकतामा राखेर अगाडि बढाउने विश्वास दिलाउँछु,' मन्त्री पोखरेलले भने। निरीक्षणका क्रममा मन्त्री पोखरेलले फाप्ला परियोजनाका लागि आवश्यक जग्गाप्राप्ति, डिपिआर र इआइएलगायतका प्राविधिक प्रक्रिया पूरा भइसकेको उल्लेख गरेका छन्। निरीक्षणका क्रममा समितिका अध्यक्ष सुवास शाहीले मन्त्री पोखरेललाई डिपिआरबारे जानकारी गराएका थिए। मन्त्रीसँगै कैलाली क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद केपी खनाल, क्षेत्र नम्बर ५ बाट निर्वाचित सांसद डा. आनन्दबहादुर चन्दलगायत सहभागी थिए।

### प्रदेशस्तरीय भलिबल आजदेखि

**बुटवल**/ लुम्बिनी प्रदेशको आयोजनामा मुख्यमन्त्री कप प्रदेशस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता बुधबारदेखि दाङमा हुँदै छ। प्रदेश खेलकुद परिषद् लुम्बिनीले प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ। परिषद्का सदस्यसचिव तिरनदाज गौतमले खेल मैदान, व्यवस्थापन, आवास तथा अन्य प्राविधिक तयारी पूरा भएको बताए। प्रत्येक जिल्लाबाट महिला र पुरुष टोली सहभागी हुनेछन्। प्रत्येक टोलीमा १० जना खेलाडी र एकजना प्रशिक्षक रहने व्यवस्था गरिएको छ। विजेताले एक लाख र उपविजेताले ६५ हजार रुपैयाँ पाउनेछन्। तेस्रो हुने टोलीले ३५ हजार र चौथो स्थानमा रहने टोलीले १५ हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीलाई १० हजार तथा उत्कृष्ट पाँच विधाका खेलाडीलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरिनेछ।

### बागमती टेबलटेनिसमा शाक्य

**काठमाडौं**/ ललितपुरका नदिमरत्न शाक्यको संयोजकत्वमा बागमती प्रदेश टेबलटेनिस संघ, तदर्थ समिति मंगलबार गठन गरिएको छ। शाक्यको संयोजकत्वमा नौ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष वृजेन्द्रबहादुर हमालले बताए। समितिको सहसंयोजकमा काठमाडौंका रक्त मानन्धर र ललितपुरकी रजना जोशी, सचिवमा भक्तपुरका प्रेम खर्बुजा तथा कोषाध्यक्षमा ललितपुरका सुरज बज्राचार्य चयन भएका छन्। सदस्यमा काभ्रेपलाञ्चोकका विशालविक्रम कायस्थ र दीपकप्रसाद थपलिया, ललितपुरका धनबहादुर महर्जन तथा चितवनका प्राचीन श्रेष्ठ छन्।

### क्रस च्याम्पियनसिपमा ६१ राइडरले भाग लिने

**कास्की**/ साहसिक खेल एक्स्ट्रिम मोटो एन्डुरो क्रस च्याम्पियनसिपमा ६१ राईडरले प्रतिस्पर्धा गर्ने भएका छन्। एड्भेन्चर स्पोर्टस् हब नेपालको आयोजनामा हुने च्याम्पियनसिप २७ र २८ चैतमा पोखरा महानगरपालिका वडा २३ मा हुनेछ। बाम्दी क्षेत्रमा हुने ४.८ किलोमिटर लामो विशेष ट्र्याकमा पुरुष र महिला प्रतिस्पर्धीहरूले भाग लिने रेसका निर्देशक जगत धैलीले जानकारी दिए। प्रतिस्पर्धीहरूले डर्ट बाइक (अफ-रोड मोटरसाइकल) प्रयोग गरी प्रतिस्पर्धा गर्ने च्याम्पियनसिपका लागि अभ्यास तथा ट्र्याक परीक्षण २ चैतदेखि भएको धैलीले बताए। पहिलो हुनेले एक लाख ५० हजार र उपविजेताले एक लाख पाउनेछन्। यसैगरी, तेस्रो स्थानमा रहने राइडरले ५० हजार रुपैयाँ पाउनेछन्।

# इकबाल बंगलादेश क्रिकेट बोर्डका नयाँ अध्यक्ष

सरकारले निर्वाचित बंगलादेश क्रिकेट बोर्ड भंग गर्दै पूर्वक्रिकेटर तमिम इकबाललाई बनायो अध्यक्ष

**एजेन्सी**

बंगलादेश सरकारले बंगलादेश क्रिकेट बोर्ड (बिसिबी) को वर्तमान कार्यसमिति भंग गर्दै पूर्वक्रिकेटर तमिम इकबाललाई नयाँ अध्यक्ष नियुक्त गरेको छ। अमिनुल इस्लाम नेतृत्वको बोर्डलाई निर्वाचनमा अनियमितता भेटिएपछि पाँचसदस्यीय छानबिन समितिको सिफारिसपछि हटाइएको बंगलादेशी एजेन्सीले जनाएको छ। नयाँ अध्यक्ष इकबालले ११ सदस्यीय एड हक समितिको नेतृत्व गर्नेछन्। गत अक्टोबरमा बंगलादेश क्रिकेट संघको निर्वाचन भएको थियो। निर्वाचनको क्रममा विभिन्न आर्थिक अनियमितता प्रमाणित भएपछि मंगलबार सरकारले अमिनुल इस्लामको बोर्ड भंग गर्दै इक्बाललाई जिम्मेवारी दिइएको हो।

सरकारले नै निर्वाचनपछि पाँचसदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिले निर्वाचित बोर्ड भंग हुनुपर्ने र नयाँ कमिटी बन्नुपर्ने सिफारिस गरेको थियो। सिफारिसकै आधारमा सरकारले यस्तो कदम चालेको हो।

३७ वर्षीय इकबाल बोर्डका सबैभन्दा कम उमेरका अध्यक्ष बनेका छन्। इक्बालको नेतृत्वमा रहेको समितिमा पूर्वकप्तान मिन्हाजुल आबेदिन र पूर्वखेलाडी तथा कमेन्टेटर अथर अली खान पनि रहेका छन्। बंगलादेशी सरकारले आफ्नो निर्णयबारेमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)लाई जानकारी गराएको छ। सरकारले क्रिकेट बोर्ड भंग गर्नुको पछाडि सबै प्रमाण आइसिसीलाई बुझाएको छ। आइसिसीले तत्काल कुनै प्रतिक्रिया दिएको छैन। नयाँ अध्यक्ष इकबालले सरकारको निर्णयलाई आइसिसीले समर्थन गर्ने अपेक्षा राखेका छन्। इकबालले टेस्टमा ७० खेलमा पाँच हजार एक सय ३४ रन तथा एकदिवसीय खेलमा आठ हजार ३ सय ५७ रन जोडे। उनले २४३ एकदिवसीय खेलमा ७८.५२ को स्ट्राइक रेट राखेका थिए। टेस्टमा उनको व्यक्तिगत सर्वाधिक २०६ रन तथा एकदिवसीयमा १५८ रन थियो।



## ९० दिनमा चुनाव गर्नुपर्ने

सरकारले क्रिकेट बोर्डभित्र विवाद बढ्दै गएकाले हस्तक्षेप गरेको हो। उसले निर्वाचनको वैधतामाथि प्रश्न उठाउँदै छानबिन कमिटी गठन गऱ्यो। यसक्रममा बोर्डभित्र विभिन्न कमिटीका निर्देशकहरूले राजीनामा दिएका थिए। बोर्डबाट बाहिरिएका निर्देशक तथा अन्य सदस्यहरूले निर्वाचनको क्रममा आर्थिक अनियमितता भएको बताएका थिए। इकबालको अध्यक्षमा रहेको बोर्डले अब ९० दिनभित्र निर्वाचन गर्नुपर्ने निर्देशन सरकारले दिएको छ। यो एड हक कमिटीले त्यहाँको राष्ट्रिय खेलकुद परिषद्सँग सहकार्य गर्नेछ।

एड हक समितिले अघिल्लो निर्वाचनमा भएका सबै घटनाको प्रतिवेदन तयार पार्नुपर्ने हुन्छ। क्रिकेट बोर्डभित्रका सबै नराम्रा पक्ष हटाउँदै निर्वाचन गर्ने अधिकार पाएको इकबालले बताए। 'हामीलाई दिइएको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्छौं। तीन महिनाको अवधिमा निर्वाचन पनि हुनेछ,' उनले भने, 'यो कमिटीको उद्देश्य नै बोर्डका नियमित कामकाज सहज बनाउनु हो।' अमिनुल इस्लाम नेतृत्वको बोर्डले एउटा गलत निर्णय लिँदा बंगलादेशले गत महिना भारत र श्रीलंकाले आयोजना गरेको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता गुमाएको ठहर पनि गरेको छ। इन्डियन प्रिमियर लिग (आइपिएल) को फ्रेन्चाइज टोली कोलकाता नाइट राइडर्सले बंगलादेश फास्ट बलर मुस्तफिजुर रहमानलाई हटाएपछि बंगलादेश बोर्डले विश्वकप बहिष्कार गरेको थियो। आइसिसीले बंगलादेशलाई बारम्बार चेतावनी दिँदा पनि नखेल्ने अडान राखेपछि उसको स्थानमा स्कटल्यान्डलाई विश्वकपमा स्थान दिएको थियो। अब यो घटनाको पनि छानबिन हुने भएको छ।

## एकैपटक ६ निर्देशकले दिए राजीनामा

आइसिसी टी-२० विश्वकपअघि देखिइएको विवादपछि बंगलादेश क्रिकेट बोर्डमा कार्यरत विभिन्न जिम्मेवारी पाएका निर्देशकहरूले राजीनामा दिएका थिए। राष्ट्रिय खेलकुद परिषद्ले विश्वकपमा बंगलादेशले बहिष्कार गर्नुको कारण माग गरेको थियो। एक महिनाभित्र स्पष्टीकरण नबुझाउँदा बोर्ड खारेज गर्ने परिषद्ले चेतावनी दिएको थियो। तर, तत्कालीन अध्यक्ष इस्लामले केही पनि प्रतिक्रिया दिएनन्। सरकारले क्रिकेट बोर्डमा नयाँ अध्यक्ष बनाएपछि आइसिसीले तेस्रो पक्षको हस्तक्षेप भन्न सक्छ। यस्तो अवस्थामा बंगलादेशमाथि आइसिसीको प्रतिबन्धसमेत हुन सक्ने सम्भावना छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com